साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ८२, कार्तिक-पौष २०७५

(प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत साहित्यिक पत्रिका)

**सम्पादक/प्रकाशक**

नवराज रिजाल

**सह-सम्पादक**

प्रमोद पाण्डे

**व्यवस्थापक**

गणेशराज रिजाल

**कानुनी परामर्श**

अधिवक्ता रामकृष्ण काफ्ले

**आवरण**

राजेश मानन्धर

**लेआउट**

डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**

इमेज प्रिन्टर्स
चावहिल, काठमाडौं

**सहयात्री**

निर्मोही व्यास
राममणि दुवाडी
दामोदर पुडासैनी 'किशोर'
भारद्वाज मित्र
शिव अधिकारी
सहदेव रेग्मी
आरएम डंगोल
गगनदीप सर्व
डा. पुष्करराज भट्ट
हृदयनारायण चौधरी
मधुसुदन चौधरी
सुनिल कुमार
हरिदेव खरेल
मिलन समीर
हेमराज अधिकारी
समिर पाखिन
वैरागी जेठा
शेखर कार्की
रमेश कडेल
होमराज श्रेष्ठ
अप्सरा पुडासैनी
राम खनाल
जज अधिकारी

मूल्य : ५० ।-

कार्यालयः स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, फोन नं.: ९८५५०२४९५५
काठमाडौं सम्पर्कः पो.ब.नं. ९१०९, काठमाडौं, फोन नं. : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com

## नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी, धोबिघाट–ललितपुर
२. विश्वराज अधिकारी, वीरगञ्ज–पर्सा
३. रुकु कार्की, हेटौंडा–मकवानपुर
४. रामप्रसाद अधिकारी, सिमरा–बारा
५. डा. ध्रुवकुमार घिमिरे, निजगढ–बारा
६. वीणा पोखरेल, इमाडोल–ललितपुर
७. पीताम्बरा 'पीयूष', कलङ्की–काठमाडौं
८. ललिता दोषी, बुद्धनगर–काठमाडौं
९. डा. सुषमा आचार्य, मानभवन–ललितपुर
१०. निर्दोषकुमार, स्वाभिमानबस्ती–बारा
११. भद्रकुमारी घले, मैतीदेवी–काठमाडौं
१२. हरिप्रसाद पाण्डेय, बालाजु–काठमाडौं
१३. वासुदेव अधिकारी, सुनौलाबजार–धादिङ
१४. दीपेन्द्रसिंह थापा, महादेवस्थान–धादिङ
१५. ईशा शाह, पकनाजोल–काठमाडौं
१६. भगीरथ मिश्र, दमक–झापा
१७. लक्ष्मी शर्मा, बालाजु–काठमाडौं
१८. शर्मिला खड्का दाहाल, इटहरी–सुनसरी
१९. अनन्तप्रसाद वाग्ले, बासडोल–काभ्रे
२०. छविरमण सिलवाल, मेथिनकोट–काभ्रे
२१. अर्जुन पाण्डे, जीवनपुर–धादिङ
२२. कार्तिकेय घिमिरे, हरिवन–सर्लाही
२३. पाण्डवराज कार्की, हर्नामाडी–मकवानपुर
२४. राजनप्रसाद सिलवाल, छत्रेदेउराली–धादिङ
२५. गंगा कर्माचार्य पौडेल, कपन–काठमाडौं
२६. वासुदेव श्रेष्ठ, जीवनपुर–धादिङ
२७. केशव रुपाखेती, जीवनपुर–धादिङ
२८. निमायादेवी कायस्थ, बन्दीपुर–तनहूँ
२९. बाबुरामप्रसाद पौडेल, पौराइ–रौतहट
३०. तारा अनुरागी, घैलाडुबा–झापा
३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, पटौटी–अर्घाखाँची
३२. रमेशमोहन अधिकारी, चन्द्रपुर–रौतहट
३३. यशु श्रेष्ठ, चन्द्रपुर–रौतहट
३४. गणेशराज रिजाल, स्वाभिमानवस्ती–बारा
३५. विद्याप्रसाद घिमिरे, लैंनचौर–काठमाडौं
३६. बाबुराम लम्साल, किहुँ–तनहूँ
३७. प्रा.डा. कपिल लामिछाने, भैरहवा–रुपन्देही
३८. तेजप्रकाश श्रेष्ठ, थानकोट–काठमाडौं
३९. भक्त कार्की, पुलाचौर–म्याग्दी
४०. दीपबहादुर केसी, कोपवा–कपिलवस्तु
४१. राममणि पोखरेल, गाइघाट–उदयपुर
४२. सौरभकिरण श्रेष्ठ, कुलेश्वर–काठमाडौं
४३. खगप्रसाद अर्याल, नलाङ–धादिङ
४४. नारायण क्षेत्री, डुमरवाना–बारा
४५. मञ्जु सेढाई, जीवनपुर–धादिङ
४६. रमेश समर्थन, भैरहवा– रुपन्देही
४७. रामकृष्ण काफ्ले, सपही– बारा
४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा
४९. विजय चालिसे, आरुबारी, काठमाडौं
५०. जयन्ती स्पन्दन, मिनभवन, काठमाडौं
५१. जनार्दन खनाल, छतिवन–मकवानपुर
५२. अच्यूत रिजाल, छत्रेदेउराली, धादिङ
५३. पूर्णबहादुर थापा, जीवनपुर धादिङ
५४. राम विनय, कुलेश्वर, काठमाडौं
५५. भगवती अधिकारी, सुनौलोबजार, धादिङ
५६. घनश्याम अधिकारी, केवलपुर धादिङ
५७. प्रमोद प्रधान, विराटनगर, मोरङ
५८. जय छाङ्छा, पौवादुम्मा, भोजपुर
५९. प्रमोद पाण्डे, तेमाल, काभ्रे
६०. युद्ध न्यौपाने, धुनिबेसी, धादिङ
६१. अच्यूत शर्मा, छत्रेदेउराली, धादिङ
६२. प्रदीप प्रधान, बुटवल, रुपन्देही
६३. सीताराम उप्रेती, काँकडभिट्टा, झापा
६४. दुर्गाप्रसाद काफ्ले, गाईघाट, उदयपुर
६५. कृष्ण खड्का, धुनिबेसी, धादिङ
६६. गीता अधिकारी, बालाजु, काठमाडौं
६७. रश्मी असफल, शनिश्चरे, झापा
६८. समीर पाख्रिन, निजगढ, बारा

## अनुरोध/जानकारी

- भाषा, साहित्य, कला र संस्कृतिको उत्थानप्रति सचेत,
- सम्भव भएसम्म साहित्यका विविध विधाको उपस्थिति,
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनालाई सधैं स्वागत,
- शुद्ध प्रिती फन्टमा टाइप गरेर पठाएका रचना स्वीकार्य,
- छायाँ छविका साथ रचनामा नाम, ठेगाना र परिचय स्पष्ट लेख्न आग्रह,
- प्रकाशनार्थ प्रेषित रचना चार अङ्कभित्र अप्रकाशित भए त्यो अस्वीकार्य ठहरिने,
- रचना स्वीकृत–अस्वीकृत र काँटछाँटको अधिकार सम्पादक मण्डलमा निहीत,

## सम्पादकीय

लेखनाथ पौडेल नेपाली साहित्यिक आकाशका विशिष्ट प्रतिभा हुन् ।

उनको जन्म वि.सं. १९४१ सालको पौषमा कास्की जिल्लाको अर्घौंअर्चले गाउँमा भएको थियो । नेपाली भाषा साहित्यका तीन मनिषिहरूमा उनी एक मानिन्छन् । आजीवन नेपाली भाषा साहित्यको सेवामा सक्रिय उनलाई वि.सं. २००८ मा कवि शिरोमणिको उपाधिले विभुषित गरिएको थियो भने वि.सं. २०११ मा उनको ऐतिहासिक सार्वजनिक रथ यात्रा गरिएको थियो । उनको वि.सं. २०२२ साल फागुन ८ मा निधन भयो ।

ऋतुविचार (१९७३), बुद्धिविनोद (१९७३), सत्यकली संवाद (१९७६), गीताञ्जली (१९८६), सत्यस्मृति (२००९) र मेरो राम (२०११) उनका खण्डकाव्य कृतिहरू हुन् । लालित्य भाग १ (२०१०), लालित्य भाग २ (२०२७), कवि शिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता (२०४१) र लेखनाथका प्रमुख कविता (२०४६) उनका कविता सङ्ग्रहहरू हुन् । वि.सं. २०१० मा प्रकाशित तरूण-तपसी उनको नव्यकाव्य हो, यस कृतिलाई कसै कसैले महाकाव्य पनि भनेका छन् । परिष्कारवादी धाराका कवि लेखनाथलाई वि.सं.२०२६ मा मरणोप्रान्त त्रिभुवन प्रज्ञा पुरस्कार प्रदान गरिएको थियो ।

उनको आगमन पूर्व माध्यमिक कालीन बाटोबाट नेपाली साहित्य हिंडिरहेको थियो । साहित्यले समाजलाई खासै दिशानिर्देश गर्न सकिरहेको थिएन । संसार उर्जाशील, गतिशील र प्रगतिशील बाटो हिंडिरहेको थियो तर हामी जहाँको त्यहीँ उभिएर गन्तव्यहीनतामा रमाइरहेका थियौं । यही समयमा उनी सशक्त कविका रूपमा प्रस्तुत भए । अर्थात् ऋतुविचार कविता मार्फत् आधुनिकता बोकेर उनी उदाए ।

नेपाली साहित्यमा नाटक, आख्यान, निबन्ध र कवितामध्ये सबैभन्दा पहिला आधुनिकता कविता विधामा भित्रिएको हो । त्यसको नेतृत्व उनले गरे । तसर्थ कविता विधामा आधुनिकता भित्र्याउने श्रेय उनैलाई छ । नैतिक चेतनाका कविता लेख्ने उनले जीवनको अन्तिम कालसम्म छन्द मार्फत् नेपाली कविताको नेतृत्व गरिरहे ।

बाँचिरहेको वर्तमानको छेको लागेर विगतको मूल्याङ्कन गर्न सकिंदैन । त्यसको मूल्याङ्कन त विगत कै पाटोमा उभिनु पर्ने हुन्छ । वर्तमानको पुच्छर समातेर वैतरणी तर्ने अभिलाषाका साथ अघिल्लो समयको लेखाजोखा गर्दा हामीले आफ्नै अस्तित्वलाई पनि संसयको आँखाले हेर्नु पर्छ र त्यसो गर्नु भनेको आफ्नो खुट्टामा आफैं बञ्चरो प्रहार गर्नु सरह हो ।

उनी आदर्शवादी कवि थिए । नैतिक मूल्यमान्यताको संरक्षणबाट समाजको हित हुन सक्छ भन्ने

उनको सोच थियो । तात्कालीन समाजको राप र ताप बुझेका कारण उनी नैतिकतालाई अगाडि राखेर हिंडे । सर्जक सचेत प्राणी भएका कारण सधैं अग्रगामी सोच राख्छ र यसमा उनी आजीवन प्रतिबद्ध रहे ।

उनका प्रत्येक कविताले सामाजिक उत्थान र मानवीय कल्याणको पक्षमा आवाज उठाएका छन् । उनको कवितामा लोभ, लालच र धोखाधडीमा फस्दै गएको मानव चिन्तनको घोर निन्दा र भत्सर्ना गरिएको छ । हिजो मात्र हैन आज पनि उनका कविता सान्दर्भिक र प्रासङ्गीक छन् । मान्छेको उत्थान र नैतिक मूल्यमान्यताको संवर्धन तथा प्रवर्धन उनको कविताका विषय हुन् जसलाई आज पनि नकार्न सकिन्न । यो नै उनको पहिचान पनि हो ।

नेपाली साहित्य आज निक्कै अगाडि बढिसकेको छ । आजको अवस्थासम्म आइपुग्न यसले सयौं वा हजारौं खुड्किला उक्लियो । यसका निम्ति हज्जारौं हज्जार शुभचिन्तक तथा सर्जकहरूले योगदान गरे । योगदानको क्रम अझै रोकिएको छैन र रोकिने कुरा पनि भएन । किनकि जब नेपाली भाषा साहित्यको अस्तित्व समाप्त हुन्छ तब नेपाली जातिको पहिचान पनि सकिन्छ ।

नेपाली जातिले नेपाल र भारतमा बसेर गरेको त्याग, योगदान र सङ्घर्षले नेपाली भाषा साहित्यलाई यहाँसम्म ल्याइपुऱ्याएको हो ।

अहिले नेपाली जाति संसार भरी छरिएको छ र यसको संवृद्धिमा निम्ति दिनरात खटिरहेको छ । संसारभरबाट नेपाली भाषामा किताब लेखिएर प्रकाशित भैरहेछन् । यसको अर्थ हो नेपाली भाषा साहित्य अझ दर्बिलो बन्दै गइरहेछ ।

नेपाली भाषा साहित्यलाई दर्बिलो जग प्रदान गरी आजको अवस्थासम्म आइपुग्न योगदान गर्ने स्रष्टाहरूको योगदानलाई कतै हामीले भुलिरहेका त छैनौ ? यो ज्वलन्त प्रश्न हो । उनीहरूको नाममा हामीले के गऱ्यौ र के गर्न खोजिरहेका छौं ? यतातिर सोच्नु आवश्यक भैसकेको छ ।

यस्ता धरोहरहरूका बारे मा हामीले कति सोच्यौ ? कति गर्‍यौ ? यो हाम्रो अगाडि उभिएको आजको ज्वलन्त प्रश्न हो । यसर्थ र ाज्यको मुख मात्र नहेरौं । उसले पनि गर्नु त पर्छ यसमा कुनै विमति हुन सक्दैन तर हामी पनि गरौं । हात बाँधेर कहिल्यै नबसौं । हरेकले गर्ने हो भने धेरै हुनसक्छ । सबैले आफूलाई छामौं, बुझौं र हिडौं । यसबाट हाम्रो अवनति होइन उन्नति नै हुन्छ ।

नेपाली साहित्यका विशिष्ट स्रष्टा लेखनाथको जन्मजयन्ती पौष महिनामा पर्छ । नवप्रज्ञापन लेखनाथ लगायत ज्ञात अज्ञात सम्पूर्ण लेखकहरूप्रति हार्दिकता पूर्वक नमन गर्दछ ।

## तपाई यी स्थानबाट नवप्रज्ञापन प्राप्त गर्न सक्नुहुन्छः

| | | |
|---|---|---|
| १. | इलाम पुस्तक पसल- इलाम | - ०२७-५२०४२३ |
| २. | श्रेष्ठ बुक एण्ड न्यूज सेन्टर- दमक, झापा | - ०२३-५८४१२५ |
| ३. | मैनाली पुस्तक भण्डार- विराटनगर, मोरङ | - ०२१-५२१९२६ |
| ४. | मुनाल पुस्तक भण्डार- गाईघाट, उदयपुर | - ०३५-४२०१२५ |
| ५. | सीता नोवल- लाहान, सिराहा | - ०३३-५६००२७ |
| ६. | न्यू परजुना स्टेशनरी- सिन्धुली | - ०४७-५२००२५ |
| ७. | श्रीराम पुस्तक पसल- लालबन्दी, सर्लाही | - ०४६-५०१५८९ |
| ८. | मिलिजुली पुस्तक तथा स्टेश्नरी- मन्थली, रामेछाप | - ०४८-५४००८३ |
| ९. | जे. एन. पुस्तक पसल- मन्थली, रामेछाप | - ०४८-५४००१० |
| १०. | झिगु समाचार पुस्तक केन्द्र- वीरगञ्ज, पर्सा | - ०५१-५२८९१८ |
| ११. | न्यू समाचार केन्द्र- हेटौँडा, मकवानपुर | - ०५७-५२४०५५ |
| १२. | श्री सूचना केन्द्र- हेटौँडा, मकवानपुर | - ०५७-५२१७३७ |
| १३. | नारायणी पुस्तक सदन- नारायणगढ, चितवन | - ०५६-५२१२८० |
| १४. | झरना पुस्तक पसल- बेसीसहर | - ०६६-५२०५१० |
| १५. | त्रिपूरा पुस्तक पसल- धादिङ | - ०१०-५२०१९० |
| १६. | पत्रपत्रिका स्टेशनरी (लालचन्द्र)- बागलुङ | - ०६८-५२०१८४ |
| १७. | सगुन स्टेशनरी स्टोर्स- म्याग्दी- | - ०६९-५२००३५ |
| १८. | सिर्जना स्टेशनरी सेन्टर- वालिङ, स्याङ्जा | -०६३- ४४०३५४ |
| १९. | कञ्चन प ुस्तक पसल- पोखरा, कास्की | - ०६१-५२४४६६ |
| २०. | गोरखापत्र बाजे- पोखरा, कास्की | |
| २१. | श्रेष्ठ न्यूज एजेन्सी पुस्तक भण्डार- तानसेन, पाल्पा | |
| २२. | हाम्रो पुस्तक पसल- भैरहवा, रुपन्देही | - ०७१-५२६५२९ |
| २३. | सिटी बुक एण्ड न्युज सेन्टर- बुटवल, रुपन्देही | -०७१-५४५२३६ |
| २४. | विशाल पुस्तक सदन- बुटवल, रुपन्देही | - ०७१-५४६५५९ |
| २५. | जनता बुक स्टल- घोराही, दाङ | - ०८२-५६०२६९ |
| २६. | न्यू प्रभात पुस्तक पसल- सुर्खेत | - ०८३-५२००७५ |
| २७. | न्यू अर्याल पुस्तक पसल- भुरिगाउँ, वर्दिया | - ०८४-४०३००६ |
| २८. | महाकाली समाचार केन्द्र- महेन्द्रनगर, कञ्चनपुर | |
| २९. | कमल स्टेश्नरी, सिफल | - ९८४११८५४७२ |
| ३०. | न्यू कविना बुक्स, कोटेश्वर | - ४६००१६७ |
| ३१. | कवि स्टेश्नरी, मण्डिखाटार | - ९८४१३१३२९३ |
| ३२. | मञ्जुश्री बुक्स, नयाँ बानेश्वर | - ४४८५३०२ |
| ३३. | न्यू विएन बुक्स, चाबेल | - ९८४१३७०७५० |
| ३४. | ध्रुव बुक्स, डिल्लीबजार | - ४४३३२०१ |
| ३५. | टङ्केश्वर इन्टरप्राइजेज, कालिमाटी | - ४६७०३६२ |
| ३६. | विधा बुक्स बौद्ध | - ४९१६६८४ |
| ३७. | बौद्ध बुक्स बौद्ध | - ४९१६५५८ |
| ३८. | पुस्तक सेन्टर अद्वैतमार्ग पुतलीसडक | - ४२६६७८० |
| ३९. | पाठ्य सामाग्री पसल, जामे मस्जिद घण्टाघर | - |
| ४०. | हिमालयन बुक सेन्टर, बागबजार | - |

# रचनाक्रम


- कथा/लघुकथा
  - – गोपाल अश्क/७
  - – जगदीश प्रसाद 'प्रकज'/१३
  - – जेम्स मिचनर/१७
  - – काशीराम 'विरस'/१९
- समालोचना
  - – प्रा. राजेन्द्र सुवेदी/२०
  - – शालिकराम पौड्याल/२४
  - – डा. पुष्करराज भट्ट/३६
- संस्मरण/लेख
  - – डा. देवी क्षेत्री दुलाल/४१
  - – राममणि पोखरेल/४३
  - – दुर्गाप्रसाद काफ्ले/५०
  - – नन्दलाल आचार्य/५५
  - – शीतल गिरी/५९
- कविता/मुक्तक/गीत/गजल
  - – प्रकट पंगेनी 'शिव'/४९
  - – गुरुप्रसाद कुमाल 'बुलबुल'/५४
  - – किषनजङ्ग कुँवर/५८
  - – दीपेन्द्रसिंह थापा/६२
  - – पूर्ण वैद्य//६२
  - – इन्द्रकुमार विकल्प/६३
- हाम्रो भाषा, हाम्रो साहित्यमा यसपटक बज्जी भाषा
  - – श्याम सहनी 'चन्द्रांशु'/६४
  - – चाँद चञ्चल/६४
  - – संगीता सहनी/६५
  - – रेणु गुप्ता/६५
  - – किशुनदयाल यादव 'श्रीकृष्ण'/६५
  - – केदार राय यादव/६६
  - – विश्वराज अधिकारी/६६
  - – जिसि हरि/६६
  - – सञ्जय मित्र/६७
  - – विक्रान्त शर्मा/६८
- कृति परिक्रमा
  - – प्रतीक्षा रिजाल/६९

# रे के कहनीहार



• गोपाल अश्क

बहुत दिन के बाद ओकरा आपन गाँव जाए के मन कइलस आ ऊ बेयार हो गइल । बहुत दिन कहला के मतलब कवनो एक दू महिना ना, बल्कि पूरा के पूरा आधा जिनिगी । एकर मतलब ई ह कि ऊ आपन आधा जिनिगी गाँव से अलगा कहीं दूर बितवले रहे । अब आधा जिनिगी केकरा के कहल जाए, ई बात सोचे-समझे वाला हो सकता । विशेष तौर से एगो आदमी के अरदोआय अधिक से अधिक सौ बरीस तक के मानल जाला । एह हिसाब से ऊ आपन आधा जिनिगी अर्थात् पचास बरीस तक के अरदोआय शहर में बितवले रहे आ जीवन के आखिरी पडाव में ओकरा आपन गाँव इयाद आइल रहे । गाँव के माटी पुकरले रहे । ऊ बेचैन हो गइल रहे, गाँव जाए खातिर । अब पहिले लेखा मुश्किल ना रहे गाँव गइल । अब त बस आ टेम्पु सब जात रहे गाँव के गोंयडा तक, ऊ ई सुनले रहे । पहिले त पैदले आवे-जाए के पड़े । आ अगर पैदल आवे के स्थिति ना बने सकल, त भारतीय रेल के यात्रा करके आपन शहर आवे के पडे । कबो-कबो त अइसन हो जाए, कि रेल के रास्ता जोहत–जोहत आधा दिन बीत जाए आ पैदल ना गइला के पछतावा होखे लागे । ऊँख के मौसम में टेक्टर चले सन् । ओह मौसम में ओह टेक्टरन के सवारी कइल ज्यादा सुविधाजनक बुझाए । बाकिर जे टेक्टर के सवारी कइले होखी, ओकरे ओकर स्वाद मालूम होई । देह टूट जाला । एक घण्टा के सवारी जे कर लिहल गइल त समझी दू चार दिन के खोराक पूरा हो गइल, देह जंतवाए के । निमन मेहरारू रहल त ओकर कोमल हाथ के स्पर्श के आनन्द मिली, आ ना, अगर जे हरखा रहल त समझ लिही...ज्यादा हम का लिखीं ।

खैर, ऊ अपना गाँव के ओर चल दिहलस् । एक घण्टा के बस के यात्रा करके ऊ आपन गाँव के बगल के एगो दोसर गाँव में पहुँचल । बस ओहिजाने तक जात रहे । ऊ ओहिजा उतरल आ अपना गाँव के ओर पैदल चल दिहलस् । हाथ में एगो हल्का- फुल्का बैग रहे, से चले में कवनो दिक्कत ना भइल । बेरा डूबत–डूबत ऊ अपना गाँव के सड़क पर पहुँच गइल । गाँव के ओर चलल जात रहे । आकेरा सडे–सडे ओकर बीतल समय भी चलल जात रहे । नदी पर के खेत, खेत के बगल में

रहल कालिकामाई के मंदिर, मंदिर के सटले पछिम का ओर के बड़का चुकी खुला चउर, सब नजर आवे लागल आ ओकरा सङे–सङे याद आवे लागल ओकर उहवाँ के बितावल समय। कहीं त लइँकाईं। लइँकाई के समय त बड़ा मजगर होला। गरीबी–अमिरी के अन्तर ओतना मालूम ना होखे। बस ओकरा अपना काम से काम रहेला। कबो ओकरा गइयअन के पीछे–पीछे के चलल इयाद आवे, कबो ओकरा अपना माई के मुड़ी पर गोबर के छैंटी अलगावल इयाद आवे,कबो ओकरा नगिया बहिना के खदेड़ल इयाद आवे त कबो पंडी जी के ई कहल-' रे बबुओ ! ओने से भाग ,ऊ गइया बड़ा मरखाह हिअ, मार दी ' इयाद आवे। एह तरे ऊ इयादन के समन्दर में डूबत-उतरात चलल जात रहे। कुछ दूर गइल होई, ऊ कुछ घँसवारियन के देखलस। ओकरा के ओकनियो का देखलन सँ। ना ऊ ओकनी के चिन्हत रहे, ना ओकनी का ओकरा के चिन्हत रहली सँ। बाकिर ऊ ई जान त गइले रहे कि ओकनी ओकरे गाँव के रहली सँ। काहेकि ओकनियो का ओही गाँव के ओर जात रही सँ। ओकरा से बर्दाश्त ना भइल। ओकरा मन में चिन्हा पर्ची करेके बिचार उठ गइल। ऊ घँसवारियन में से एगोड़ा से पूछलस,' ए बबी ! तहनी का इहे गाँव के हऊ ? हँ। हमनी का इहे गाँव के हईं।' ऊ लड़की जवाब देहलस। 'केकर बेटी हऊ बबी ?' ऊ फेर पूछलस्। 'गोपीचन के।' ऊ बहुत छोट जवाब देहलस। 'कवन गोपीचन ? ऊ पूछलस्। अब एह सवाल के भला ऊ लड़की का जवाब दे। अकचका के ओकरा ओर ताके लागल। ऊ फेर पूछलस्–' काहे नइखू बोलत ? कवन गोपीचन के ? एगो गोपीचन के त हमहूँ चिन्हतानी।' ऊ लड़की कहलस्-'अब रउआ कवन गोपीचन के चिन्हतानी, ई हम का जानीं। बाकिर हम मास्टर गोपीचन के बेटी हईं। ' एतना सुनते ऊ खुशी से लगभग कूदत कहलस्,-'त तूँ ऊ गोपिया के बेटी हई।' ऊ लड़की एसे पहिले ओकरा के देखले ना रहे। ओकरा बड़ा खीस बड़ल, बाकिर उमरदार देखके कुछ ना बोलल। एतने कहलस्,'देखीं, हम नइखीं जानत कि रउआ के हईं आ हमरा बाबूजी के कइसे जानतानीं। बाकिर हमरा बाबूजी के लोग या त मास्टर साहब कहेलें या त गोपीचन्द जी।' ऊ चलत जात रहे आ बोलतो जात रहे। ओकनियो का चलत जात रही सँ, आ ऊ लड़की बोलत जात रहे। ओकरा मन में का जाने के तरे के भाव पैदा भइल कि ऊ तनिका खिंसियात कहलस्,' त ऊ गोपिया, अपना बेटी के पढावल-लिखावल छोड़ा के घास गन्हवावता !' अब देखीं ! हमरा से बर्दाश्त ना होई। हम कहतानीं नू कि ......।' ओह लड़की के बात सुनके ऊ तनिका सतर्क भइल। ऊ कहलस, ' अच्छा–अच्छा ! अब हम गोपिया ना कहब, मास्टर साहब कहब। ई बताव कि तहर बाबूजी तहरा के पढ़वलस-लिखवलस कि ना ? ' 'काहे ना ? हम पढ़ले-लिखले बानीं। ई त अइसहीं सहेलियन के सङे घास गन्हे आ गइनी हँ।' 'अच्छा ई बताव कि तहर बाबूजी घरे बा कि

ना ?' 'आ गइल होखब ! तनिका मियाज खराब रहल ह, बाजारे गइल रहनी हँ । बाकिर ई बताईं कि रउआ के हईं आ हमरा बाबूजी के बारे में एह तरे काहे बोलतानी आ काहे पूछतानी ?' ऊ लड़की पूछलस ।' अबहीं हम कुछ ना बताएब, बस एतने जान ल कि हम आज तहरे घरे रहब ।' आँय ! ऊ लड़की एतने बोल सकल । अब दूनू जने के बीच के संवाद खत्म हो गइल । दूनू के बीच में चुप्पी छा गइल । एक तरह से अन्तर्संवाद शुरू हो गइल । ऊ लड़की एतना त समझिए गइल रहे कि ई आदमी ओकर बाबूजी के जान पहचान के हउवें । चुपचाप चले लागल ।

एक जगह,ऊ कहलस्,- 'जा ! एहिजा के पीपर के गाछी का हो गइल ? ऊ लड़की ओकरा ओर देखत कहलस्,-'रास्ता के चौड़ा करत खा काट दिहल लोग ।' बाबूजी बड़ा विरोध कइनीं, बाकिर केहू ना मानल । कय दिन ले निमन से खइनी–पियनीं ना । बार–बार इहे कहल कहीं,-' रे चंदा के माई ' ऊ पीपर के गाछ खाली, गाछे ना रहे, हमनी इयारन के छाँह रहे, खेले कूदे के आँगन रहे । जब हमनी का स्कूल से आईं, त घण्टों ओहिजा ओकरे छाँह में बैंठी आ खेलीं । हऊ मदना त ओही पीपर पर चढ़ के खूब झूलवा झूले । एक बेर त बड़ा जोर से गिरल, हाथ टूट गइल ओकर । एक महिना ले स्कूले ना गइल, बाकिर ओहिजा गइल ना छोड़लस् । जब तिजहरिया होखे, ऊ ओह पीपर के गाछ तर चल जाए, ई कहत कि हमर दोस्त गोपिया हमरा के खोजी ।' ऊ ओह लड़की के आँख में एह तरे देखलस, मानी ऊ आपन दोस्त गोपीचन के आँख में देखत होखे । ऊ लड़की भी अबकिरवा ना डेराइल ना सकुचाइल । ओकरा मन में ई भाव जागल कि हो ना हो ई आदमी हमर बाबूजी के लँगौटिया दोस्त मदन हउवें । बाकिर पूछे के हिम्मत ना कइलस । फेर ओह दूनू का बीच चुप्पी पसर गइल । तनिके देर के बाद एगो दूबटिया तर पहुँच के ऊ थथम गइल, आवाज फूटल,-' जा ! एहिजा के जामून के गछिया का हो गइल । हई देख, इमलियो के गाछ नइखे । सब का हो गइलें सँ हो ।' ओकर आवाज हवा में छितरा गइल । ऊ लड़की अब समझ गइल कि ई आदमी मदन हउवें । काहे से कि एह पीपर, जामून आ इमली के गाछ के बारे में अबहियों कह–कह के ओकर बाबूजी व्यग्र हो जालें आ सङे-सङे आपन दोस्त के बारे में ई कह-कह के,-'का जाने मदना के का हो गइल, कहाँ जा के लूका गइल, जिन्दो बा कि ना ? रोवे लागेलें । अब ऊहो ओह लड़की के लगभग पहचान गइल रहे आ ऊ लड़कियो ओकरा के चिन्ह गइल रहे बाकिर दूनू गोड़ा में कवनो एह बात के उजागर ना कइलें । बस एही तरे चलत गइलें.....चिन्हार सङे के एगो अनचन्हिार यात्रा । कुछ ही देर में गाँव में पइस गइलें ।

गदबेर के बेरा । गइयन के झूंड गाँव में चलल जात रहे । ओकरा पीछे चरवाहा रहले सन् । सड़क पर के धूरा आकाश में छितराइल रहे । गर्मी के दिन रहे । लोग अपना काम–धाम

में लागल रहे । ऊ लड़की जान बूझ के तनिका पाछा हो गइल । ऊ ई देखे के चाहत रहे कि ई आदमी ओकरा घरे का ओर जाता कि ना ? ऊ चलल जात रहे । एगो इनार का लगे खड़िया के पीछा तकलस् आ कहलस्-' रे बबी ! तूँ काहे पिछुआ गइली ? आव, जल्दी आव ।' 'हम ई जाने के चाहत रहनी  हँ कि रास्ता भर हमरा के आपन सवालन से पागल करे वाला आ हमरा के चिन्ह के भी ना चिन्हे वाला ई आदमी कहीं हमर मदन काका त ना हउवें ।' ऊ मुस्किया देलस, लड़कियो हँस देलस् । अब एगो रिश्ता कायम हो गइल  रहे—काका-भतीजी के । अपनापन के लहर दौड़ गइल रहे । ऊ घर के सामने खड़िया के चिलइलस,-'गोपिया ! रे गोपिया ! ऊ लड़की ओकरा पीछा खड़िया के हँसत रहे ।

- नइखे सुनात का रे ? ' ओकर आवाज गूँज गइल ।

- के हईं ? आ एह तरे काहे बोलतानी ? भीतर से एगो जनानी आवाज सुनाई दिहल ।

- ओकरा के कहीं त, ऊ बाहर निकलो । अबहियों ओकर लइँकाईं के आदत गइल नइखे । चिल्लात-चिल्लात कंठ सूख जाए, तब जा के ऊ बाहर निकले ।

- के ह हो आ एह तरे का बोलत बाड़ ? एह तरे पुकारे वाला लगभग सभे ओरा गइल । एगोड़ा का जाने कहाँ भूला गइल बा । हमरा के रे कहे वाला अब केहू  जिन्दा नइखे । सभे मर-खप गइल । अबकिरवा गोपीचन के आवाज आइल । आ उहो बाहर निकलल । आँख पर चश्मा लाग गइल रहे । सारा का सारा केश उजर हो गइल रहे । दुब्बर—पातर त पहिलहीं से रहल । बाकिर चेहरा पर अब ऊ रौनक ना रहे । उमीर के तकाजा रहे । देखते लागे कि बूढ़ा गइल बा । एगो गंजी आ साफ मरदानी पहिरले ऊ सामने खड़िया गइल । सामने चिन्हल—चिन्हल लेखा आदमी के देख के तनिका भटभटात बोललस्,—' हमरा लागता कि हम अपने के चिन्हतानी  बाकिर ठहिया नइखी ˙ पावत । के हईं रउआ ? आ एह तरे काहे बोलावतानी ?

- हम के हईं ? एतना आदर ! रे गोपिया ! हम तोर मदना हईं रे  ।' एतना कहके ऊ गोपीचन के अपना अँकवारी में भर लेहलस । गोपीचन के आँख से झर—झर लोर चुवे लागल । ऊ कुछो ना बोले सकल, खाली रोअते रहल । बाद में ऊहे बोलल- लइँकाईं के आदत ना गइल । ई रोअइनिया ह जरिए के ।' गोपीचन के घर आँगन में खुशी लहालोट मारे लागल । जब अँकवारी से जी भरल, त गोपीचन अपना मेहरारू के आवाज दिहलें,-'रे चँदा के माई ! अरे कुर्सी  उर्सी लिआव, हमर लँगौटिया इयार आइल बा । बस अब इहे रह गइल बा एह तरे हमरा के 'रे' कहे वाला । ई साला का जाने कहाँ जाके मर-खप गइल रहल ह ? हेतना बरीस हो गइल ,लौट के ना आइल, आ ना चिटि्ठए पतरी भेजलस । कइ बेर शहर गइनीं, एकरा घर तर गइनीं, खाली  इहे पता चलल कि ई केनहूँ पहाड़ में चल गइल बा । एकर बदली हो गइल बा । एह दूनू जने के भरत मिलाप देखके ऊ लड़की

यानी कि चंदा खूब हँसत रहे। अपना बेटी के एह तरे हँसत देख के गोपीचन कहलस्,'का खरहा खानी, खिलखिल हँसताड़ू, आव, अपना मदन काका के गोड़ छू के प्रणाम कर। ईहे ह तहरा बाबूजी के जिन्दा एक मात्र लँगोटिया इयार।' चंदा आके ओकर गोड़ छू के प्रणाम कइलस आ कहलस, -बाबूजी ! इहाँ के त हम पहिलहीं चिन्ह गइल रहनी हँ, आ इहो जान गइल रहनी हँ कि इहों के हमरा के चिन्ह गइल बानी। बाकिर जे तरे इहाँ के सभकुछ जान के भी अन्जान बनल रहनी हँ, हमहूँ सभकुछ जान के अन्जान बनल रहनी हँ। इहाँ के नदी तर के खेत से लेके इहाँ तक के यात्रा में हमर दिमाग खा गइल बानी। हई पीपर का हो गइल, हई जामून आ इमली के गाछ का हो गइल। बाप रे बाप...। शुरू में जब इहाँ के ई कहनीं कि तूँ कवन गोपीचन के बेटी हऊ, गोपिया के , त हमार मन कइलस कि दू चार गो सुना दीं ...बाकिर बाप के उमीर के देख के चुपा गइनीं। अच्छा ही भइल...बापे जइसन त बानी इहाँ का।'

- मतलब, तोनी बाप–बेटी के जान पहचान पहिलहीं हो गइल बा।' गोपीचन हँसत कहलस।

- हँ। अबकिरवा मदन बोलल। एतने में मदन के मेहरारू दूगो कुर्सी लिआ देहली। दूनू जने बइठल लोग। बात जे शुरू भइल, ओराए के नामे ना लेवे। पचास बरीस के बात, एतना जल्दी ओराए भी त कइसे ! सम्भव ना रहे। मदन के मेहरारू आके कहली,-'बस हो गइल, इयार मिल गइनी त घर परिवार सभ कुछ भूला गइनी। चलीं लोगन, अब खाए चलीं....रात हो गइल। सभे केहू खाइल-पिअल। रात बतियाए में ही बीत गइल। एही बातचीत के क्रम में मदन के ई मालूम भइल कि गोपीचन के बेटी बिधवा हो गइल बिआ आ ससुरा से निकाल दिहला के बाद एहिजाने आके रह रहल बिआ। दिनभर स्कूल में पढ़ावेले आ फुर्सत के समय में घर के काम में मदत करेले। बेटा दू बरीस पहिलही मर गइल। पतोह शहर में मास्टरी करेले। आपन बेटा-बेटी के साथ रहेले। छुट्टी आ पर्व त्यौहार में गाँवे आवेले। गाँव में बचल खूचल खेती करा के आ पेंसन से मिले वाला रोपया से जिनिगी चल रहल बा।

००

सबेरे होते ही दूनू इयार गाँव में घूमे चल दिहलें। खास करके मदन के इच्छा रहे कि सारा गाँव घूमे। आपन जन्म–धर्ती के निमन से देखे, सुने। गाँव कुछ मायने में काफी बदल गइल रहे। चौक–चौक पर चाय पान के दोकान खुल गइल रहे। ओह चाय पान के दोकान पर विभिन्न तरह के गीत सुनाइ देत रहे। निमन गीत कम रहे, बाकिर भर्गल गीत ज्यादा रहे। लोग के रहन–सहन बदल गइल रहे। ना गवँही रहे, ना शहरी। गाँव में बिजुली के पहुँच हो गइल रहे। घर–घर में बिजुली जरत रहे। लोडसेडिंग ना भइला पर गाँव रोशनी में नहा जात रहे। आ जब लोडसेडिंग होखे, त गाँव अपन पुरान चेहरा लेके खड़िया जाए। बार्हे बजे तक दूनू इयार गाँव घूमलें, ओकरा बाद घरे अइलें। खाना-पीना भइल।

फेर स्कूल का ओर चल दिहलें। बड़ा गहीर नजर से लोग देखे–निहारे। एक जगहा पर एगो बूढ़िया लउकल। साफा लथर–पथर गइल रहे। पागल हो गइल रहे। मदन ओकरा लगे जाके तनिका निहारत पूछलस्-' रे गोपी! ई कउआहँकनी दादी हिअ का रे?' हँ।' गोपीचन जवाब देहलस। 'ई अबहीं जिन्दे बिआ?' ऊ पूछलस। 'जेकरा भोगे के रहेला, ऊ एतना दिन जिन्दा रहेला।' गोपीचन कहलस्। गोपीचन के जवाब सुनके ऊ तनिका अकचकाइल। गोपीचन कहते जात रहे,'एह गाँव में एकर इयाद के सिवा अब कुछ नइखे। एकर केहू नइखे बाँचल। एकर मरद के मरल त तूँ जानते बाड़ी, एकर बेटा-पतोह भी ई गाँव छोड़ के चल गइल। ओह दिन हम त ना रहीं गाँव में बाकिर अइला पर सुनलीं कि एकर बेटा-पतोह बहुते कोशिश कइले सँ कि ई ओकनी का साथे चल जाए। बाकिर ई ना गइल। ई इहे कहत रह गइल,' हम एही गाँव में दुल्हिन के रूप में अइनी, एही गाँव में मुसमात भइनीं, अब एही गाँव में मर-खप जाएम। हम कहीं ना जाएम।' ओकनियो के ई बलाय हो गइल रहे, से छोड़-छाड़ के चल गइले सँ। ऊ ओह बूढ़िया के लगे गइल। बोलल-'ऐ कउआहँकनी दादी! ऐ कउआहँकनी दादी! हमरा के चिन्हताडू? 'ना हो बाबू, अब केहू ना चिन्हाए। का जाने कवना जनम के पाप के फल भाग रहल बानी, ई जिनिगी के घसीट रहल बानी। भगवानो का जाने कहाँ सूतल बाँड़े। मउअतो नइखे आवत।' थरथर्रात बोलल बूढ़िया। 'हम मदना हईं दादी।' ऊ अपना के चिन्हावे के कोशिश कइलस्। कवन मदना, किसुनवा के बेटा?' ऊ बूढ़िया पूछलस। 'हँ' उहे मदना हईं। गोपिया के इयार। 'ऊ कहलस्। 'अच्छा-अच्छा जुग जुग जिअ ए हमर बाबू। पहिले बहुत हैरान करत रहल सभे। अब त ई जिनिगी सेरा गइल बाकिर मउअत नइखे आवत, इहे दुख बा।' मन मसोस के ऊ आ मदन आगे बढ़ गइलें।

गाँव के पूरबवारी मंदिर के साधु पूछलें,' का हो गोपीचन? आजू बड़ा खुशी नजर आवताड़। मंदिर ओर आइल बाड़, का बात बा? घर में कवनो पूजा-आजा बा का? 'पूजे आजा कहीं साधु बाबा। आज हमरा के रे के कहनियार आइल बा। हमर बचपन के दोस्त। साधु बाबा! हमरा के रे के कहनियार केहू ना रहल ह। ई अचके परगट हो गइल बा। ई ह हमर इयार मदना। ओही से हम एकर सङे आपन गाँव के फेर जी रहल बानी।' साधु बाबा एतने कहलें,' खूब जिअ लोग बचवा। खूब जिअ। साँचो रे के कहनियार कमे होला, आ जब तक रे कहे वाला के हाथ सिर पर रहेला, आदमी बड़ा सुरक्षित महसूस करेला, आनंदित महसूस करेला।

'साँचो' के भाव अनुभव करत दूनू इयार आगे बढ़ गइलें। साँझ होखे लागल रहे। गाँव में अन्हरिया छा गइल रहे। लोडसेडिंग जे रहे। बाकिर ओह लोग के जीवन में अँजारिया ही अँजोरिया उगल रहे। आखिर एक दोसरा के रे के कहनियार जे मिल गइल रहे।

■

# अन्धविश्वास



● जगदीश प्रसाद 'पंकज'

बइसाख के दुपहरीया मे एक रोज बुधन भाई आपन बइठाका के बरामदा मे चउकी पर बईठल रहलन। नीचा कुछ लडीकन सब खेलत रहलन सन् । ओह घडी एतना गर्मी परत रहे कि लोग पीपर के नीचा आ गाँव के आरी-पारी आम का बगैंचा मे बईठ के दुपहरीया बितावत रहे। बुधन भाई का गरमी ना सहाइल त गंजी निकाल के बगल में रख देलन आ देहिया पर बेना डोलावे लगलन ओही बेरा एगो कउवा गाई का खुँटा पर आ के बइठ गइल उ अपना ठोरमे एगो खेलौना लेलेरहे। खेलौना ओकरा ठोर से छुट के भुइँयामे गीर गइल । खेलौना के उठाबेला कउवा फेर से आँट करत रहे कि बुधन भाई के नजर खेलौना पर जा परल । बुधन भाई लडीकन से कहलन "रे ललुवा देखस कउवा खेलौना गीरा देलक" । यी बतिया बुधन भाई का कहत ना देरी भईल कि सब लडीकन खिलौकन खिलौना लुटे दौड गइलन सन् । कउवा उड भागल आ येने लडीकन सब खेलौना खातिर छिना-छोरी करे लगलन स । ओकनी के छिना-छोरी देख के बुधन भाई का हँसीयो आवत रहे आ डाँटतो रहलन "झगडा मत कर स रे ।

कारे लोरिकवा तु ना मनबे रे ? ओकर जामा छोडबे कि ना रे ललुवा ? ठहर आवतानी त तोहनी का गाल मे दू-दू थप्पड मारतानी" । एतने कहलन कि "आग लागल-आग लागल के हल्ला सुनाई परल । लडीको सब लडल छोड देलन स आ बुधन भाई धडफडाईले बेना ओना बिगके बाहर दुआर पर निकल अइलन । देखत बाडन कि दखीन ओर मटमइला धुँवा आकाश मे बडी जोर से चढ रहल बा । सब लोग ओनही दौडता । बहुत केहु, का हाथ मे बालटी बा बुधनो भाई दौड गइलन। कुछ दुर दउरलन कि आपना घर से पर्वतिया काकी बाल्टी लेले निकलली आ चिल्लात बाडी "ये बुधन बबुआ हई बाल्टी लेले जा बाल्टी । कमल का घर मे आगी लागल बा" । बुधन के हाथ खालीये रहे। ऊ झपट के पर्वतिया काकी का हाथ से बाल्टी लेलेलन आ फेरू दउडे लगलन । मोतीपुर बडहन गाँव ह । देखत देखत मे उहाँ ढेर लोग जम्मा होग्ईल । सब लोग आग बुझावे मे भिरल बा। केहु इनार त केहु कल से पानी भर भर के लावत बा। बहुत केहु छप्पर पर चढलबा, आ बहुत केहु निचे से पानी के बाल्टी उपर देरहलबा ।

छप्पर पर के लोग पानी पटा-पटा के आग बुझावत बा बहुत लोग त सहजन के डाढ रेडी के झार से पिट-पिट के आग शान्त कर रहल बा । बुधनोभाई आग बुझावे का काम मे जुटगइलन केहुतरिया लोग आग बुझावे मे सफल होगइल । घर एक चौथाई जर के रहगइल । बाकिर अउर घर नोच खोच का मारे टुटल के बराबर होगइल । कमल के मेहरारू छाती पिट-पिट के रोअत रहली । कुछ जनाना लोग चुप करावत रहे । "चुप रह अब रोअला से का होई । आरे यी ना कह कि संयोग निमन रलख । अगर बेयार बहत रहित त आजु तोहार घर का सारा टोला जर के राख होजाइत" । आगी त बुझा गइल मगर लोग काने काने बतिआय लागल "एके महिना का भितर मे एही टोला मे तीन-तीन बेर आगी लागइल, यी अजगुत के बात बा । होये ना होये कौनो चर जरूर बा" । रूपलाल साह कहलन "चर का बा ।

शिवमंगल के नयाँ पतोह आइल बा । जब से ऊ आइल बा तबही से एह टोला मे आग लागत बाटे । बहुत लोग कहता ओकरे मुँह से आगी निकलेला" । रूपलाल साह के बात मे सुनरपतिया हजामीन हाँ मे हाँ मिलवलक आ कहलक रूपलाल बबुआ ठीक कहत बाडन । हमरो नइहर मे अइसने भइल रे । एगो जनाना का मुँह से आग निकलत रहे । जब ना तब गाँव में आग लाग जाए । आखिर में लोग ओके गाँव से निकाल के नइहर भेजवा देलक तब से आग के लागल बन होइगल । सगरो गाँव मे शिवमंगल का पतोह के चर्चा होए लागल । मुहाँ-मुँही लोग कहे लागल पंच लोग बइठ के कवनो उपायना निकाली त गाँव के कल्याण ना होई । शिवमंगल गाँव के एगो गरीब आदमी रहलन । ऊ कुछउ कहस त लोग उनका बात पर ध्यान ना देवें । उनका पर दु-चार आदमी का दयो लागे त गाँव एकमत रहे एसे केहु कुछ ना बोले सके । येने शिवमंगल के नयाँ पतोह बेचारी गाँव के बात सुन-सुन के लाज से जमीन में गडल जात रहली । ऊ बडी भोली भाली सुभाव के मेहरारू रहली । भर दिन बेचारीका रोअते बितल । शिवमंगल आ शिवमंगल के बेटा गगनदेव चुप कुरावत रहे । शिवमंगल कहलन चुप रह मत रोअ, येकर विचार भगवान करीहन । भर गाँव से हमनी झगडा करे सकेम स । भगवाने पर भरोसा कर । निर्दोष के रक्षा भगवान जरूर करलन । उनका घर मे देर होखेला बाकीर अँधेर ना होखेला । अइसने कुछ कह के अपना पतोह के चुप कारावत रहलन कि भुलावन दुसाध दुआर पर आके शिवमंगल के पुकरलन ।

भुलावन के बोली सुन के शिवमंगल दुनु बापूत घर से बाहारा दुआर पर अइलन शिवमंगल भुलावन से पुछलन "का कहत बाड भुलावन ? भुलावन कहलन आज रात मे रामकिशुन साह का दोकान पर पंच लोग जम्मा होखी तोहरो दुनु बापूत का पंचायती मे चलेके बा । रूपलाल मुखिया कहलन ह" । भुलावन गाँव के चौकीदार रहलन । ऊ अउर पंच लोग के पंचायती मे चलेला आगाह करे चल गइलन । येने पंचायती के नाम सुनके शिवमंगल का घरे ओह रात

आँच ना बरल। शिवमंगल दुनू बा-पूत ओरीयानी बइठ के झखें लगलन स। भितर घर मे उनका पतोह का रोअला से संवास ना रहे। दिन भर के थाकल सुरूजनारायण आकास से पछिम ओर उतर के विशराम करे आपना घरे चल गइलन। आ येने रात अपन करीयाका चादर धरती के ओढवे लगली। धिरे-धिरे कुछ रात बित गइल। लोग खा-पिके रामकिसुन साह का दोकान पर जामा होखे लागल। रामकिसुन साह गैस बरवा के दुआर पर रखवा देले रहलन। देखत-देखत दोकान पर भर गाँव के लोग गोट होगइल। खेती पटावे खातिर बाँध-बाँधेला बोलावला से बीस-पचीस आदमी से जादा पंचायती मे कबो ना जामा होत रहे।

बाकिर आजु बोलावल त बोलावल बिना बोलावलो लोग भाँजके आइल बाटे। उहाँ बइठे के जगह नइखे मिलत। इहाँ तक कि जननो के मण्डली पंचायत सुने खातिर आडे-अलोत बइठल रहे। शिवमंगल आ उनकर बेटा गगनदेव एक ओर सहमल बइठल बाडनसन्। रामकिसुन साह बिडी-कसइली आ खैनी बाटत रहलन। बालसुनर राउत कहलन "सब केहु आगइल बा त काहे के देरी होरहल बा पूरूब पछिम शुरो होखे के चाही। रोजिद मियाँ कहलन आ "बुधन के नइखी देखत" रोजिद मियाँ के पछाडी से बुधन भाई बोललन "हम इहँवे बइठल नू बानी रोजीद भाई। रोजिद कहलन "येने बीच मे न आव बुधन। बुधन भाई कहलन "अछा का होजाई इहँवे बइठल बानी त। बतकइ सुरो होखो रात बितल जाता"। सब लोग चुप होगइल। रूपलाल साह गाँव के मुखिया रहलन ऊ कहलन "शिवमंगल। शिवमंगल सिहरले बोललन" जि मुखिया जी। कहल जाओ का हुकुम होखता ? बहुत लोग के कहनाम बा कि ई आगलगी के जवन घटना होरहल बा तवन तोहरो पतोह का जरिये होरहल बा। देख ! एके महिनामें तीन-तीन बेर एह टोला आग लाग गइल ई सोचे बाला बात बा। "शिवमंगल कुछहु ना बोललन तवले बीचे मे जोखु बरई टपक परल ऊ कहे लगलन" मुखिया जी। हमर बाबा कहता रहलन "मधुवनी गाँव मे यही लाखा एगो चमइन का मुँह से आग निकले आ दश दिन पनरह दिन पर आग लाग जात हरे। हार-पाछा के कादु सब लोग ओके गाँव से निकाल देलक। तब गाँव बाचल"।

जोखु के बात शुद्धल तवले भोला महतो कहे लगलन "कहाँ दो दूर के बात छोड द। अपने गाँव मे गुमानी बैठा का मेहरारू का मुँठ से आग ना निकलत रहे ? गुमानी हैरान होगइलन त कादु दोसर बियाह कइलन। अबही खखन बाबा जीयते बाडन जाके पुछ लोगन। लोग तरह-तरह के बात करे लगलन। रूपलाल साह कहलन "रे शिवमंगल दु-चार महीना खातिर तु आपन पतोह के ओकरा नइहरे भेजवा दे। ओकरे मुँह से आग निकलता अइसने लोग के कहतब बा। रूपलाल मुखिया का हूँ में हूँ बहुत केहु मिलवलक। लगभग गगनदेव बहु के नइहरे भेज देवे के निर्णय होगइल। युग-युग से अइसन होत आइल बा कि अन्याय, अत्याचार से लडेवाला केहु

ना केहु ये धरती पर जनमत रहेला। ओही मेसै. एगो बुधनो रहलन । ऊ पढल-लिखल होसियार व्यक्ति रहस्। ई सब बात सुन-सुन के उनका पेट मे दाँतजामत रहे । अन्याय के बेयार उनका क्रोधागनी में लागत कि बुधन भाई के क्रोधागनी धधक गइल ऊ सभा मे खडा होगइलन आ जोर से बोमीअइलन हम जाने के चाहतानी कि के-के शिवमंगल का पतोह का मुँह से आग निकलत देखले बा से-से हाथ उठावो । अंध विश्वासी लोग । अइसन कही भइल ह ।

सतयुग आ त्रेता मे बडका-बडाका ऋषि-मुनिका मुँह से आगे ना निकलत रहे । आजु एगो भोली-भाली मेहरारू का मुँह से आग निकलता । तनिक सोचे बाला बात बा जेकरा मुँह से आग निकली, जेकरा पेट मे आग के भण्डार रही उ आदमी जिनगी मे रह सकता । अइसन बात बहेबाला का लाज लागता कि ना ? आज आग लागल त लोग कहता शिवमंगल का पतोह का मुँड से आग निकलता । बिहान धरती डोले त कहे फलनावा के मेहरारू का चलाल से धरती डोलल ह । परसो कहे फलनिया का ताकला से तारा टुटल ह । यी सब कइसन बात बा ? नारी जाती के अपमान कइल ना ह त अउर का ह ? काहे बउराइल बाड लोगन । काहे दुनिया नारी के अबला समझेला । जब ना तब काहे नारीए जाती के अपमान करेला । एह बात पर काहेना ध्यान देवेला लोग कि जहाँ-जहाँ नारी के अपमान भइलबा तहाँ-तहाँ नाशा भइल बा । का लंका के कथा नइख जानत ? का महाभारत के कहानी नइख सुनले ? हम सब लोग से कहतानी आपन-आपन विचार बदल लोगन । अंध विश्वास का दलदल से निकल लोगन । यी सब झूट बात ह । ना केहु का मुँह से आग निकलेला ना केहुँ का मुँड से पानी । ना केहुँका चलला से धरती डोल सकता । ना केहुँ का ताकला से तारा टुट सकता । यी सब झूट बात ह । यी अन्ध विश्वास के सिवा अउर कुछ ना ह । ई आगलगी ओह टोला के लोगका आपसी कलह से हो रकल बा । सब कलई ओह टोला का लोग मे बा । बात पर लोग काहे ना ध्यान देता कि एक गरीब के ईज्जत ले रहल बा लोग ।

शिवमंगल के पतोह कही ना जाई गाँव मे रही । जेकरा जे भुलाएल होखें ऊ जाओ खोजो एकरा खातिर हम देखब । बुधन भाई के क्रोध से चेहरा लाल होइगल रहे । उनका बात के समर्थन करे वाला बहुत केहु होगइल। ब्हुतच लोग के मुँह लटक गईल । आ शिवमंगल का मुँह पर खुशी के घाम निकल आइल । सभा के लोग उठ के कुछ-कुछ बोलत बतियात जाए लागन । जनाना मण्डली बुधन के धन्यवाद देवें लगलन आजु बुधन भाई ना रहतन त ओ मेहरारू के इहाँ के लोग इजजत उतार लेइत दु-चार गो मेहरारू का संघे खेलावन बहु कहत जात रहली । खेलावन बहु के बात सुन के खोभाडी के मेहरारू कहलक "ए बहीना ! निर्दोष के रक्षा भगवान केहु ना केहु तरिया जरूर करलन ।

■

# फेशन मोडल

■ जेम्स मिचनर

**(जेम्स मिचनरको जन्म ३ फरवरी १९०७ मा अमेरिकामा भएको थियो । उनका "टेल्स अफ दि साउथ प्यासिफिक" (१९४७), "ह्वाल"(१९५९) र "चेसापिक"(१९७८) प्रमुख कृतिहरु हुन् । उनले पुलित्जर पुरस्कार (१९८८) पाएका छन् । उनीद्धारा थुप्रै पुस्तकको सम्पादन पनि भएको छ । उनले आफ्ना आख्यानमा जीवनको भोगाइ र त्यसले पार्न सक्ने घटनालाई बडो मार्मिक ढङ्गले चित्रण गरेका छन् । १६ अक्टोबर १९९७ मा उनको देहान्त भयो ।)**

डेभले फोन उठाउँदै हल्लो भन्ने वित्तिकै उताबाट एक परिचित व्यक्तिको आवाज सुनियो । मलाई तपाईको गर्लफ्रेन्डको सहायता गर्नमा निकै खुशी लाग्यो । मि.डेभ, तपाईलाई सायद थाहा छैन होला मेरो पत्नीको एक ठूलो मोडलिङ एजेन्सी छ । त्यसले अमेरिकाका लागि प्रसिद्ध र चर्चित मोडल उत्पादन गरेको छ । एक ठूलो ग्राहक राती एक मोडलको खोजी गर्दै हामी कहाँ आइरहेछ । संयोग कस्तो भने यदि तपाई आफ्नो गर्लफ्रेन्डलाई लिएर रातको सात बजेतिर हामी कहाँ आउने कोसिस गर्नुहोला । हामीले रातीको डिनर दिन पाउँदा सौभाग्य पाउने थियौं। सायद मोनाले मोडलको संसारमा आजबाटै प्रवेश पाउन पनि सक्छिन् ।

यदि तपाईको गर्लफ्रेन्ड चर्चित मोडल हुन पुग्यो भने हाम्रो एजेन्सीलाई पनि खुबै फाइदा हुनेछ । यसले हामी दुवैलाई लाभ हुन्छ, आजको यस भेटघाटबाट डेभलाई लाग्यो यो मान्छे यसरी नै घण्टौ बोलिरहन्छ होला। उनको कुरा काट्दै उसले भन्यो– "तपाईको सहयोग एवम् आश्वासनका लागि धन्यवाद, मि. हार्पर, म राती सात बजेतिर तपाईको निवासमा मोनालाई लिएर अवश्य आउँछु ।"

"ठीक छ, बाँकी कुरा पुनः भेटेपछि गरौंला ।" यति भनेर हार्परले फोन राखिदियो । ती दुवै जना हार्परको निवासमा ठीक सात बजे आइपुगे । जुन समुद्रको एक निर्जन तर रमणीय पहाडमा अवस्थित थियो । ढोकामा तिनीहरको स्वागत चालीस वर्षिया श्रीमती हार्परले गरिन्, जो देख्नमा एक सुखी गृहिणी जस्तो लाग्थ्यो । मि.हार्पर र डेभ दुवै धनी भए पनि मूर्ख थिए । फोनमा दुवेले कुरा गर्दा मीठो मिश्रीजस्तै गरे तापनि भेट्दा खल्लो भएको आभास भयो । त्यति उत्साह र उमंग देखिएन । उनले बडो उत्साहका साथ डेभलाई सूचित गरेर ग्राहक आउन लागेको बताए । उनलाई बाटोमा हिउँ परेकाले आउनमा

आधा घण्टा ढिलो हुन सक्छ । यस बीच हार्परले २ हजार डलरको चेक डेभलाई बुझाए । जुन चेक डेभले मोनालाई दिए ।

मोना चेक देखेर प्रसन्न भइन् र गद्‌गद् स्वरमा श्रीमती हार्परलाई भनिन्– "म तपाईप्रति निकै कृतज्ञ छु । यस्तो हितैषी व्यक्ति संसारमा कमै पाइन्छ ।" चारै जना एक टेबुलको चारैतिर बसेर पिउन लागे । हार्परले दुई पेग लिएपछि भने–"एक मोडलको प्रतिभाको हैसियतले भन्नुपर्दा तपाई जस्तो सुन्दर र स्मार्ट मोडल युवती आजभोलि पाउन गाह्रो छ ।" त्यतिखेर एक विदेशी जर्मन गाडी बंगलाको ढोकानेर पुगेर रोकियो । त्यसबाट दुईजना पुरूष झरे । तिनीहरूमध्ये एक जनाको उमेर ४५ वर्ष लगभगको थियो । अर्को त्यस्तै ५० वर्षभन्दा माथिको देखिन्थ्यो । दुवैजना चिसोले काँपिरहेका थिए । हार्पर ढोकामा पुगेर तिनीहरूको स्वागत गरे अनि हलमा लिएर गए ।

डिर्नरको समय भइसकेको थियो । यस बीच लामो कुराकानी भएन । तर, त्यस लगत्तै जब सबैले कफी पिउन थाले । हार्परले तिनी दुवै जनालाई सोधे– "मिस मोनाको बारे तपाईहरूको के भनाइ छ ? न्युर्योकको एक मोडल एजेन्सीले उनलाई स्क्रिन टेस्टको लागि बोलाएको छ ।" तिनीहरूमध्ये बढी उमेरका जो व्यक्ति थिए, तिनले तौलिदै भन्ने–"यदि मिस मोना हाम्रो लागि मोडलिङ गर्न तयार भए, हामी उनलाई प्रति घण्टा ५ सय डलर दिन तयार छौं । महिनामा साठी घण्टा काम गर्ने ग्यारेन्टी दिन्छौ , पहिले ६ महिनाका लागि ।"

मोनाले हिसाब गरिन्, त्यो हिसाबबाट उनले महिनाको ३० हजार डलर कमाउन सक्थिन् । हलिउडको कुन चाहिँ अभिनेत्री अथवा टप मोडलले यत्तिका रकम कमाउन सक्छन् ? सायद त्यो कसैले सक्ने थिएन । सम्झौता–पत्र हामीसँग तयार नै छ । यो पत्र पढेर यदि चित्त बुझेको भए यसमा दस्तखत गर्न सक्छौ । हामी आज राती नै फर्कन चाहन्छौ ।

डेभ र मोनाले ध्यानपूर्वक सम्झौता–पत्र पढे । त्यसमा उल्लेख गरिएको सर्त जायज नै थियो । हार्परले पनि सो पत्र पढेर सहमति गर्न आग्रह गरे । मोनाले १५ हजार डलरको चेक लिएर सम्झौरा–पत्रमा हस्ताक्षर गरिदिइन् र चेकमा डेभको नाम लेखिएको थियो । त्यसैले, डेभलाई चेक दिए ।

रातीको १२ बजिसकेको थियो तर बैठक अहिले पनि चलिरहेको थियो । डेभ विस्तारै उठे अनि भने–"अब हामी यहाँबाट हिड्नुपर्छ । मलाई सबेरै उठेर कलेज जानु छ ।"

"तिमी जाऊ डेभ, म केही समयपछि आउँला । "यति भनेर मोना ती दुवैजना व्यक्तिको बीचमा गएर बसिन् ।

"हैन, तिमी आज मसँगै हिड्नुपर्छ । बिहान फेरि यता आए भइ हाल्छ नि !" डेभले मोनालाई लोग्नेजस्तै अधिकार जमाउन लागेजस्तो भन्दै गए ।

"मि.डेभ, हामी कुनै झगडा मन पराउदैनौं । जब मिस मोना यहाँ बसेर आफ्नो भविष्यबारे हामीसँग छलफल गर्न चाहन्छिन्, यदि तपाई पर्खन सक्नु

हुन्न भने यहाँबाट हिड्दा राम्रो हुन्छ । तिनीहरूमध्ये सबभन्दा कान्छो व्यक्तिले गम्भिर हुँदै भने डेभ घर फर्क्यो ।

बिहान सबेरै ढोकामा ठूलो आवाज गरी ढकढकाएपछि उठ्यो । बाहिर पुलिस उभिएका थिए । तिनीहरूमध्ये एक जनाले सोधे-"के तपाईको नाम डेभ हो ? "

"हो, के भयो ? "

तपाईको गर्लफ्रेन्ड मिस मोना यहाँबाट ८-१० कि.मी. दूरीमा मृत्त फेला परिन् । तपाई हामीसँग हिड्नु पर्‍यो । मोना, त्यो पनि मृतावस्थामा फेला परेको छ रे ! डेभले केही सोच्नै सकेन ।

घटनास्थलमा चिकित्सकले मोनाको मृत्त देह(लास) जाँच गरिरहेका थिए । त्यसको छेउमा उभिरहेका पुलिस अधिकारीले त्यहाँ जम्मा भएका संवाददातालाई बताउँदै थिए-"यस ठाउँ नजिकै एक बगंला छ । त्यहाँ राती २-३ घण्टासम्म नीलो चलचित्रको सुटिङ भएको रहेछ , त्यसमा मिस मोनाले समेत भाग लिएकी थिइन् । सो चलचित्रका क्यामेराम्यानसँग उक्त दुर्घटना भए लगत्तै हामीले उनलाई समात्यौं र बयान लिन थाल्यो । उनको बयान मुताविक यो कुरा उदाङ्ग भयो अर्थात् सुटिङ सकेपछि मिस मोनामाथि सामुहिक बलात्कार भयो । यो चिकित्सकको रिपोर्टले बताएको छ । मिस मोनाको लासमा घाउको दाग र कोपरेको निशाना समेत फेला पर्‍यो । यसबाट सिद्ध हुन्छ कि उनले बलात्कार गर्नेमाथि प्रतिकार गरेको देखिन्छ । "

**अनु-एस.पी. श्रेष्ठ**

# भिन्नता

**● काशीराम 'विरस'**



दोवाटोमा एक जना वृद्धले औंला ठड्याउ ँदै भने- अब केही गरौं ।

सबै बटुवाहरू आ-आफ्नै सुरमा थिए । कतिले सुने,कतिले सुनेनन्,थाहा छैन ।

अर्को पटक बोल्दा बृद्धले हातमा हेन्डमाइक लिए र चर्को स्वरमा भने- अब त. . . . गरौं ।

केही समय पहिलेको आवाज र अहिलेको आवाजमा भिन्नता थियो । उही व्यक्तिले बोलेको ।

बटुवाहरू भाइकको आवजले एकैछिन राकिए । बोल्नेको कद ठिक्कको,कोट,पाइन्ट र टाईमा सजिएको निकै भलादमी पाराको थियो उसको व्यक्तित्वले पनि जनाउँथ्यो कि ऊ केही नयाँ कुरा भन्न लागिरहेछ ।

कस्तो अचम्म तिनै शव्द,तिनै मुख तर समयको अन्तरले गर्दा अहिले उसको कुरा सुन्न सबै उत्सुक भए ।

■

# आख्यानकार इन्दिरा प्रसाई : पृष्ठभूमि र सृजनयात्रा

● प्रा. राजेन्द्र सुवेदी



**१. प्रादुर्भाव र पृष्ठभूमि**

नेपाली साहित्यको समवर्ती चरणका आख्यान स्रष्टाका रूपमा परिचित इन्दिरा प्रसाई (भवानी पुष्प, २०१४) सालमा भारतको दार्जिलिङमा जन्मेकी प्रतिभा हुन् । वंशजका आधारमा नेपालको सन्तति बनेकी इन्दिरा पिता गणेशप्रसाद शर्मा र माता श्री दुर्गादेवी सन्ततिको रूपमा देखिएकी नारी स्रष्टा प्रतिभा हुन् । वाणिज्य प्रशासन विषयमा स्नातकोत्तर तहको अध्ययन र प्राध्यापन कार्यमा पनि समय खर्चिने राजनीति, पत्रकारिता तथा साहित्य साधनामा समेत समर्पित बनेको व्यक्तित्वका रूपमा स्थापित बनेकी छन् । साहित्य सजनाका सन्दर्भमा कथा, कविता, निबन्ध, समीक्षा र सम्पादन कार्यमा दत्तचित्त बनेकी प्रसाईको चेतना समवर्ती सृजनाको विषयमा आफ्नो परिचय स्थापना गर्न सफल स्रष्टा हुन् । साहित्यकोआख्यानका कथा र उपन्यास दुवै प्रविधामा सशक्त हस्ताक्षरका धनीका रूपमा परिचित प्रसाईको लेखन यात्रा २०४०को दशकदेखि नै आरम्भ भएको हो ।

सामाजिक धरातलमा अडेका विषयहरूलाई मनोवैज्ञानिक र सांस्कृतिक रूपमा समेत सङ्ग्रथित बनेका र वञ्चितीकरणाका घुरीमा परेकासाहित्यिक मूल्यलाई राजनीतिक तथा प्रशासनिक प्रताडनाको पीडा पनि भोग्न विवश बनेका जीवन कवितामा उपस्थापन गर्न क्रियाशील देखिएकी छन् । समाज र जीवनका प्रतिनिधि बिम्बहरूलाई टिपेर यिनका जीवनका आयतनमा आख्यानीकरण गर्ने कलाकार प्रसाई साहित्यका विभिन्न विधामा समान रूपमा सर्जक बनेर सार्वजनिक भएकी प्रतिभा हुन् । यस सन्दर्भमा स्रष्टा प्रतिभाको रूपण गरिनु नै यहाँ सान्दर्भिक विषय बनेको छ ।

**२. सृजन यात्रा**

प्रसाईको लेखन आख्यान, निबन्ध, कविता र जीवनी तथा समालोचनासम्बन्धीसृजनात्मक लेखन तथा समीक्षण र पत्रकारितात्मक अनुवीक्षणसम्मको गतिविधिमा समर्पित भएको छ । प्रसाईको चिन्तनका कारण नेपाली साहित्यका विविध पक्षमा विस्तारित सृजनचेत समाज र जीवनका प्रतिविम्ब बनेर प्रकटमा आएका छन् । उपन्यास लेखनको आरम्भ २०३० मा 'अस्वीकृत पत्र' शीर्षकमा कथा सृजना गरेर यात्रारम्भ

गरेर पनि उपस्थापन भएको छन् । २०३०बाट नै आरम्भ भएको सन्दर्भ इन्दिरा स्वयंका कृतिहरू 'मन सायद उघ्रिदैन' (कथा सङ्ग्रह २०५१), बयान (लघुकथा सङ्ग्रह, २०५५), दोस्रो सत्ता (कथा सङ्ग्रह २०६२) र मेरो कथा नलेखिदिनु है (२०७४) प्रकाशित भएका छन् । यसका अतिरिक्त आख्यानमा उपन्यासहरूप्रकाशित भएका छन् ।

उनका उपन्यास कृतिहरूमा विश्वामित्र (२०५५), शिखा (२०५६), रनमाया (२०५८), उसको लोग्ने र बिरालो (२०६०), द हस्ब्याण्ड द क्याट (अनूदित २०६२) जस्ता कृतिहरू प्रकाशित भएका छन् । यसरी नै प्रसाईका कवित कृतिहरू पनि प्रकाशमा आएका छन् । त्यस्ता कृतिहरूमा बाइपङ्गी घोडा (कविता सङ्ग्रह २०५७), तिमी हुनुको (लामो कविता २०५७), नेपाल न्युज डट कम (२०५९), माल्दाइलाई चिठी (२०६१), ए समुद्र (२०६३) लगायतका कविता तथा काव्यकृतिहरू प्रकाशमा आएका छन् ।

निबन्धात्मक रचनाहरूमा केही पत्रात्मकता र केही जीवनीमूलकता पनि यहा प्रकाशमा आएका छन् । त्यस्त कृतिहरूमा प्रिय नरेन्द्र (२०६१), मेरी सासू (२०६५) जस्ता कृतिका आधारमा उनको निबन्ध सृजनाचेत पनि प्रकाशमा आएको स्थिति देखिन्छ । निजात्मक आत्मसंवेदनाका आधारमा सृजनात्म्क यात्रामा रहेका स्थितिहरू पनि यहाँ सष्टा चेतना मुखर भएको अवस्था देखिन्छ । भावना र सृजनाका आधारहरू समीक्षा र सम्पादनचेतका आधारहरू पनि प्रसाईका सामग्रीहरूले साक्ष्य गरेकाछन् ।

यसका अतिरिक्त सम्पादक व्यक्तित्व पनि प्रारम्भदेखि नै विकसित बन्दै आएको छ । यस क्षेत्रमा कथाक्रम (२०४१), नवचन्द्रिका (२०४२), निष्कर्ष दैनिक (२०४६), प्रज्ञापत्र (२०५२), भानुमोती (२०५५), भारती खरेल : सिर्जना र समीक्षाँ(२०५२) पौरखी पुरूष (२०५२), गणेश गुरू : साधनादेखि समाधिसम्म (२०५४), रूद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४), भूपाल अर्चना (२०५५), उकाली ओरालीहरूमा तारादेवी (२०५६), ईश्वर बराल : कृति र कीर्ति (२०५७), श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७), सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८), ईश्वरबल्लभ : आयाम र आकृति (२०५९), कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०), मिश्रका कृति : कविका दृष्टि (२०६०), त्रिमूर्ति निकेतन (२०६०), शरद्रचन्द्र इतिवृत्त (२०६२) समेत प्रकाशमा आएका छन् ।

यिनका अतिरिक्त अनुवाद तथा प्रकाशकीय लेखन तथा सम्पादकीय लेखनका आधारमा पनि प्रसाईको समीाक्षाचेत निरूपित हुन सक्ने स्थिति निक्ष्कर्षि बन्न पुगेको छ ।कारण उनको सृजनाचेत निकै प्रबल बन्दै गएको छ भन्ने कुरा सिद्ध गर्न साधन बनिसकेको स्थिति स्पष्ट हुन्छ ।

उपन्यासको सृजन यात्रासँगसगै यसरी नै कथाका क्षेत्रमा पनि प्रसाईको लेखन त्यत्तिकै विशिष्ट संवेदनाका सूचकहरू पनि कथाका उपकरणका रूपमा उपस्थित भएका छन् । त्यस्ता कथा सङ्ग्रहहरूमा नेपाली समाज र संस्कृतिका, धर्म र परम्पराका, जीवन चिन्तन र राजनीतिक नियमनका, अर्थ र राज्यव्यवस्थाका स्थापित मान्यतामाथि औँलो ठड्याइएका सामाजिक विद्रूपताका

प्रश्नहरू पनि उनका कथाका विषय बनेका छन् । यस्ता जीवनगत संवेदनाका उदाहरण बनेका कथाकृतिहरू प्रशस्तै प्रकाशमा आएका आजका सन्दर्भमा इन्दिराका कथाहरूले समाजको आकृतिलाई कतै कुरूप यथार्थका रूपमा र कतै सुरूप यथार्थका रूपमा बिम्ब बनेर प्रकाशमा आएका छन् । यस्ता कृतिहरूमा विहे अघिको रात () र मेरो कथा नलेखिदिन् है () जस्ता कृतिले कथा सृजनाका क्षेत्रमा पनि विशिष्ट योगदान दिएको छ ।

प्रसाईको निबन्धचेत पनि त्यत्तिकै सफल रूपमा प्रकटमा आएको छ । व्यक्तिको सृजनाचेतमा उर्जा प्रदान गर्ने अनेक पक्षहरू हुन्छन् । यसरी उनलाई उत्प्रेरित गर्ने स्थितिमा चाणक्यको उक्ति– 'संसर्गजा दोषगुणाः भवन्ति ।' अर्थात्मान्छेमा संसर्गका कारणबाट नै गुणदोषहरू जन्मिन्छन् भन्ने कथनअनुसार नै नेपाली साहित्यका विशिष्ट जीवनीकार नरेन्द्रराज प्रसाईको सहधर्मिणीसमेत भएका नाताले र आफैमा विशिष्ट मौलिक सृजनाचेतसमेत भएका कारण जीवनी लेखनमा पनि आफै सहभागी भएर लेखिएको जीवनीका सन्दर्भहरूले प्रसाईलाई निकै नै विशिष्ट आत्मसहभागितात्मक जविनीकारका रूपमा प्रतिष्ठा प्रदान गरेको छ । यस दिशाको प्रतिष्ठा मेरी सासू शीर्षकमा इन्दिराले लेखेको आत्मसमाहित बनेको परकीय जीवनीले आधिकारिक लेखनको साक्ष्य गरेको छ । निबन्ध र आत्मसमीक्षा र परकीय जीवनीचेतका विशिष्टताहरूलाई समायोजित गरेर जीवनी सृजना गर्ने क्षमता पनि इन्दिरामा उपस्थित भएको छ । यहाँ किञ्चित् आख्यान, किञ्चित् निबन्ध, किञ्चित् आत्मसमीक्षा, किञ्चित् नाटकीयताका संवेदनासमेतको उपस्थापनबाट पनि सृजनाचेत प्रक्षेपित गर्ने सहज संवेदना इन्दिराका सृजनामा समाहित भएका हुन्छन् ।

### ३. प्रसाईको चेतना र चिन्तन

इन्दिराको भावयित्री प्रतिभा समालोचना तथा सम्पादनका क्रममा पनि क्रियाशील बनेर देखा परेको छ । त्रिमूर्ति पकाशनबाट प्रकाशित ....... लगायतका कृहतिहरूको र नइ प्रकाशनबाट प्रकाशित कृतिहरूको सम्पादन, सम्पादकीय तथा प्रकाशकीय लेखन, सहसम्पादन तथा प्रत्यक्ष तथा परोक्ष रूपमा साहित्यिक तथा गैर साहित्यिक सामग्रीको परिशोधन र परिष्करणका सन्दर्भमा भूमिका खेल्ने प्रसाईको योगदान विशिष्ट किसिमको रहेको छ । यस्ता कृतिहरूको प्रकाशन, तिनको सार्वजनिकीकरण र पुरष्करण, राष्ट्रिय तथा अन्ताराष्ट्रिय स्तरका गोष्ठीहरूको आयोजना र तिनको परिचालन आदिको व्यक्तित्वइन्दिरामा समाहित भएका कारण नेपाली समाज तथा विश्वसमाजका साहित्यिक तथा सांस्कृतिक संवेदनाले विशिष्ट व्ययक्तित्व र दृष्टि सञ्चेतना निर्माणमा विशिष्ट योगदान पुगेको स्थिति देखिन्छ । देश भित्र र देश बाहिर रहेर नेपाली भाषा र साहित्यमा प्रदान गरिदैँ आएको योदानको कदर गर्दे आयामा परिरहेका स्रष्टा र साधकरूको पहिचान गरेर सम्मान तथा पुरक्ष्कार प्रदान गर्ने काममा पनि समर्पित इन्दिराको योगदान यहाँनिर उल्लेखनीय विषय बनेको छ ।

एक व्यक्तिको सृजनशील प्रकृति निर्माणमा यी विशिट पक्षले त भूमिका

त खेलेकै हुन्छ । यसरी प्रेरक तत्व बनेर रहेको हून्छ भने स्रष्टामा वंशाणुगत गुणको पनि प्रभाव जीवन्त रहन्छ । इन्दिराका सन्दर्भमा उनको पिता गणेश शर्मा अर्थात् गणेश गुरूको आत्मस्वाभिमान, सिर्जशील तथा प्राज्ञिक निष्ठाको प्रभाव, जीवाणुमा र संस्कारमा नै परेको सन्दर्भ पनि यहाँनिर स्मरण गर्नु पर्ने हुन्छ । नेपाली समाजमा प्रवेश गरेका आधुनिक शिक्षा, आधुनिक समाज तथा जीवन चिन्तन र सांस्कृतिक संवेदनाका अनेक उहापोह र उतार चढाउँ आदिको स्थिलिाई आफूमा समाहित गर्न सक्ने संस्कार बनाएका सर्जकमा पर्ने प्रभालाई तिनका सृजनाले आफूमा समायोजित गरेर राखेका हुन्छन् भन्ने सन्दर्भ इन्दिराबकाट सृजित साहित्यिक कृतिले साक्ष्यको काम गरेका छन् । आरम्भमा मनोज्ञिानका पनि यौन सन्दर्भमा अनुरक्त इन्दिरा बिस्तारै नेपाली समाजले आत्मसाते गरेका आदिमानवीय सम्यता, पौराणिक तथा पुरा माानवशास्त्रीय सवेदना तथा सामाजिक यथार्थताका बिम्बहरू सजनाका आधार बिम्ब बनाउने स्थिति यहाँ प्रसाईका कारयित्री चेतनाका उत्प्रेरक विषय बनेर प्रकटमा आएका छने । यिनै पृष्ठभूमिमा स्रष्टा इन्दिराको सृजनचेतना निर्माण भएको छ ।

**४ निष्कर्ष**

स्रष्टाको सृष्टि चेतनाका क्रममा पूभाव पार्न आउने आन्तरिक तत्वहरूमा उसको आदिवृत्ति, संस्कार तथा वंशाणुगत गुण आदिको भूमिका रहन्छ । त्यस्तै समाज र संस्कृतिका, पर्यावरण र परम्पसाका, समय र युगका अनेक प्रभावहरू स्रष्टाक सृजनामा जीवन्त रहन्छन् । सृजनशील चेतनाको उर्ज उसको शिहक्षा दीक्षा, उसका वरिपरिको पर्यावरण र सांस्कृतिक तथा सामाजिक सिथति समेत उत्प्रैरक पक्ष बनेर रहेको हुन्छ । स्रष्टा इन्दिरामा पूर्वीय संस्कारको अविच्छिन्न शृङ्खलाको अनुस्यूति छ । नेपाली संस्कार र संस्कृतिको पनि अविच्छिन्न अनुस्यूति छ र आधेनिक ज्ञान र तिनले पारेका प्रभावहरूको पनि यसै अनुस्यूतिमा समायोजित बन्न आएको छ । यिनै प्रभावको न्यूनता र आधिकताका सन्दर्भहरू संयोजित बन्दै गएर स्रष्टा इन्दिरा प्रसाईको विशिष्ट निर्माण भएको छ ।

इन्दिरा प्रसाईको सर्जक व्यक्तित्व निर्माणमा खपत भएको उर्जाको संक्षिप्त सूचना यहाँ यति मात्र प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ । उनको लेखन यात्रा र व्यक्तित्व निर्माणका पारस्परिक सम्बन्ध सृजित सामग्रीले सहज र संवेदित सत्यको साक्ष्य गरेर प्रकटमा आएका छन् । यिनै सत्यहरूको प्रद्योतीकरण पनि सर्जकको सृजन यात्राका सोपान क्रममा प्रकटमा आएका छन् । यिनै तथ्यहरूको उपयोग गर्दै इन्दिराका आख्यानलाई यहाँ आख्यान तथा सामाजिक र सांस्कतिक चेतनाका आधारमा विवेचना गर्न प्रयत्न गरिएको छ । यसरी आख्यानमा पनि पहिलो सन्दर्भमा कथा र दोस्रो सन्दर्भमा उपन्यासको चर्चा गरिएको छ । अन्ततः परिशिष्टमा चाहिँ केही समीक्षा र जीवनीमूलक रचानाको विवेचना गरेर यस ग्रन्थको अन्त गरिएको छ । यसको अध्ययनबाट आधुनिक नेपाली उपन्यास र कथाको परम्परामा इन्दिरा प्रसाईको प्राप्ति निरूपण गर्न सहज र सुगम हुने विश्वास गरिएको छ ।

■

# कवि मुरारि पराजुलीका कवितात्मक प्रवृत्ति



● **शालिकराम पौड्याल**

### १.१ विषयपरिचय

मुरारिप्रसाद पराजुली २०२३ साल जेठ २२ गते पाल्पा जिल्लाको तानसेनमा जन्मेका हुन् । उनी २०२८ देखि रूपन्देहीको मणिग्राममा बसोबास गर्दै आएका छन् । नेपाली विषयमा त्रि.वि. बाट एम्.ए. र नेपाली मुक्तकका प्रवृत्तिहरू शीर्षकमा विद्यावारिधि गरिसकेका उनी शिक्षण पेसामा लागेका छन् । २०३६ सालमा ' जाली तमसुक' नाटक लेखेर साहित्य सिर्जनामा लागेका पराजुलीको पहिलो प्रकाशित कविता २०४२ सालमा 'दैनिक निर्णय' पत्रिकामा प्रकाशित 'ए युवा' हो । हरिकला गुणाकर दायित्व रचना पुरस्कार २०६५, टेकध्वज खाती लक्ष्मीदेवी खाती साहित्य सेवा पुरस्कार २०६६, सिद्धार्थ साहित्य पुरस्कार २०७०, जनकगंगा साहित्यसेवा पुरस्कार २०७२ बाट पुरस्कृत र सम्मानित पराजुली नेपाल विद्याभूषण क २०६९ र भानुभक्त स्वर्णपदक २०७१ बाट समेत सम्मानित भएका छन् । विभिन्न गोष्ठीमा कवितावाचन गर्ने, वाचित रचनाको समीक्षा गर्ने, साहित्यिक प्रतियोगिताहरूमा निर्णायकको भूमिका निर्वाह गर्ने पराजुलीका थुप्रै कविता तथा समीक्षा र समालोचनाहरू पत्रपत्रिकामा प्रकाशित छन् । कवि पराजुली हालसम्म प्रकाशित कवितात्मक कृतिहरू हुन्– सृजनाका स्वरहरू (संयुक्त कवितासङ्ग्रह २०४५), आगो पालेका पेट र शीत ओडेका बस्तीहरू (संयुक्त कवितासङ्ग्रह २०४६), हाँसेर उसका ओठले (कवितासङ्ग्रह २०६१), लोकतन्त्रको शङ्खनाद (संयुक्त कवितासङ्ग्रह २०६२), हाम्रा छातीको दशगजा (कवितासङ्ग्रह २०७३) । उनका समालोचनात्मक तथा अनुसन्धानातमक कृतिहरू हुन् : मुक्तक मीमांसा (२०६७), नेपाली मुक्तकका प्रवृत्तिहरू (२०६९), पत्थरकट्टा जातिको अध्ययन (२०७०) । कवितामा ओजस्वी भाषाशैली र प्रतीकात्मक व्यञ्जनागम्य तथा आलङ्कारिक लक्षणागम्य शैलीका माध्यमबाट प्रगतिवादी क्रान्तिकारी विचारको सशक्त प्रस्तुति दिने पराजुली यिनै कवितासङ्ग्रहका आधारमा उनका कवितात्मक प्रवृत्ति केलाउने काम गरिएको छ ।

### १.२ मुरारि पराजुलीका कवितात्मक प्रवृत्ति र विशेषता

रूपन्देहीको कविता परम्परामा

२०४२ सालदेखि कविता लेखनमा देखापरेका पराजुलीको तीन दशकको कविता यात्रा पूरा भइसकेको छ । नेपाली समाजले भोगेका पीडाहरू, निम्नवर्गीय नेपालीहरूका समस्या र सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा देखापरेका विकृति र विसङ्गति आदिका बारेमा प्रकाश पार्दै समाज सुधारका लागि सन्देश प्रक्षेपण गर्नु नै आफ्नो कविता लेखनको उद्देश्य ठान्ने कवि पराजुली रूपन्देहीको कविता परम्पराका सशक्त र स्थापित कविप्रतिभा हुन् । २०४२ सालदेखि कविता सिर्जनामा लागेका कवि पराजुली निरन्तर सक्रिय प्रतिभा हुन् । कृति प्रकाशनका साथै फुटकर कविताको प्रकाशनबाट राष्ट्रिय रूपमैस्थापित कवि पराजुलीका मुख्य कवितात्मक प्रवृत्तिहरूलाई निम्न आधारमा अध्ययन गर्न सकिन्छ :

**क) विषयवस्तु**

कवि पराजुलीका कवितात्मक कृतिहरूका आधारमा उनका कविताले अङ्गीकार गरेको विषयवस्तुलाई अध्ययन गर्न सकिन्छ । सृजनाका स्वरहरू कवि मुरारिप्रसाद पराजुलीको प्रथम प्रकाशित संयुक्त कवितासङ्ग्रह हो । यस सङ्ग्रहका कवितामा कविले नारी समस्या, गरिबीको पीडा, पूँजीवादी—साम्राज्यवादी व्यवस्थाका विकृति, शासकहरूको पदलोलुपता, निम्नवर्गीय जनताका पीडा, बेरोजगारी समस्या, चुनावी षड्यन्त्रजस्ता विषयहरूलाई समावेश गरिएको छ । यस सङ्ग्रहकवितामा कविले अपाङ्ग हुनुको नियति, बेचिएका नारीहरूले भोनुपरेको पीडा, खातेहरूको बाँच्नुको नियति र निरर्थक जिन्दगी, युवावर्गमा देखिएको दुर्व्यसनी, प्रत्येक नयाँवर्ष निरर्थक हुँदै गएका, युवाहरू जागिरको खोजीमा भौँतारिएर हिँड्नुपरेको यथार्थ, निम्नवर्गीय किसान मजदुरहरूले आफ्नो प्रतिनिधित्व गर्ने व्यक्तिलाई सत्तामा पुऱ्याउन चाहे पनि सामन्तीहरू नै सत्तामा पुगेर शासन गरिरहेको, प्रमिथसले स्वर्गबाट आफ्ना जनताका खातिर आगो चोरेर ल्याएको र ऊ दण्डित भएको, नेपालजस्ता देशमा पनि प्रमिथसद्वारा चोरिएको आगो आएको तर ठूलाबडाका घरमा मात्र आएको भन्ने कुरालाई मुख्य विषयका रूपमा प्रयोग गरेका छन् ।

आगो पालेका पेट र शीत ओडेका बस्तीहरू मुरारि पराजुलीको दोस्रो संयुक्त कवितासङ्ग्रह हो । यस सङ्ग्रहका कवितामा गरिबी, अभाव, राजनैतिक विकृति, स्वतन्त्रता, परिवर्तन, नारीका पीडा, आदिवासी थारूजातिका नारीहरूले भोग्नुपरेको समस्या, अन्याय—अत्याचारका विरूद्धको सङ्घर्षजस्ता कुराहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । ऋषिराम भुसाल लेख्छन्- "द्वन्द्वका कवि मुरारि पराजुलीका कवितामा न त जनताले मुक्तिको सास फेर्न पाएका छन्, न त जनविरोधी वर्गका मोजमस्ती नै सन्देहरहित छ— दुवै बेचैन छन् । यति मात्र होइन, व्यक्ति जीवनका व्यथा, विवशता र मूल्यहीनता, सामाजिक वीभत्स स्थिति तथा क्षीण हुँदै गएको राष्ट्रियताको दर्दनाक स्वरमा उनी बोलेका छन्" (आगो पालेका पेट र शीत ओडेका बस्तीहरूको भूमिकाबाट) । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा गरिबीको पीडाभोगेका व्यक्तिहरूको दिनचर्यालाई प्रस्तुत गर्दै गरिबहरूको चूल्हो ताल्न

नसकेको, अभिभावकको इच्छा पूरा गर्न नसकेको, सन्तानका इच्छा पूरा गर्न नसकेका, अफ्रिकालाई गोराहरूको शासनबाट मुक्ति दिलाई स्वतन्त्र तुल्याउने मण्डेला अफ्रिकी जनताका आशाका केन्द्र विन्दु भएको, विधवा नारीले आफ्नो जीविकोपार्जनका लागि वेश्या बनेर अरूलाई तृप्त गराउँदा गराउँदै मृत्युवरण गरेर सडकमा हिँड्ने व्यक्तिहरूको घृणाको पात्र बन्न पुगेको, इमानदार कर्मचारी उपहासको पात्र बन्नुपर्ने अवस्था, जीवनको विभत्सता र कुरूपताको वर्णन, संस्कार र पर्व मनाउँदाका पीडा र समस्या, धरतीमा व्यभिचार, अत्याचार, कपट बढ्दै गएको सन्दर्भजस्ता कुराहरू विषय बनेर आएका छन् ।

हाँसेर उसका ओठले पराजुलीको तेस्रो कवितासङ्ग्रह हो । यसमा राष्ट्र र राष्ट्रियतामाथि सङ्कट उत्पन्न भएको, नैतिक मूल्य र मान्यता ह्रास हुँदै गएको, युद्धले निम्त्याएको त्रासद वातावरण, प्रेमप्रणयका राग, नेतृत्ववर्ग कर्तव्य र जिम्मेवारीबाट च्यूत बन्दै गएको, शासक वर्गबाट लुटिएका, ठगिएका जनताका पीडा र विवशता, शाही निरङ्कुशताप्रति आक्रोश, ईर्ष्या र डाहा गर्ने प्रवृत्ति, सभ्यताको चरम विकासले संस्कारहरू धरापमा पर्दै गएका, इमानदारिताको खडेरीपरेको तथा जीवनका विसङ्गतिपूर्ण बन्दै गएको जस्ता विषयहरू आएका छन् ।

लोकतन्त्रको शङ्खनाद पराजुलीको चौथो संयुक्त कवितासङ्ग्रह हो । शाही निरङ्कुशताका विरूद्ध चलेको लोकतान्त्रिक आन्दोलनका बेला शाही शासनव्यवस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाको महान् आन्दोलनयज्ञमा कविहरूको उपस्थिति सशक्त रहेको सन्दर्भमा त्यसै आन्दोलनलाई थप ऊर्जा प्रदान गर्न तथा विद्रोह र क्रान्तिको ज्वालाको लप्काले राजसंस्थाको अस्तित्व समाप्त पार्ने उद्घोषका साथ लेखिएका कविताहरूको सङ्ग्रह हो लोकतन्त्रको शङ्खनाद । यसमा कवि पराजुलीका पाँचओटा कविताहरू रहेका छन् । यी कवितामा शाहीशासन अन्त्यको पूर्वसङ्केत, राजसिंहासन ढलेर राजसंस्था इतिहासमा मात्र रहने, जनताको पसिना र परिश्रमको कदर हुन नसकेको, सेतो हात्तीका रूपमा रहेको राजसंस्थाको भरणपोषणमा ठूलो व्ययभार खर्चिनु परेकोजस्ता विषयहरू आएका छन् ।

**हाम्रा छातीको दशगजा**

कवितासङ्ग्रह २०७३ सालमा प्रकाशित कृति हो । यसमा २०५८ सालदेखि २०७२ सालसम्म रचना गरेका ४६ ओटा कविताहरू यस सङग्रहमा सङ्कलित छन् । कविताको रचनागर्भका बारेमा कवि पराजुली भन्छन्-"मेरो कवितागर्भ अतिशय असन्तुष्टि र आक्रोशका भ्रूणहरूको पिण्ड रहनेछ । मूलतः वैयक्तिक रागभन्दा सामूहिक जीवनका पीडा र घृणाहरू मेरा कविताका विषय हुन् । यस सङ्ग्रहले ज्ञानेन्द्रको पश्चगामी काल, माओवादी सशस्त्र हिंसाको काल र विस्तृत शान्तिसम्झौता पछिको गणताान्त्रिक कालका प्रसङ्गहरूलाई पक्रन खोजेको छ ।" कविका यिनै स्वीकारोक्तिबाट यस सङ्गहका कविताको विषयवस्तुका बारेमा स्पष्ट थाहा हुन आउँछ । यसमा

कविले देशको न्यायव्यवस्था, सशस्त्र हिंसाका बेलाको त्रासदिपूर्ण वातावरण, द्वन्द्वका बेलामा चाडपर्वहरू निरर्थक बन्दै गएका, देश युद्धले आक्रान्त बनेको, नारीहरूको अपमान भएको, लुटतन्त्र र ठोकतन्त्रले प्रश्रय पाएको, आफ्नै देशमा शरणार्थी सरह बाँच्नु परेको पीडा, विकासका सट्टा विनाश र विध्वंश भएको, प्राकृतिक प्रकोपले जनताले पीडा भोग्नुपरेको, विचारको क्षयीकरण भएको, स्वाभिमान बिक्री भएको, श्रमजीवीहरूको परिश्रमको कदर नभएको, राजसंस्थाप्रतिको आक्रोश, लम्पसारवादी चिन्तनले नेतागणलाई गाँजेको, वर्गीय विभेद डरलाग्दो रूपमा बढ्दै गएको, राजसंस्थाको अन्त्य र गणतन्त्रको स्थापना सुनिश्चित भएको, सबै नेपाली जनताका गणतन्त्रको स्वागतका लागि आतुर बनेका, युद्धको विरोध, नक्कली नागरिकताधारी आयातित नेपालीबाट राष्ट्रिय अखण्डतामा आँच पुगेको, छिमेकी राष्ट्रले राष्ट्रिय स्वाधीनतामाथि हस्तक्षेप गरेको, मानवता र स्वतन्त्रता हरण भएको, मानवता, भातृत्व, प्रेम, सदाचार सद्भाव उत्तरदायित्व जस्ता कुराहरू हराउँदै गई विकृति र विसङ्गति गाँजिदै गएको, राष्ट्रियता कमजोर भई जातीयताका नारा घन्कन थालेको, युवाहरूको विदेशिनु पर्ने वाध्यता, चाकरीवाद चाप्लुसीवादको पराकष्ठा देखिएको, नयाँ वर्षले जनतामा खुसी ल्याउन नसकेको, व्यस्त जीवनले निम्त्याएका पीडा र बढ्दै गएको अनुत्तरदायी प्रवृत्ति, सामाजिक जीवन हरण भएको, जातीयताका आधारमा राज्य खण्डित पार्ने वैदशिक चलखेल बढेको, राष्ट्र र राष्ट्रियता सङ्कटमा पर्दै गएको, नेपालका महत्वपूर्ण स्थानमा भारतीय कुदृष्टि परेको, जाति, धर्म भाषा आदिका आधारमा गरिने सङ्घीयता घातक हुने, नेपालमा शान्ति भाइचारा र सुशासन देख्न नचाहने छिमेकी राष्ट्रको व्यवहारजस्ता कुराहरू यस सङ्ग्रहका कविताका विषय बनेर आएका छन् ।

मुरारि पराजुलीका समग्र कविताहरूमा गरिबीका पीडाको उद्‌घाटन, सामाजिक आर्थिक दुरावस्थाको चित्रण, स्वतन्त्रता, समानता र भातृत्व स्थापनाको चाहना, मानवता स्थापनाको कामना, राष्ट्र र राष्ट्रियताप्रतिको अगाध स्नेह, गणतन्त्र स्थापनाको चाहना, किसान मजदुर सर्वहारा वर्गको मुक्तिको कामना, शोषित पीडित जनताको रोदन क्रन्दन र पीडाको प्रस्तुति, नारीमाथि हुने दमनको चित्रण, राजसंस्था अन्त्यको चाहना मुख्य रूपमा प्रकट भएका छन् । यिनका कवितामा गरिबीको पीडा छ, अभाव र पीडाको छटपटीछ, सहरका गल्ली र सडकबाट निस्कने रोदन र क्रन्दन छ ।

**ख) प्रगतिवादी क्रान्तिकारी स्वर**

मुरारि पराजुली मार्क्सवादी दृष्टिकोण र विचारलाई अभिव्यक्त गर्दै कविता लेख्ने प्रगतिवादी कवि हुन् । कवि पराजुलीले नेपाल शान्ति क्षेत्र घोषित भएपनि देशमा कहिल्यै शान्ति नछाएको, देशद्रोहीले शान्ति खलबलाइदिएका, किसान र मजदुर वर्गको हकहित हुन नसकेको कुरालाई प्रस्तुत गरेका छन् । निम्न वर्गीय जनता सत्तामा पुग्न नसकेका र सामन्तीहरू नै सत्तामा पुगेर शासन गरिरहेकोप्रति आक्रोश व्यक्त गर्दै सर्वहारा वर्गले शासन गर्ने दिन आउन अब धेरै समय

नलाग्ने उद्घोष समेत गरेका छन् ।

नेपाली समाजमा विकराल बन्दै गएको गरिबी र सङ्कटका कारण उत्पन्न विषम परिस्थितिलाई चित्रण गर्दै कविले जनताको अधिकारका लागि लड्नु पर्दा अनुशासन उलङ्घनको आरोपमा सजाय भोग्नु परेको वास्तविकतालाई यस सङ्ग्रहका कवितामा देखाएका छन् । जनताले विद्रोह र परिवर्तनका लागि विगुल बजाउँदा शासक वर्गले घृणा गर्ने, सिद्धान्तको युद्ध गर्ने जनता पराजित भई हतियारका युद्धले विजय प्राप्त गरेकोप्रति आक्रोश व्यक्त गर्दै सत्य पराजित भई असत्यको विजय हुँदा कवि मन रोएको कुरा यसरी व्यक्त गरेका छन् -

*तर जतिखेर हार्छन् सत्यताहरू*
*पाउँछन् असत्यहरूले सफलता*
*त्यतिखेर नै मन रोइदिन खोज्छ*
*र मन यसरी रून्छ*
*कि जतिसम्म मन रून सक्छ*
(आगो पालेका पेट र ......,पृ. २७)

देशका लागि लड्ने योद्धा मृत्युदेखि डराउँदैन, प्रलोभनमा फस्दैन र निरङ्कुश शासकका आततायीपूर्ण व्यवहार र प्रवृत्तिका विरूद्ध सधैँ आवाज बुलन्द गर्छ भन्ने कुरा कविले व्यक्त गरेका छन् :

*मैले*
*मेरो मुटुबाट खसेका शब्दहरूलाई*
*जल्लादका बुट र सङ्गिनसित*
*तर्सिन दिइनँ*
*मैले मेरो अक्षर ब्रहमलाई*
*प्रलोभनका नालीमा बन्दकी राखिनँ*
.....
*किनभने/मेरा शब्दहरू विसङ्गतिको विभतिमा थिए*
*मेरा शब्दहरू परिवर्तनको पुकारमा थिए*
(हाम्रा छातीको दसगजा पृ. २१/२२)

श्रमजीवी, मजदुर र सर्वहारा वर्गले सधैं रगतलाई पसिनाका रूपमा निकालेर परिश्रम गरेपनि तिनीहरू अभाव र छुटपटीमा बाँच्नु परेको र उनीहरूको अनुहारमा खुसी छाउन नसकेकोमा कवि चिन्तित हुँदै समानता स्थापनाका लागि विद्रोह गर्न आग्रह गर्न पुग्छन् । वर्गीय विभेद जन्मजात नहुने र सामाजिक संरचनाले यस्ता विभेद निम्त्याउने भएकाले विभेदकारी शासनव्यवस्थाका रूपमा राजसंस्था रहेकाले यसको अन्त्य निश्चित भएको तथा जनताको मुक्तिका लागि आफू शूली चढ्न र रगत बगाउन तयार रहेको क्रान्तिकारी विचार व्यक्त गरेका छन् ।

**ग) सामाजिक जीवनको चित्रण**

पराजुलीका कवितामा नेपाली समाजको सजीव चित्र देख्न पाइन्छ । जीविकोपार्जनका लागि अस्तित्व बेच्न विवश भएका नारीहरूको बेवारिसे मृत्यु तथा मानवमा संवेदना र सहानुभूति हराउँदै भएको सन्दर्भलाई कवितामा व्यक्त गरेका छन्-

*स्तनहरू छरपष्ट छिरलिएका छन्*
*र गुप्ताङ्ग*
*लाज नमानेर आकाश हेरिरहेछ*
*यो कुनै जीवन होइन*
*मात्र बेवारिसे लासको अभिव्यक्ति*
*मान्छेहरू ऊ हुँदै पार भैरहेका छन्*
*र मान्छेहरू पिचिक्क थुकिरहेछन् ।*
(आगो पालेका पेट र ......, पृ. ३०)

तराईका आदिवासी जातिले आफ्ना चाडपर्व, संस्कार मनाउँदाको समस्या,

साहुको ऋण तिर्दाको पीडालाई कवितामा चित्रण गर्दै आदिवासीको हक अधिकारका पक्षमा आवाज उठाएका छन् । कविले विपन्न वर्गका पीडा, वेदना, छटपटीको चित्रण गर्दै भोजभतेर गर्दाको व्ययभार गरिबहरूका पुस्तापुस्तामा हस्तान्तरण हुँदै जाने बिडम्बनालाई यसरी व्यक्त गरेका छन् :

*बारिसको बेला*
*डेहरीमा एक गेडा अनाज छैन*
*भताइका लागि बयल बेच्दा*
*जोताइको साधन छैन*
*चिन्काके माई*
*फेरि गाभिन छे*
*भरपेट खान पाएकी छैन*
..................
*रामअवतार सोचिरहेछ*
*भताइ चलाउँदाको यो भारी*
*कुन पुस्ताले बिसाउने हो ?*
(हाँसेर उसका ओठले, पृ. ६५-६६)

समाजमा व्यभिचार, अत्याचार, कष्ट, षड्यन्त्र मौलाउँदै गएको सन्दर्भ कोट्याउँदै सत्य र न्याय स्थापनाका लागि अब महाभारतको जस्तै युद्ध हुने उद्घोष कविले गरेका छन् :

*आज म*
*निष्फिक्री चोकहरूमा उर्लेर*
*ऐलान गर्छु कि*
*मान्छे हो*
*तयार होऊ*
*अर्को कुरूक्षेत्र तयार हुँदैछ समिपमा*
*फेरि आज हामी अर्को पटक*
*सम्पूर्ण कष्ट र जालझेलका विरूद्ध*
*महाभारतको युद्ध लड्दैछौं ।*
(आगो पालेका पेट र ......, पृ ३८)

वर्तमानमा स्वार्थमा लिप्त व्यक्तिहरूको आस्था र विचारको क्षयीकरण हुँदै गएको, स्वाभिमानको लिलामी भएको देखेका कविले आफ्नो धरोहर ढल्न नदिने उद्घोष गरेका छन्ः

*मैले विचारको पसिना पोखेर*
*प्रतिबद्धताको सलामी ठोकेको छु*
*बचाउँदै आस्थाको स्तूपलाई*
*मैले मेरै आत्मासँग कसम खाएको छु*
(हाम्रा छातीको दसगजा, पृ. २५)

अहिलेको समयमा व्यक्ति व्यस्त जीवन बाँचिरहेको सन्दर्भ प्रस्तुत गर्दै कविले बिना कामको व्यस्तताका कारण उसले आफ्नो परिवारप्रतिको उत्तरदायित्व र जिम्मेवारी, सामाजिक कर्तव्य भुल्दै गई असामाजिक जीवन बाँच्न बाध्य भएको कुराको सजीव चित्र उतारेका छन् ।गरिबीको पीडाभोगेका व्यक्तिहरूको दिनचर्यालाई प्रस्तुत गर्दै गरिबहरूको चूल्हो तात्न नसकेको, अभिभावकको इच्छा पूरा गर्न नसकेको, सन्तानका इच्छा पूरा गर्न नसकेको जस्तो यथार्थलाई कविले कवितामा अभिव्यक्त गर्छन्–

*चिसो चूल्हो माग्ने गर्छ*
*तातिने सलाईका काँटीहरू*
*स्वास्नी च्यातिएको चोलीमा पनि*
*हाँस्ने निष्फल चेष्टा गर्छे*
*बृद्ध बाबुआमा*
*तीर्थाटनको जिज्ञासा अझै पाल्दैछन् ।*
(आगो पालेका पेट....पृ.२०)

सभ्यताको विकासका नाममा छाडा संस्कारले गाँजेको र हाम्रा मौलिकताहरू हराउँदै गएकोतर्फ सङ्केत गर्दै कविले सभ्यताको विकासले बाँदरलाई मान्छे र मान्छेलाई बाँदर बनाएको व्यञ्जनागम्य अर्थ ध्वनित गरेका छन् :

*सभ्यताको विकासले*
*बाँदरलाई मान्छे बनायो*
*जङ्गलबाट सहर पठायो*
*बिर्सेर विकासका यात्राहरू*
*लाटो देशका गाँडा तन्नेरी*
*बस्त्र फुकालेर गौरवसाथ*
*सौन्दर्य पस्किरहेछन्*
*बुद्धिमानीको पगरी भिरिरहेछन्*
(हाँसेर उसका ओठले, पृ.२४)

**घ) युद्धको त्रासद पक्षको चित्रण**

कवि पराजुलीले २०५२ सालदेखि सुरू भएको माओवादी सशस्त्र द्वन्द्वले निम्त्याएको कहाली लाग्दो र त्रासदीपूर्ण परिवेशका कारण शान्ति समाप्त हुँदै गएको र मानव संहारमा प्रकृतिले समेत रोदन गरेको कुरा कविता व्यक्त गरेका छन्-

*अकाल मरेका मान्छेका*
*लास कुहेर उठेको पहाडमा पनि*
*आफूहरू फुल्न नसक्ने कुरा गर्छन्*
*मान्छेको मुस्कान र फूलको सौन्दर्य*
*एउटै कुरा हो*
*फूलहरू मान्छे रूँदा*
*आफू हाँस्न नसक्ने कुरो गर्छन् ।*
(हाम्रा छातीको दसगजा, पृ. ७)

त्यस्तै युद्धकालमा गाउँबाट लुटिएर तथा लखेटिएर सदमुकाम र राजधानीमा शरणार्थी सरह जीवन बिताउनु परेका नागरिकका पीडाको चित्रण कवितामा गरिएको छ ।

देशमा प्रजातन्त्र खतरामा पर्दै गएको, दिनदिनै हत्याहिंसाका शृङ्खला बढ्दै गएका, युद्धको त्रास फैलिएको र देश बधशालामा रूपान्तरित हुँदै गएको कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

*मलाई नसोध*
*प्राणको यकिन यतिखेर*
*हिमालहरू पुत्ताउँदै छन्*
*नदीहरू बल्दै छन्*
*कसाई सपनाको साम्राज्यमा*
*देश बधशालामा रूपान्तरित यतिखेर*
(हाँसेर उसका ओठले, पृ. ३९)

**ङ) राजसंस्थाप्रतिको आक्रोश**

कविले राजसंस्थाप्रति जनविश्वास घट्दै गएको, अबको युद्ध यसको अन्त्यका लागि अन्तिम युद्ध हुने, सबै पक्षबाट विरोध भएको, श्रीपेचलाई भकुन्डो बनाएर खेलिएको र राजदण्ड भाँचेर आगो बाली तापिएको कुरा गर्दै नारायणीहिटीबाट निस्केर जनता सामु माफी माग्न राजालाई आग्रह समेत गरेका छन् ।

*इतिहासको घृणित कन्टेनरमा*
*फ्याँकिएको*
*श्रीपेच निकालेर केटाकेटीहरू*
*आक्रोशको भकुण्डो खेलिरहेछन्*
*तिम्रो व्याभिचारको राजदण्ड भाँचेर*
*चुलोमा आगो तापिरहेछन्*
..........
*क्षमा माग*
*जनताका खुट्टामा लम्पसार परेर*
(हाम्रा छातीको दशगजा, पृ. ३५)

**च) राष्ट्रियता**

सर्वहारा वर्गको नेतृत्व गरेर सत्तामा पुग्ने र आफ्नो इमान बेचेर आर्थिक लाभका लागि राष्ट्रघाती सम्झौता गर्ने गरेकोलाई कविले कडा व्यङ्ग्य गरेका छन् :

*साँध सिमाना परिवर्तनका*
*ल्याप्चे आदानप्रदान हुँदै गर्दा*
*मैले देखिरहेछु*

*एउटा सर्वहारा*
*जमिन, बंगला र मोटर स्वामित्वको*
*आफ्ना हकमा नामसारी गर्दै हुन्छ*
(हाँसेर उसका ओठले, पृ. २७)

देशका अदूरदर्शी नेताका अविवेकी निर्णयका कारण आयातित व्यक्ति नक्कली नागरिकता लिई राष्ट्रिय अखण्डतामा बाधक बनेका, विदेशीका इशारामा राष्ट्रियता कमजोर पार्ने कार्य गरेकोप्रति तीव्र आक्रोश व्यक्त गर्दै कविले राष्ट्रियताका लागि मर्न तयार भएको उद्घोष गरेका छन्-

*निरङ्कुशताका विरूद्ध लडेको*
*मेरो ज्यान*
*फेरि हाजिर छ, राष्ट्रियताको लडाइँमा*
*पटक पटक*
*अपमानका मृत्युहरू सहनुभन्दा*
*म एकैचोटि*
*प्यारो नेपाल बचाउनका निम्ति*
*अन्तिम बलिदान दिन तयार*
*भएको छु ।*
(हाम्रा छातीको दशगजा, पृ. ४९)

छिमेकी राष्ट्रले मैत्रीपूर्ण व्यवहार गर्नुका सट्टा केही भिजिलान्ते प्रयोग गरी हाम्रा साँध सिमाना मिच्ने, जङ्गेपिल्लर रातारात सारेर छातीमा आरा चलाएकोप्रति आक्रोश व्यक्त गर्दै राष्ट्रिय स्वाभिमान र अस्तित्व बनाउनका निम्ति हरेक नेपालीलाई सजगर सचेत हुन आग्रह गरेका छन् ।

युरोपियन युनियन र कर्पोरेट एजेन्सीहरूले डलर दिएर नेपालमा जातीय आधारमा राज्य बिखण्डन गर्ने दुष्प्रयास गरेकोमा त्यसप्रति सचेत हुनुका सट्टा चार हातखुट्टा फालेर स्वागत गर्न तम्सने नेतागण प्रति कविले तीव्र रोष प्रकट गरेका छन् । राज्यलाई खण्डखण्ड पारेर शासन गर्न चाहनेहरूलाई थुम्केली राज्यको संज्ञा दिदैं यसले भविष्यमा नेपाल राष्ट्रको अस्तित्व सङ्कटमा पर्नेप्रति कविको चिन्ता प्रकट भएको छः

*मति भाँडिएका बेला*
*पराई साँढेलाई मौका मिल्छ भन्छन्*
*म सम्भावनालाई*
*नजिकबाट छामिरहेछु*
*कि पिढीसाँढेका*
*थुम्केली राजा बने अभियानमा*
*निदाइरह्यो भने एकनास कुनै दिन*
*बलात् हामीलाई घोका रहनेछ*
*बन्दे मातरम् का राष्ट्र गानहरू*
(हाम्रा छातीको दशगजा, पृ. ९४)

नेपालमा शान्ति, भाइचारा, सुशासन, सद्भाव एकता देख्न नचाहने छिमेकी राष्ट्रको दुर्व्यवहार देखेर आक्रोशित बनेका कविले हिमाल, पहाड र तराईका सम्पूर्ण नेपालीहरू एकताबद्ध भई बस्नुपर्ने र आफ्नो नेपाली परिचय जोगाउनुपर्ने कुरा व्यक्त गर्दै सबै नेपालीलाई सचेत गराएका छन्-

*यतिखेर छपक्कै छन् छिचिमिरा छौंडाहरू*
*ए आफूलाई नेपाली भन्न नथाक्नेहरू*
*दूर छैन आउनलाई त्यो दिन*
*जब उसैले दिएको*
*पहिचान हामीले थाप्नुपर्छ*
*हाम्रा छातीको दशगजा*
*उसैका फिर्ताले नाप्नुपर्छ*
(हाम्रा छातीको दशगजा,, पृ. १०१)

कविले २०७२ सालमा संविधानको घोषणापछि तराई मधेशका केही दल र तिनका नेताले विदेशीका इसारामा देशको झण्डा जलाउँदै, आस्थाका

सालिकहरू भत्काउँदै मातृभूमिका विरूद्ध नारा घन्काउँदै दसगजाका उभिएर देशको राष्ट्रियतामा प्रहार गरेकोप्रति कविले चिन्ता व्यक्त गरेका छन् र त्यस्ता भुइँफुट्टाहरूको राष्ट्रघाती व्यवहारबाट सबैले पाठ सिकी राष्ट्रियता बचाउन लाग्नुपर्ने कुरा व्यक्त गरेका छन् ।

**छ) मिथकीयता**

कवि पराजुलीले आफ्ना कवितामा मिथकीय सन्दर्भलाई समेत प्रयोग गरेका छन् । 'प्रमिथससँग' कवितामा प्रमिथसको मिथकलाई जोड्दै जनताको हितका खातिर प्रमिथसले आगो चोरेर ल्याएपछि गरिब जनता चुलोमा आगो बल्न नसकेको कुराको चित्रण गर्दै आगोको सट्टा समानता, स्वतन्त्रता, मानवता चोरेर ल्याउन तथा बिद्रोह, प्रेम र इमानदारी बोकेर ल्याउन प्रमिथसलाई आग्रह गरेका छन् :

*प्रमिथस, बेप्रयोजन आगो चोरिस्*
*बरू अलिकति समानता चोर्नुपर्ने*
*मुठाएक मानवता ल्याउनुपर्ने*
*आगो हेर्ने घाम ल्याउनुपर्ने*
*आखिर दण्डित हुनु परेपछि*
*कमसेकम स्वतन्त्रता झरालनुपर्ने*
(सिर्जनाका स्वरहरू, पृ. ३४)

आर्थिक रूपमा विपन्न परिवारका समस्याको चित्रण गर्दै कविले उनीहरूको जीवनमा उज्यालो आउन नसकेको र सधैं बादल लागिरहेको सन्दर्भ कविले सामाजिक मिथकका माध्यमबाट प्रस्तुत गरेका छन् :

*छोरा, यस कथाहरू सुनाउनु हुन्न आज*
*बादल एकनाससँग धुम्मियो क्षितिजभरि*
*पल्ला गाउँबाट र रातभर कुकुरहरू रोइरहे*
*स्यालहरू कराइ रहे फाँटमा*
(आगो पालेका पेट........, पृ. २३)

अग्निको सहयोगले बरूणबाट प्राप्त गाण्डीव धनुष शक्तिशाली धनुष हो जुन अर्जुनले प्रयोग गर्दथे । युगका बेथिति, कुरीति, षड्यन्त्रका विरूद्ध गाण्डीव धनुहरू प्रयोग गरेर तिनलाई समाप्त पार्ने कविको चाहना व्यक्त भएको छ :

*त्यसैले आज सन्सनाइरहेछन्*
*युगका गाण्डीव धनुहरू*
*ओइरिन*
*एकैपटक युगका अलच्छिनहरूमा*
(आगो पालेका....., पृ. ३८)

कविले आमाले बालकलाई फुलाउँदा 'मेरो ज्ञानी राजाले यस्तो गर्दैन' भनेर फुलाउने गरेको सामाजिक तथा दन्त्यकथात्मक मिथकलाई प्रयोग गरी अबका आमाहरूले यस्ता पुरातन शब्द प्रयोग गरी सन्तानको गरिमा नखसाउने कुरा व्यक्त गरेका छन् । यसमा राजाप्रतिको कविको अनास्था प्रकट भएको छ :

*वात्सल्यले अभिभूत आमाहरू*
*खाना खाएनन् भन्ने बहानामा*
*मेरो ज्ञानी राजाले*
*यस्तो गर्दैन भनेर*
*यति सानो अपराधमा पनि*
*राजा जस्तो पुरातन शब्द चुनेर*
*प्रिय आफ्ना सन्तानको*
*चोखो गरिमा नखसाऊन्*
(लोकतन्त्रको शङ्खनाद, पृ.४६)

कविले राजा रामको आज्ञा मान्ने हनुमान भएजस्तै नेपाली जनता राजाको आज्ञा मान्ने हनुमान नभई विद्रोही स्पार्टाकस भएको मिथकीय

सन्दर्भलाई प्रस्तुत गरेका छन्

*हामी प्राकयुगमा हनुमान होइनौँ*
*हामी हौँ विद्रोही स्पार्टाकस*
*तिम्रा हुकुममा खट्ने रैती होइनौं ।*
(लोकतन्त्रको शङ्खनाद, पृ. ५०)

कविले व्यक्तिका जीवनका व्यक्तता, असफल प्रयास, जीवनका निरर्थकतालाई सिसिफसको श्रापको मिथकसँग जोडेर हेरेका छन् –

*बिहानदेखि रातिसम्म*
*सधैँ दोहोरिरहने*
*सिसिफसको शापित नियति ।*
(हाम्रो छातीको दशगजा, पृ ८३)

**ज) बिम्बालङ्कार**

कवि पराजुली बिम्बवादी कवि हुन् । उनका कवितामा कृतिव्यापि बिम्ब, स्थानीय बिम्ब, प्रचलित तथा अप्रचलित बिम्ब, अमूर्त बिम्ब आदिको प्रयोग गरी भावलाई सहान बनाइएको पाइन्छ । ऋषिराम भुसाल लेख्छन्– "बिम्ब प्रचुर र सन्दर्भ बहुल उनका कविता सम्प्रेषणको जटिलतातिर पो लम्किँदै छन् कि, शङ्का लाग्छ ।" सघन र सशक्त बिम्बको प्रयोग गरी भावाभिव्यक्ति गर्नु पराजुलीको विशिष्ट पहिचान हो । कुकुर, स्याल, हुरी, आँखा, रण्डी, परेवा, मृग, काँडा, सिङ, लास, तारा, खसी, बोका, बुद्ध, प्रमिथस, गुराँस, ह्याङ्गर, ताजमहल, नरपिचाश, सेतो हात्ती, दशगजा, छौँडा, नरककुण्ड, सुनकेस्रा रानी, जुडासका सिक्काहरू, सिसिफस, जङ्गबहादुर, भुइँफुट्टा जस्ता प्रशस्त बिम्बहरूको प्रयोगले कविता सजिएका छन् । त्यस्तै गरी अमूर्त तथा अप्रचलित प्रयोगवादी खालका लाग्ने खुट्टा हल्लिराखेको खाट, एक टुक्रा विश्वास, सुदूर भविष्य, मृत्यु उत्सव, ताण्डव मृत्यु, अपहत्तेको भुङ्ग्रो, गह्रौ मृत्यु, अवसानको बन्दी, विचारका मण्डीहरू, पिपको खहरे, लामो रात, खडेरीका काकाकुल, गणतन्त्रको कलिलो हात, पाखण्ड रत्यौली, रगतको कात्रो, बेइमान एम्बुलेन्स, मृत्युको अम्मल, धूपका बरफजस्ता विम्बहरूले भाव ग्रहणमा जटिलता निम्त्याएको अनुभव हुन्छ ।कवि पराजुलीले बिम्बको प्रयोगबाट अलङ्कारको विधान गरेका छन् । रूपमा उपमा, अत्युक्ति, स्वभावोक्ति, समासोक्ति जस्ता अर्थालिङ्कारको प्रयोगले कविताहरू सजिएका छन् । केही उदाहरणहरूः

*उपमा*
*कता कता चर्के झैं पनि लाग्छ*
*अतिकति महङ्गो झैं पनि लाग्छ*
*आखिर मान्छेकै मासु हो*
*घोच्न खोजे झैं पनि लाग्छ*
(आगो पालेका .... २८)

*रूपक*
*हामी प्राक् युगका हनुमान नहोर्‌नौं*
*हामी हौँ विद्रोही स्पार्टाकस*
(लोकतन्त्रको....५०)

*अत्युक्ति*
*शाही शौक र शानले*
*सगरमाथा पुड्कोमा अनुवाद हुनेछ*
(हाँसेर उसका ओठले, पृ. १९)

**१.३ मुरारि पराजुलीको योगदान र स्थान**

रूपन्देहीको कविता परम्परामा उदाएर आफ्नो सशक्त उपस्थिति जनाउने कवि हुन् मुरारि पराजुली । पराजुलीले आफ्ना कवितामा सामाजिक विसङ्गति, आर्थिक असमानता,

राजनैतिक उत्पीडनभित्रका छटपटीलाई टिपेर जनजागरण फैलाउँदै समाजसुधार र परिवर्तनका निम्ति सङ्घर्ष गर्न आव्हान गरेका छन् । उनका प्रारम्भिक चरणका कवितामा शैलीशिल्पमा केही परिष्कार र परिमार्जनको कमी देखिए पनि विद्रोहको हुङ्कार पाइन्छ भने पछिल्लो समयका कवितामा ओजस्वी भाषाशैली, प्रतीकात्मक व्यञ्जनागम्य, आलङ्कारिक लक्षणागम्य शैलीका माध्यमबाट प्रगतिवादी क्रान्तिकारी विचारको सशक्त प्रकटीकरण भएको छ । २०४६ को आन्दोलनको पृष्ठभूमि, २०५२ पछिको द्वन्द्वको चित्रण, २०५९ को शाही निरङ्कुशता र प्रतिगमन, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन, मधेश आन्दोलन, नाकाबन्दीजस्ता पक्षलाई कवितामा प्रकट गर्दै कविले आफूलाई लोकतन्त्र र राष्ट्रिय एकताका पक्षमा उभ्याएका छन् ।

समालोचक महादेव अवस्थी लेख्छन्- "पराजुलीका कवितामा मानवता, राष्ट्रियता, गणतन्त्र, समाज र स्वतन्त्रताका बहुस्वरको बहुस्तरीय र प्रगतिवादी अभिव्यक्ति भेटिन्छ । नेपाली समाजमा विद्यमान आर्थिक, जातीय, लिङ्गीय विभेद र त्यसबाट पीडित वर्ग तथा समुदायको पीडाको सशक्त उद्बोधन कवितामा भेटिन्छ । विभेदमा पारिएका दलित समुदाय र नारी समुदायका अनि निमुखा पिछडिएका गरिब वर्गका निम्ति अपेक्षित सामाजिक तथा आर्थिक न्यायको माग पनि व्यक्त गरिएको छ । साथै सम्पूर्ण किसिमका बन्धनमा परेका जनसमुदायको मुक्ति वा स्वतन्त्रताको आकाङ्क्षालाई पनि अन्ध्वनित गरिएको छ । बहुस्वरीयता नै पराजुलीका कविताको र यस सङ्ग्रहका कविताको नवप्रगतिवादी धारागत अभिलक्षण हो" (हाम्रा छातीको दशगजाको भूमिका, ष्ख) ।

आनन्ददेव भट्ट भन्छन्– "कवि मुरारि पराजुलीको दृष्टिकोणमा प्रस्टता छ, सम्प्रेषणीय अभिव्यक्ति छ, काव्यात्मक प्रवाह अनुभव हुन्छ । उक्ति सशक्तता पनि भेटिन्छ । दीन–हीन जनताप्रति सहानुभूति र करूणाको भाव झल्किन्छ, कहीं कतै सानो तिनो व्यङ्ग्यको बोध हुन्छ, नेपाली माटोप्रतिको प्रेम र अन्तर्राष्ट्रिय भ्रातृभाव सजीव लाग्छ" (आगो पालेका पेट र शीत ओडेका बस्तीहरूको भूमिकाबाट) ।

कविले आफ्ना मनमा उठेका अनुभूतिका ज्वारहरूलाई अभिव्यक्त गर्ने क्रममा मुक्त लयढाँचालाईआत्मसात् गरेका छन् । कुनैकुनै पङ्क्तिमा आद्य , मध्य र अन्त्यानुप्रासको आयोजना गरिएकाले लयगत माधुर्य पनि पाउन सकिन्छ । कवितामा सरल, सहज भाषाशैली र नेपाली जनजिब्रोमा प्रचलित शब्दहरूको अधिक प्रयोग देखिनुले कविताहरू बोधगम्य हुन पुगेका छन् ।संस्कृत तत्सम स्रोतका शब्द तथा आगन्तुक स्रोतका शब्दहरूको प्रयोग भएका यिनका कतिपयकविताहरू सामान्य पाठकका लागि क्लिष्ट नै बन्न पुगेका छन् । अमूर्त तथा अप्रचलित प्रयोगवादी खालका लाग्ने बिम्बको अत्यधिक प्रयोगले यिनका कविताहरूप्रयोगवादी कविताका सीमामा पुगेका पनि छन् ।

कवि पराजुली कवितामा कतैपनि आत्मसमर्पणवादी देखिँदैनन्, जतातै विद्रोह छ, क्रान्तिको ज्वाला दन्केको छ, आगो ओकलिएको छ, जनता र देशको मुक्तिका लागि बलिदान गर्ने

उद्घोष छ, गरिब, निमुखा, सर्वहारा, मजदुर, श्रमजीवीका पक्षमा आवाज बुलन्द छ, सामन्ती शासनव्यवस्था र त्यसका शासकप्रति तीव्र आक्रोश र घृणा छ, सर्वहाराको पक्षमा गीत गुञ्जेको छ, राष्ट्रिय अस्तित्वको बचाउमा कलम बोलेको छ, जाति, भाषा, धर्म आदिका नाममा गरिने राज्य विखण्डनका विपक्षमा आवाज घन्केको छ । सशक्त बिम्बात्मक अभिव्यक्ति, भाषिक सूक्तिमयता, मिथकीयता, उच्च क्रान्तिकारी प्रगतिवादी भावाभिव्यक्ति, व्यञ्जनागम्य र लक्षणागम्य कविताशैली, उच्च राष्ट्रवादी स्वर, लघु कविताको मानक आयामका कविताको रचना, समानता, स्वतन्त्रता र भ्रातृत्वमा आधारित मानवतावादको अभिव्यक्ति, आर्थिक वर्गद्वन्द्वको चित्रण, सीमान्तीकृत समुदायको मुक्तिको पक्षमा आवाज उठाउनुजस्ता प्रवृत्तिगत विशेषताले मुरारि पराजुली राष्ट्रिय स्तर मै उच्चस्थान राख्ने उच्चकोटिका प्रगतिवादी कविका रूपमा स्थापित भएका छन् ।कवि पराजुलीबाट भविष्यमा अझै सशक्त र उच्चस्तरका कविता रचना हुनसक्ने सम्भावनालाई कविका यिनै साक्षी कृतिहरूले देखाइरहेका छन् भन्न सकिन्छ ।मूलतः मार्क्सवादी धारा र अंशतः गैरमार्क्सवादी धारा हुँदै अगाडि बढेको रूपन्देहीको कविता परम्परामा सामाजिक, राजनैतिक एवम् आर्थिक परिवर्तनको चाहना, जनसमुदायको मुक्ति वा स्वतन्त्रताको आकाङ्क्षा र सर्वहारा वर्गको पक्षपोषण तथा प्रजातान्त्रिक राष्ट्रवादी क्रान्तिस्वर व्यक्त गर्दै कवितालेखनमा सक्रिय मुरारि पराजुली प्रगतिवादी धाराका सशक्त प्रतिभा हुन् ।

## सन्दर्भसूची


उपाध्याय, गोपीरमण (२०५९), प्रगतिशील साहित्य समालोचना, रूपन्देही : बुटवल साहित्य, कला, संस्कति प्रतिष्ठान ।

खनाल, अजित (२०५५), "नेपाली साहित्यमा रूपन्देही जिल्लाको योगदान", स्नातकोत्तर अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

त्रिपाठी र अन्य (२०६०), नेपाली कविता भाग ४, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

पराजुली, मुरारि र अन्य (२०४५), सृजनाका स्वरहरू (संयुक्त कवितासङ्ग्रह), भैरहवा : सिद्धार्थ साहित्य परिषद ।

..........................(२०४६), आगो पालेका पेट र शीत ओडेका बस्तीहरू(संयुक्त कवितासङ्ग्रह), मणिग्राम : ऋषिराम भुसाल ।

पराजुली, मुरारि (२०६१), हाँसेर उसका ओठले (कवितासङ्ग्रह), पोखरा : ओजन बुक्स ।

.............. र अन्य (२०६२), लोकतन्त्रको शङ्खनाद (संयुक्त कवितासङ्ग्रह), रूपन्देही : नागरिक जागरण अभियान ।

पराजुली, मुरारि (२०७३), हाम्रा छातीको दशगजा (कवितासङ्ग्रह), रूपन्देही : गीता पराजुली ।

पौड्याल, शालिकराम (२०६१),"रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका कविताकृतिको अध्ययन",स्नातकोत्तर अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

...............(२०६२), 'रूपन्देही जिल्लाको कविता सृजनाको पृष्ठभूमि,परम्परा र विकास', मिर्मिरे, वर्ष-३४, अङ्क-१२,पूर्णाङ्क-२४७, चैत, पृ. ४३-५१ ।

.............. (२०६५), रूपन्देही जिल्लाको कविताको इतिहास : सर्वेक्षण र विश्लेषण, बुटवल : लेखक स्वयम् ।

...............(२०६५), 'बुटवलको साहित्यिक गतिविधि : सङ्क्षिप्त रेखाङ्कन', बुटवल दर्पण, वर्ष १, अंक १, पृ.५१-५९ ।

...............(२०७२), 'रूपन्देहीको नेपाली साहित्य',रूपन्देही दर्पण, भैरहवा : रूपन्देही शैक्षिक तथा सामाजिक प्रतिष्ठान, पृ.२१५-२३५

# सुनिल पुरीको रचनाकारिताको अध्ययन



● डा. पुष्करराज भट्ट

### १. परिचय सन्दर्भ

सुनिल पुरी समकालीन नेपाली साहित्य लेखनमा कविता-काव्य विधामा क्रियाशिल प्रतिभा हुन् । वि.स. २०२२ माघ २७ गतेका दिन तुलसा पुरी एवम् नारायणप्रसाद पुरीका सुपुत्रका रूपमा धनुषा जिल्ला, जनकपुरधाम, धनौजीमा जन्मेका पुरी हाल पुल्चोक, ललितपुरका स्थायी बासिन्दाका रूपमा रहेका छन् । यिनले वि.स. २०४१ सालमा नयाँ सन्देश साप्ताहिकमा मुक्तक प्रकाशन एवम् सोही वर्ष रेडियो नेपालबाट कविता वाचनका माध्यमबाट आफ्ना आफूलाई साहित्यिक संसारमा डोऱ्याएको पाइन्छ । यिनका हालसम्म प्रकाशित कृतिमा तीन कृतिमा आज तिम्रो सम्झनामा (गीत सङ्ग्रह, २०५७), गाभा (हाइकु सङ्ग्रह, २०७२), शहरको समाचार (कविता सङ्ग्रह, २०७३) रहेका छन् । यस बाहेक यिनले लेखेका एक दर्जन भन्दा बढी गीत रेकर्ड भइसकेका छन् । यस लेखमा नेपाली कविता काव्यको लेखनमा चालिसको दशकयता क्रियाशिल स्रष्टा सुनिल पुरीका प्रकाशित कृतिमा पाइने प्रवृत्तिको अध्ययन गरिएको छ ।

### २. आज तिम्रो सम्झनामा कृतिको अध्ययन

गीतकार सुनिल पुरीको प्रथम कृतिको रूपमा वि.स. २०५७ मा आज तिम्रो सम्झनामा गीतको संगालो आएको छ । यस कृतिमा मूलतः गीतकार पुरीले प्रणयपरक भावचेतनाका रचना प्रस्तुत गरेका छन् । उनका रचनामा यौवनको उल्लासमय भावको सम्प्रेषणका साथै जीवनको लयबद्धतालाई स्वरमा उनिएको पाइन्छ । मायालु मनको प्रेमको अभिव्यक्ति यी रचनाको मूल पक्ष बनेको छ भने त्यस्तै गरी सामाजिक, पारिवारिक जीवनका आत्मीयताका अनुभूति, प्रकृति, राष्ट्रप्रेम जस्ता भाव पनि व्यक्तः भएका छन् । मायाप्रेमको अभिव्यक्तिका क्रममा एकातिर मिलनका सुखद अनुभूति रहेका छन् भने अर्कोतिर विछोडका पीडाजन्य अनूभुतिले स्वर पाएका छन् । सुनिल पुरीका गीत मानव जीवनका विविध अनुभूतिको संगम बनेर आएको छ । उनका यस किसिमका प्रेममय अभिव्यक्ति व्यक्त भएका रचनामा छमछम गरी नाच्छ् यौ मेरी मनकी रानी/तिमी हाँसे दिल हाँस्छ सौन्दर्यकी खानी (पृ.१८), तन मन तिमीलाई सुम्पैँ सँधैभरि/बत्ती बल्यो सँघारमा तिम्रै रूप हेरी (पृ.२७) रहेका छन् । सुनिल पुरीका गीतमा प्रेमका अनुरागमय अभिव्यक्ति मात्र नभएर विछोडको पीडाले छटपटाइरहेका मनको भावुक अभिव्यक्ति पनि आएको छ । उनका छोडी गयौ चाँडै मलाई संसारमा आज/कसलाई भन्नु मेरो यहाँ छैन कोही राज (पृ.८), तिमी बिना भयो किन जिन्दगी अँध्यारो/सम्झिँदैछु आँसु

पुच्छने तिम्रो कोमल हात (पृ. ६३) गीतमा विछोडका अभिव्यक्ति आएका छन् । मायालुको साथ नहुँदा जीवन निरस बनेको र बाँच्न गाह्रो भएको अभिव्यक्ति यी गीतमा आएको छ ।

पुरीका गीतमा प्रणयचेतका साथै अर्को थप विशेषता भनेको प्रकृतिपरक चिन्तन एवम् प्राकृतिक सौन्दर्यको महिमागान पनि हो । यस किसिमका गीतमा नदीसँगै बग्यो झरना झर्झर् आँखाबाट/तिमीसँगै लाको माया फूल्यो पाखाबाट (पृ.२), खेतबारी हरियाली लहलह गरी/म त हजुर खुशी भएँ प्रेम गीत छरी (पृ. ६) रहेका छन् । गीतकार सुनिल पुरीका यी गीतका एकातिर प्रकृतिचेतनालाई प्रस्तुत गरिएको छ भने अर्कोतिर प्रकृतिलाई मानवीकरण गरेर मानव जीवनको प्रेम र उल्लासको भावलाई स्वर प्रदान गरिएको छ । गीतकार पुरीका रचनामा एकातिर वैयक्तिव जीवन अनुभूतिका प्रसंग आएका छन् भने अर्कोतिर सामाजिक सरोकारका विषयमा समेत उनले कलम चलाएको पाइन्छ । विशेषतः देशभक्तिको भाव, विस्थापनको पीडाका साथै मानवीय स्वार्थपरक चिन्तनलाई पनि यिनले आफ्नो लेखनीको विषय बनाएको पाइन्छ । थरीथरी फूलहरू यै धर्तिमा फूले/माटो खेल्दै माटो खाँदै यै धर्तिमा झुले -पृ.१) मा राष्ट्रिय चेतनाको भाव आएको छ । घरवारी लग्यो होला पहिरोले फेरि/ दैव किन दुःखमाथि दुख दिन्छौ हेरी -पृ.१५) मा विस्थापनको पीडा आएको छ । यसरी स्रष्टा पुरीले मानव जीवनको अनुभूतिजन्य भोगाइको चर्चा गर्ने क्रममा मानिसको स्वार्थपरकताको समेत चर्चा गरेका छन् । उनको यहाँ त सबै स्वार्थमा रमेर हाँस्दछन्/कहिले काँही आआफनै दुःखले रोएर बाँच्दछन् (पृ. ६०) गीतमा जतिसुकै स्वार्थमा बाँचेपनि आफूलाई दुःख पर्दा रूने मानवीय स्वभावको चर्चा गरिएको छ ।

गीतकार सुनिल पुरीका रचनामा एकातिर मानवीय अनुभूतिका विभिन्न पक्षलाई उजागर गरिएको छ भने अर्कोतिर सामाजिक सरोकारका विषयप्रति पनि आफ्नो दृष्टिचेत फैलाएको पाइन्छ । सुनिल पुरी मूलतः मानवीय सम्वेदनाका गीतकार हुन् । यिनका रचनामा हृदय पक्ष प्रबल भएर आएको छ । प्रणयचेतना यिनका रचनाको मूल मर्म हो भने प्रकृति, संस्कृति र जीवन यिनका रचनामा टडकारो रूपमा देखिन्छ । प्रवाहमय शैली, सही शब्दचयन, कुशल शिल्पचेतले यिनका रचनाको सौन्दर्य वृद्धिमा मद्दत पुगाएको छ ।

### ३. लाभा कृतिको अध्ययन

स्रष्टा सुनिल पुरीको दोस्रो कृतिका रूपमा लाभा (हाइकु सङ्ग्रह, २०७२) रहेको छ । यस कृतिको साइज एक गुणा एक दशमलव पाँच सेमी रहेको छ । पुरीले वि.स. २०४९ सालमा झयाङकुटी हास्यव्यङ्ग्य पत्रिकामा केही हाइकुहरू प्रकाशित गरेर हाइकु लेखनको प्रारम्भ गरेको पाइन्छ । लाभा हाइकु कृतिमा उनले ५१ वटा हाइकु रचना समावेश गरेका छन् । यस कृतिमा समावेश भएका रचनामा लेखकले अघिल्लो कृतिको झैं विषय सन्दर्भको प्रस्तुति गरेको पाइन्छ । कोइली चरी/बोल्छे फूलको गीत/बसन्तभरि हाइकुमा प्रकृति र जीवनको गीत गाइएको छ । त्यस्तै दिलको खेत/जीन्दगीको मौसम/बसन्त आयो मा यौवन र बसन्तलाई समान रूपमा चिनाइएको छ । यस बाहेक उनका हाइकुमा कृषि जीवन, समसामयिक

विकृतिप्रति व्यङ्ग्यको साथै कृतिम जीवनप्रति व्यङ्ग्यचेत आएको छ । उनको असारे गीत/किसानको रोपाईँ/हर्ष बढाईँ मा हाम्रो कृषि जीवन र कृषिमा आश्रित जनताको जीवनको उल्लासमय पललाई व्यक्त गरिएको छ । शहिद मञ्च/एकदमै शुन्य छ /सालिक छैन हाइकुमा राजनीतिक व्यङ्ग्य आएको छ । ५-७-५ को संरचनामा रचित हाइकु काव्यमा मूलतः प्रकृतिपरक शब्दका माध्यमबाट जीवन र जगतका विभिन्न पक्षको बारेमा चर्चा गरिएको पाइन्छ । स्रष्टा सुनिल पुरीका रचनामा पनि यस किसिमले भाव अभिव्यक्त गरिएको पाइन्छ । अघिल्लो कृतिमा जस्तै उनले प्रकृति, जीवन र प्रेमको वर्णन गरेका छन् । उनको यस कृतिको थप विशेषता भनेको समकालीन नेपाली समाजका विकृत परिवेशप्रतिको आलोचनात्मक चेत हो । उनका यी रचनामा ध्वन्सात्मक चेतनाको विरोध, कृतिमताप्रति व्यङ्ग्य, जीवनको क्षणिकता आदि चिन्तन आएको छ ।

### ४. **शहरको समाचार कविता कृतिको अध्ययन**

स्रष्टा सुनिल पुरीको तेस्रो कृतिको रूपमा शहरको समाचार कविता कृति आएको छ । यस कृतिमा उनका लघु आकारका ३७ रचना रहेका छन् । कवि पुरीको लेखनको मूल स्वर भनेको विगत केही दशक यता नेपाली समाजमा देखापरेको विकृति-विसंगतिप्रतिको आलोचनात्मक चेतनाको प्रस्तुति हो । उनका रचनामा एकातिर शान्ति कामनाको भाव आएको छ भने अर्कोतिर बाँच्नुको संकट, सङ्घर्ष र मुक्तिको चाहना समेत व्यक्त भएको छ । यी रचनामा आफ्नो जीवन जस्तै देश पनि अभावमा बाँचिरहेको र अभाव मुक्तिका लागि सबैले जागरूक बन्नुपर्ने भाव आएको छ । जनताले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्ने र उनीहरूका मौलिक हकको संरक्षण हुनुपर्ने भाव प्रस्फूटित भएको छ । यसै सन्दर्भमा अभावग्रस्त जीवनका अनुभूति व्यक्त गर्ने केही रचनाका साक्ष्यका रूपमा यी रचना रहेका छन् :

(१) *उज्यालो छैन घरमा*
*रौनक छैन भित्ता-भित्तामा*
*भोक छ-केवल भोक छ*
*त्यहाँ म छु तर म छैन* / (पृ.१४ )
भोकको गृहप्रवेश कविताबाट ।

(२) *जब म एक्लै टोलाउँछु*
*नियाल्छु आफ्नै देशलाई*
*उस्तै उस्तै लाग्छ*
*देश र मेरो घरको हाल* / (पृ. १६)
घर छाडन नसक्दा कविताबाट ।

माथि उल्लेखित २ रचनाको मूल भावभूमि भनेको नेपाली समाजको अभावग्रस्त जीवनको प्रस्तुति हो । यी रचनामा व्यक्ति जीवन मात्र नभएर राष्ट्रकै जीवनमा संकट रहेको, जनताको जीवनस्तर माथि उठन नसकेको, जनताले बाँच्नका लागि सङ्घर्षबोध गरिरहेको अवस्थाबोध गरिएको छ । देशलाई माथि उठाउन जनताका आधार भूत आवश्यकताको परिपूर्ति गर्नुपर्ने भावको अभिव्यक्ति यी रचनामा आएको छ ।

कवि सुनिल पुरीका रचनामा युद्धको विरोध र शान्तिकामनाको विषय सन्दर्भले स्थान पाएको छ । उनका विचारमा मानिसको बाँच्ने अधिकार महत्वपूर्ण हो, बाँचेपछि नै संसार देखिन्छ, युद्धबाट कुनै पनि प्रकारको समानता, न्याय पाउन

नसकेको चिन्तनको प्रस्तुति (३) मा आएको छ । उनी शान्तिको नाम नाम मात्र जप्ने तर देशमा अशान्ति मच्चाइरहने, अराजकता मच्चाउने र बुद्धलाई पिँजराको सुगा बनाउने प्रकृतिको विपक्षमा उभिएका छन् । उनी भनाइ र गराइमा रहेको भिन्नताप्रति आक्रोशित छन् । देशमा शान्ति हुनुपर्ने र नागरिकले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्ने सोझो विचार उनको (४) कवितामा अभिव्यक्त भएको छ । समाजमा हिंसा व्याप्त रहेको, हरपल हिंसाको सामना गर्नुपरेको र हिंसाका कारण जीवनमा पीडाको अभिव्यक्ति थपिँदै गएको र मानिस अस्वस्थता बढदै गएको सन्दर्भको प्रस्तुति (५) कवितामा पोखिएको छ । यी कवितामा निरन्तर हिंसाजन्य समाचारले जनता आजित भइसकेको र नयाँ जीवनको खोजीमा लाग्न चाहेको भाव आएको छ ।

(३) *बाँच्न पाउने अधिकार खोसेर*
*युद्धले कसरी स्वतन्त्रता जन्माउँछ हँ ?*
(पृ. २०) रूपान्तरण कविताबाट ।

(४) *आधुनिक बुद्ध एकहोरो रटिरहेछ*
*युद्ध*
*गृहयुद्ध*
*धर्मयुद्ध*
*महायुद्ध*
*के मेरो बुद्ध पिँजराको सुगा हो* / (पृ५३)
अर्को बुद्धको जन्म कविताबाट ।

(५) *अखबारको पृष्ठझैं*
*सँधै पढिरहेछौं-रगत /*
*`रिरहेछौं रगतले पोतिएका दृश्यहरू /*
*बन्द गर–महाभारतको नाटक*
*मलाई वृन्दावन हेर्ने हतार छ* (पृ.५६) ।
फेरिएको कथा कविताबाट ।

नेपाली समाजमा सांस्कृतिक विचलन आएको र यस विचलनले हाम्रा गीत-संगीतको क्षयीकरण भएको, नेपाली मौलिकतामाथि प्रहार भएको र पाश्चात्य संस्कृतिले धावा बोलेको सन्दर्भ (६) कवितामा आएको छ । समाजमा नेपाली संस्कृतिको प्रचारप्रसार, यसका सकारात्मक पक्षको उजागर गराउनाका साथै बाह्य संस्कृतिलाई मान्यता नदिनुपर्ने चिन्तन कविताले बोलेको छ ।

(६) *बालगीतको सातो गयो*
*राष्ट्रिय गीतहरू लट्ठ परे–*
*सुँध्दै धतुराका फूलहरू* / -पृ. ३८)
धतुराका फूलहरू कविताबाट ।

स्रष्टा सुनिल पुरीका रचनाको मूलभाव भनेको नेपाली समाजमा व्याप्त रहेको हिंसाजन्य गतिविधिको विरोध, स्वतन्त्रताबोध, मानवअधिकारको रक्षा, भोकबाट मुक्ति, नेपाली राष्ट्रिय संस्कृतिको उद्बोधन रहेको छ । नागरिकको बाँच्ने अधिकारको खोजी र राष्ट्रिय स्वाभिमानको रक्षा उनको लेखनको मूल पक्ष हो । यसर्थमा उनी मानवअधिकारका पक्षपाती, स्वतन्त्रताप्रेमी कविका रूपमा देखिएका छन् ।

**५. सुनिल पुरीको कृतित्वको मूल पक्ष**

स्रष्टा सुनिल पुरी नेपाली साहित्य जगतमा कविता काव्य विधाका माध्यमबाट आफ्नो सिर्जना पोखिरहेका स्रष्टा हुन् । रचनागत संख्याभन्दा पनि तिनको स्तरिय रचनाका माध्यमबाट यिनले आफूलाई परिचित तुल्याएको पाइन्छ । गीत रचनाबाट नेपाली साहित्य जगतमा कृतिकारका रूपमा उदाएका पुरीले आफ्नो सिर्जनालाई कविता काव्य तर्फकै उपविधा हाइकु, कवितामा समेत विस्तारित गर्दै लगेको

पाइन्छ । स्रष्टा सुनिल पुरीको विशेषता भनेको लघु रचनामा पनि विस्तृत संसारको प्रस्फूटन गर्न सक्नु हो । यी रचनामा अभिव्यक्तिगत विशिष्टताका साथै चोटिलोपना, विषयवस्तुमाथिको पकड कसिलो हुँदै गएको पाइन्छ । सुनिल पुरी मूलतः मानवीय सम्वेदनाका गीतकार हुन् । यिनका रचनामा हृदय पक्ष प्रबल भएर आएको छ । प्रणयचेतना यिनका रचनाको मूल मर्म हो भने प्रकृति, संस्कृति र जीवन यिनका रचनामा टडकारो रूपमा देखिन्छ । प्रवाहमय शैली, सही शब्दचयन, कुशल शिल्पचेतले यिनका रचनाको सौन्दर्य वृद्धिमा मद्दत पुगाएको छ ।

सुनिल पुरीको हाइकु रचना प्रकृति, प्रेम र जीवनका अभिव्यक्तिका दृष्टिले महत्वपूर्ण छन् । पछिल्लो कृतिमा उनको सामाजिक सरोकारको पक्ष पनि अभिव्यक्त हुँदै गएको छ । यी रचनामा समकालीन समाजका विकृत परिवेशप्रतिको आलोचनात्मक चेतका साथै ध्वन्सात्मक चेतनाको विरोध, कृतिमताप्रति व्यङ्ग्य, जीवनको क्षणिकता आदि चिन्तन आएको छ । स्रष्टा सुनिल पुरीका कविता रचनाको मूलभाव भनेको नेपाली समाजमा व्याप्त रहेको हिंसाजन्य गतिविधिको विरोध, स्वतन्त्रताबोध, मानवअधिकारको रक्षा, भोकबाट मुक्ति, नेपाली राष्ट्रिय संस्कृतिको उद्बोधन रहेको छ । नागरिकको बाँच्ने अधिकारको खोजी र राष्ट्रिय स्वाभिमानको रक्षा उनको लेखनको मूल पक्ष हो । यसर्थमा उनी मानवअधिकारका पक्षपाती, स्वतन्त्रताप्रेमी कविका रूपमा देखिएका छन् ।

सुनिल पुरी प्रारम्भमा गीत रचनामा प्रकृति, प्रेम र भावुकताको त्रिवेणी बोकेर आउँछन् । जीवनको उल्लासमयता, बाँच्नुको अनुराग, वियोगको पीडा जस्ता पक्ष उनका रचनामा देखिन्छन् । उनको त्यसपछिको हाइकु कृतिमा प्रकृति र प्रेम त आउँछ, त्यससँग जोडिएर समाजिक सरोकारको पक्ष पनि आउँछ । उनी समाजका विकृत परिवेशप्रति आक्रोशित बन्दछन्, जीवनको नवीनताको खोजी गर्दछन् । मानिसको बाँच्नुका छटपटीलाई स्वर प्रदान गर्दछन् । तेस्रो कृति कवितामा आइपुग्दा सुनिल पुरीको स्वर आलोचनात्मक यथार्थको प्रस्तुतितर्फ डोरिन्छ । उनी आफूलाई मन नपरेका कुराप्रति आलोचना मात्र गर्दैनन्, त्यसप्रतिको व्यङ्ग्य र विद्रोहको भाव समेत पोख्दछन् । आफ्ना कविता कृतिमा सुनिल मूलतः मानवअधिकार, स्वतन्त्रता, भोकबाट मुक्तिका साथै नेपाली प्रकृति, संस्कृति र समाजका असल पक्षको गुणगानका माध्यमबाट मूलतः नेपाली हुनुको गर्वबोध व्यक्त गर्दछन् । शब्दचयनमा सरलता, भावमा गम्भीरता, शैलीमा लयात्मकता अनि विषयवस्तुमा विविधताको खोजी यस कृतिको विशेष पक्ष हो । सारमा सुनिल पुरी नेपाली कविता काव्य क्षेत्रका स्तरिय स्रष्टाका रूपमा पहिचान निर्माण गर्दै गरेको सन्दर्भलाई उल्लेख गर्नु उपयुक्त ठहर्छ । उनका रचनामा नेपाली समाजिक जीवनका विभिन्न पक्षको उजागर हुने र नेपाली समाजको विशिष्ट पक्ष उजागर हुँदै जाने अपेक्षा राख्नैपर्छ ।

**सन्दर्भ सामग्री सूची**

*पुरी. सुनिल (२०५७). आज तिम्रो सम्झनामा. लेखक स्वयं : ललितपुर ।*

*....(२०७२). गाभा. सुरञ्जना पुरी : ललितपुर ।*

*...(२०७३). शहरको समाचार. डा. महेश्वर भारती : ललितपुर ।*

# दार्जिलिङमा पनि आँखा...



● डा. देवी क्षेत्री दुलाल

एकसय ९१औं भानु जयन्ती मनाउन अशोक वान्तवा र म दार्जिलिङ्ग हानिएका थियौ । कुरा २०६१ साल असार २८ गतेको हो । असार २८ गते विहान पौने १० बजे हिँडेका हामी बेलुका पौने ४ बजे दार्जिलिङ्ग पुग्यौ । मौसम विग्रिएको थियो, दिउँसै अध्यारो केही नदेखिने निष्पट थियो । तरै पनि हामी आदिकवि भानुभक्तप्रति श्रद्धा अर्पणका लागि आतुर थियौं र उत्सुक पनि ।

दार्जिलिङ्ग पुग्नासाथ भान्जा सुवाससँग मोबाइल सम्पर्कमा रहेर हमी सिधै चौरास्ता हानियौं । त्यहाँ भानुभक्तको पूर्णकदको शालिक थियो । हो, त्यहि निर्जीव शालिकलाई गर्वका साथ सलाम ठोक्यौं । बाक्लो हुस्सु र लिखे पानीले लछ्याप्रै थिए भानु । नजिकै गएर चियाएर हेर्दा मन्द मुस्कानमा मसुस्कुराइ रहे जस्तो लाग्यो । अशोक भने पहिलो यात्राको कारण बढी उत्सुक र चुलबुल भैं देखिन्थे । चरचरे चराहरूले बास बस्ने गीत गाउन थालेको थियो त्यो क्षण । भ्याएसम्म आफ्नै पारामा जु घुम्न जाने भइयो । पुरै अन्धकार थियो दार्जिलिङ्ग त्यतिन्जेल । बढी चिसोका कारण ममा थकान बढ्न थालेको थियो । त्यसैले बल्लतल्ल बोटानिकल गार्डेनसम्म पुगेर बजारतिरै फर्कियौ । जुसम्म पुग्न सकिएन । बेलुका रकुटस्थित भान्जाको घरमा बसियो ।

भोलिपल्ट विहान भालेको डाकमा उठेँ । भान्जी लिलाले तालोपानी र चिया टक्रयाइन् । त्यो दिन असार २९ गते अर्थात् भानु जयन्ति । त्यो दिनलाई दार्जिलिङ्गका नेपालीहरूले राष्ट्रिय पर्वको रूपमा ग्रहण गर्दछन् । चौरास्तामा भेलिएर आफ्नो कविप्रति सम्मान जाहेर गर्दछन् । राष्ट्रिय पोशाक दौरा सुरूवालमा ठाँटिएर, चौबन्दी फरियामा सिँगारिएर मौलिक सांस्कृतिक कार्यक्रम चलाउँछन् । उनीहरूको राष्ट्रियता भारतीय हो तर नेपाली जाति । त्यसैले उनीहरू आफ्नै जातीय पहिचानका साथ बसेका छन् । भानुभक्तलाई दार्जिलिङ्गका नेपालीहरूले नेपाली जातीय कविको रूपमा ग्रहण गर्दछन् न कि आदिकवि मात्रै । हो, मैले पनि आफूलाई त्यो दिन सुरूबुरू नेपाली पोशाकमा ठट्याउँनु थियो । त्यसैले त एकजोर खाँडीको दौरा सुरूवाल च्यापी गएको थिएँ म । विहानको चिया पिइ सक्नासाथ मैले दौरा सुरूवाल लगाएँ । भान्जी सुजाता तव पो मुस्कुराइन साँच्ची कै नेपाली है मेरो मामा....। नानीहरू गंगा, जमुना र त्रिसल्लालेसम्म मलाई थेङ्क्यु भन्न थाले । अशोक आफ्नै सुरमा फिस्स मुस्कुराए ।

नेपाली साहित्य सम्मेलनको आयोजनामा विहान ८:४५ बजेदेखि चौरस्तामा भानुजयन्तीको निर्धारित कार्यक्रम तय भएको थियो । पौने ८ बजे

नै हामी चौरास्ता पुग्यौं । हामी पुग्दा भानुभक्तको सालिक परिसरमा माइक फिट भइरहेको थियो । आयोजकहरू आइ पुगेका थिएनन् त्यतिन्जेल । मास्तिरको महाकाल बाबाको दर्शन गरेर तुरून्तै त्यही आइयो । तैपनि मुख्य आयोजक आइ पुगेका थिएनन् त्यहाँ । उता पट्टीको फलैचामा बस्यौं । त्यहाँ आ-आफ्नै सुर तालमा थिए मानिसहरू ।

तयतिकैमा एकजना अर्धवैंसे होचो कदको नेपाली आइ पुगे फुर्तिफार्तीका साथ त्यहाँ । उनी खाँटी नेपाली पोशाकमा थिए । उनको सामु पुगेर हामीले चिनजान गऱ्यौ । उनी रहेछन् नेपाली साहित्य सम्मेलन दार्जिलिङ्गको सचिव रूद्रराज मास्के । त्यसपछि साहित्य सम्मेलनको उपाध्यक्ष गोपी चन्द्र प्रधान, मुख्य सचिव सचेन राई, कुमारी खाती, पत्रकार सञ्जय विस्वास लगायतका स्रष्टाहरूको धुरइरो लाग्न थाल्यो । एकाध घण्टा बीचमा चौर ास्ता मान्छेमय भयो । लाग्थ्यो चौरास्ता पहाडकी रानीको चुल्ठोभरी सिउरिएको प्याउली जस्तै । त्यही क्षण सारा हुस्सु उडेर मुस्कुरायो दार्जिलिङ्ग । सबैसँग त्यो क्षणमा मास्केले चिनजान गराए । चिनजानकै क्रममा सबैले आफ्नो पोर्टफोलियो भन्दा मैले नि सगर्व इलामबाट प्रकाशित हुने आँखा साप्ताहिकको सम्पादक हुँ भने । त्यो बेला प्रधान र राईले भने उहिले दार्जिलिङ्गबाट पनि आँखा साप्ताहिक निस्किन्थ्यो, दावा बम्जनको सम्पादनमा । अहिले दावा पनि वितिगए । आँखा पनि बन्द भयो । ऊ जमानाको लोकप्रिय दार्जिलिङ्गको समाचार पत्रिका थियो आँखा साप्ताहिक अहिले नेपालबाट निस्किदो रहेछ आँखा ।

त्या क्षण निर्धारित समयभन्दा १५ मिनेट बढी समय वितिसकेछ । उद्घोषकले भन्दा मात्र थाहा भयो । कार्यक्रम शुरू भयो । आत्मसमर्पण, द्वीप प्रज्वलन, खैजडी नाच, रामायण वाचन, पत्रकार सञ्जय विश्वासको Dream Flower पुस्तक विमोचन र कविता वाचन । त्यो विहानी आठजना स्रष्टाले आफ्नो सृजना पाठ गरे । जसमध्ये म र अशोक पनि पऱ्यौं । मैले 'सपनाहरू' र अशोकले 'मेची धेरैपल्ट दुखेको छ' शीर्षकको कविता सुनायौं ।

त्यो बेलासम्म इलामबाट बेनुप भट्टराई र हरि लुइटेल पनि त्यहाँ आइ पुगेका थिए । विहानको कार्यक्रम सकिएपछि चियापानमा सरिक भइयो । त्यही अवसरमा दार्जिलिङ्गका दिग्गज स्रष्टासँग थप भलाकुसारी भयो । फेरि दिउँसो स्थानीय सुधपा भवनमा स्रष्टा सम्मान र कविता वाचन कार्यक्रम थियो । त्यता तर्फ सबै लाग्यौं । त्यो दिन इन्द्रबहादुर राई, डा. सुन्दास, प्रेम प्रधानको उपस्थिति थिएन । उहाँहरू सिक्किमको भानु जयन्तीमा हेलिएका रहेछन् ।

तरैपनि दार्जिलिङ्गको भानु जयन्ती भव्य लाग्यो मलाई । दार्जिलिङ्गबाट हामीले सिक्नु पर्ने थुप्रै पाठ बाँकी रहेछ भन्ने लाग्यो । तर स्थानीयबासीको मिश्रित प्रतिक्रिया सुन्दा थप जिज्ञासा पनि बढ्दै गयो मनमा । पहिलेभन्दा अहिले खस्कियो भानु जयन्तीको रौनक । कारण नेपाली र गोरखाली भाषाको अनावश्यक विवाद हो आदि । यसपालीको भानु जयन्ती र दार्जिलिङ्ग यात्रा उल्लासमय र उपलब्धीमूलक बन्यो । त्योभन्दा पनि ठूलो गौरव अनुभूति त उहिले दार्जिलिङ्गबाट पनि आँखा साप्ताहिक निस्किएको थाहा पाउँदा भयो । स्वर्गीय सम्पादक दावा बमजनलाई श्रद्धासुमन चढाउँन मन लाग्यो । सलाम दावा । नमन भानु ।

■

# प्रथम पटक शिक्षक हुँदा...



● राममणि पोखरेल

दिनहरू गाउँ बेसी उकाली ओराली घर आँगन, गुवाली, खेतवारी गर्दै वित्दा रहेछन् । रात ओलटो कोल्टो परेर छटपटिदाँ वित्दा रहेछ । आज आज भोलि भन्दै गर्दा बुढौतीको पोयामा प्रवेश गरिदो रहेछ । पछाडि फर्केर हेरेर विगत कोट्याउँदा, निराश लाग्दो रहेछ । आफूबाट चिपलेका दिन सम्झँदा रमाइलो र विरमाइलो दुबैको अनुभव सँगालेको छु जस्तो लाग्दो रहेछ ।

हामी स्कूल जाने उमेर हुँदा, गाउँघरमा आजका जस्ता वाक्लै विद्यालय थिएनन् । माध्यमिक तहको अध्ययन गर्न समाल खाजा बोकेर टाढाका गाउँ या शहरमा पुग्नु पर्दथियो ।

मेरो जन्मथलो, पुर्खाको गाउँ रूपाटारमा त्यसबेला आठौं कक्षा सम्मको पढाई हुन्थ्यो । आठौ कक्षा पास गरेर, नौ कक्षाको अध्ययन हेतु म बस्तीपुर माविमा नाम लेखाउन आए । २०२२ साल तिरको कुरा हो । त्यसबेलासम्म पूरै तराईका विद्यालयमा नेपाली माध्यममा पढाई हुन थालेको भए पनि भूगोल, इतिहास विज्ञान जस्ता विषय पढाउने शिक्षक भारतीय नागरिक थिए । त्यसकारण पनि नेपाली माध्यम पढाईमा पातलै थियो । बस्तीपुरमा केही समय नौ कक्षामा पढेर म घर फर्केको थिए । केही समय घरमा गाई, बाखा हेरेर विताए ।

२०२४ सालको फागुन महिनाका अन्तिमदिन थिए । नर्मल तालिम लिन जाने सूचना प्रकाशित भएको रहेछ । शिक्षा कार्यालयमा । नौजना सेवाकालिन र पूर्व सेवाकालिनको सिट तोकिएको रहेछ । आठौ कक्षा पास गर्ने जो कोही व्यक्तिले पनि परीक्षामा लिखित मौखिकमा हाजिर हुन पाइने व्यवस्था रहेछ, सूचनामा झट्ट नागरिकता बनाएर निवेदन दिने प्रयत्न गर्न थाले । उदयपुर जिल्लाको सदरमुकाम त्यस बेला उदयपुर गढीमा थियो । फोटो खिच्न लाहान झर्नु पर्दथियो । प्रविधिको ज्ञानको अभावका कारण गढीमा फोटो खिचाउने व्यवस्था थिएन । तीन दिनको मिहनेत पछि, नागरिकता बनाएर निवेदन दर्ता गराए ।

अन्तरवार्ता छिटै भयो । हामी नौ जना छानियौ । ५ जना दुइ वर्षमा पऱ्यौ । ४ जना एक वर्षे पढाईमा परे । २०२५ साल बैशाख १५ गते देखि धरान नर्मल तालिम केनद्र फुस्रेमा पढाइ हुन्थ्यो । थोर बहुत खर्च लिएर पुगे । त्यहाँ पनि परीक्षा हुँदो रहेछ । त्यहाँको परीक्षाको एउटा मापन रहेछ - केन्द्रमा

पढाइने १६५ जनाको सीटमा जसले १२० रोल नम्बरसम्म ल्याउँछ त्यसलाई एक वर्ष पारिदो रहेछ । १२१ रोल नम्बर ल्याउने व्यक्ति चाहे त्यो सेवाकालिन होस या पूर्व सेवाकालिन जिल्लाको पत्रको निर्णयको अर्थ हुँदो रहेनछ ।

म एक वर्ष तालिममा परे । मैले ७ रोल नम्बर ल्याएको थिए ।

एक वर्ष नर्मल तालिम सकेर घर फर्के । २०२५ साल चैत २४ गते मैले प्राथमिक विद्यालय डुम्रेमा प्रथम पटक नियुक्ति लिए । मलाई दुई ठाउँको अवसन दिइएको थियो । प्रा.वि. शिरिसे आहाले र प्रा.वि. डुम्रेको । प्रा.वि. शिरिसे आहाले जान डर लाग्यो । शिरिसे आहालेकै गोडामुनि कटारी बजार छ । जसलाई सगरमाथा अञ्चलको नाइटो भन्न थालेका थिए । कटारी बजार क्रमिक रूपमा विकसित हुँदै थियो । तराईको सवेला गोल बजारबाट तराईका व्यापारी भरिदै थिए, भने पहाडको धुली खेलबाट नेपालका नामुद व्यापारी नेवार जातिका व्यक्तिहरू ओइरिदै थिए । सुगमताको हिसावले छिटै घर रूपाटार पुगिन शिरिसे आहाले प्रा.वि. नै ठिक हुन्थ्यो । तर नर्मल तालिम समाप्त गरेर घर फर्कन लाग्दा नेपाल कम्यूनिष्ट पार्टीका संस्थापक सदस्य पुष्पलाल श्रेष्ठले गोरखपुरमा एक वर्ष पहिला चतुर्थ सम्मेलन गर्दा छापिएको पर्चा विराटनगरमा फेला पारेको थिए । त्यै पर्चा कटारीका बजारमा केही ठाउँ टास्ने र केही ठाउँमा छर्ने गरेकोले प्रशासनले थाहा पायो भने मलाई थुन्छ भनेर मनमा डर पसेको थियो ।

डुम्रे सदरमुकाम नजिक पनि भयो । भेटाघाटा सम्पर्क बढ्दछ भन्ने शोच पनि मनमा पलाएको थियो । अर्कोतिर, मेरा एक जना दाजु भाइ भाइका छोरा धुर्व पोखरेल, त्यै डुम्रे प्रा.वि. शिक्षक थिए । हामी दुवैका भेनाजु अभिभावक खडानन्द भण्डारी, गढीमा घर र किराना पसल चलाएर बसेका थिए । उनी निकै व्यवहारिक र सहयोगी व्यक्तिमा गणना हुन्थे । उनको पनि सल्लाह थियो । तिमीहरू दुवै भाइसँगै एउटै विद्यालय वस भन्ने । भेनाजुको भनाईलाई मानेर पनि मैले डुम्रे प्राथमिक विद्यालयमा नियुक्ति लिएको थिए । म हाजिर भएको तेश्रो दिन दाजु धुर्वले शिक्षण पेशाबाट राजीनामा दिए, कारण भाइ प्र.अ. हुने म सहायक, ठिक भएन भनेर, उनी घर तर्फ लागे । कार्यालयले भाइ राममणि तालिम प्राप्त भनेर तर्क दिएको थियो । तर धुर्व दाईले हिनता महशुश गरेर विद्यालय छोडेका थिए ।

डुम्रे गाउँ पञ्चायतको नाम थियो । सदरमुकाम गढीसँग जोडिएको । त्यही गाउँ पञ्चायतको वडा थियो ढुङग्रे । त्यहाँ शिक्षक भएर पुगेपछि, त्यो ठाउँको ऐतिहासिकता र प्रजातन्त्र प्राप्तीमा त्यो गाउँमा जन्मेका व्यक्तिले गरेको योगदान बारे जानकारी पाए ।

*स्वास्नी खोज्नु राँडी, गाई खोज्नु साँढी*
*पाहुनाले भुक्याउँछ मौका परे मुक्याउँछ*
*बेतिनीका घले उदयपुरलाई दले*

यस्तै कविता र गीत भन्दै गम्भीर बहादुर थापा उकालो ओरालो गर्दथे । २००७ सालको आन्दोलनमा यो डुम्रे गाउँ पञ्चायतका व्यक्तिहरूको ठूलो लगानी रहेछ । यै गाउँमा जन्मेका रहेछन् मोहन सिंह ग्रान्जा, शम्सेर बहादुर मगर, गौरवहादुर मगर । यी

व्यक्तिहरू राणा शासन बर्दास्त गर्न नसकेर विदेश गएर सेनामा जागिर खाएर फर्केका रहेछन् । उनीहरूले विदेशमा देखेका गरेका कतिपय कामहरू अधिकारका लागि लड्न पर्छ भन्ने जागरण गाउँमा फैलाएका रहेछन् । उनीहरू स्वेदश फर्केकै समयको हाराहारीमा नेपालको पूरानो पार्टी नेपाली कांग्रेसको स्थापना भएको रहेछ । देशमा आन्दोलन छेडिदा हातियार लिएर प्रजातन्त्रको मोर्चामा उभिएका रहेछन् -गम्भीर बहादुर थापा गोर बहादुर मगर, मोहनसिंह मगर र शम्शेर वहादुर मगर डुम्रे गाउँ पञ्चायत प्रजातान्त्रिक आन्दोलनको एक प्रकार केन्द्र जस्तै रहेछ ।

आन्दोलनको लहरमा कोही युवा पिढीका मानिसहरू जुलुसमा हिडेका हतियार उठाएका भए पनि आम जनतामा चेतनाका स्तर भने छदे थिएन भन्दा पनि हुने ज्यादै तल ।

२०१५ सालमो आम निर्वाचनमा पार्टीका तर्फबाट निकट नपाए पछि, गम्भीर बहादुर थापाको मानसिक सन्तुलन खजमजि एको रहेछ । २०१७ सालको प्रतिगामी घटना पछि मोहन सिहं, मगर जिल्ला छाडेर बाबाजी भनौ जोगीको रूप धारणा गरे, सर्लाही जिल्लाको मूर्तिया र जनकपुरधामका विभिन्न मन्दिरमा गएर बसेका रहेछन् । शम्शेर बहादुर तराईको ऐलानी जमिन मन्त्रालयको तोक आदेशमा फडनी गराएर बस्ती बसाउँने प्रयत्नमा लागेछन् । गौरव बहादुर मगरले राजाको कदमलाई समर्थन गरेर प्रथम पटक भएको स्थानीय निकायको निर्वाचनमा प्रधान मञ्च भएका रहेछन् । गम्भीर बहादुर थापा माननीयको टिकट नपाए पछि, बेढङ्गी तरिकाले जथाभावि बोल्ने हिड्ने गर्दा रहेछन् ।

महाभारत पर्वत नेपालको दोश्रो उच्चाईको पर्वत, यससँग जोडिएका थुप्रै अग्ला होचा पहाडी श्रृंखला छन् , दाँयावाँया यिनै पहाडी खोचमा, साना झुपडी बनाएर बसेका नेपाली जनता । गरिवी, मुख बाएर बसेको । कोदो, मकै, फापरको खेती लगाइने । औँसी पूर्णिमा अथवा मासु ल्याएको समयमा र दशै तिहारमा गरिवका घरमा चामलको भात पाक्ने । घरमा चामलको भात पकाएको साझा केटाकेटी दिउँसो कोही खाजाको रूपमा कोदाको भुङरामा हालेको या भुटेको मकै खादै नखाने गर्दा रहेछन् । गाउँमा पेट सम्वन्धी रोगी धेरै थिए । आधुनकि दवाईको व्यवस्था दिएन । नजिकै उदयपुर गढीमा अस्पताल भए पनि, कोही विरामी साना बाल बालिका, तन्नेरी तरूणी बुढापाका जाँदा रहेनछन् । तामाङ्ग र मगर जातिको बहुल्यता रहेको थियो । टोल टोलमा दिन विराएर धामी झाक्री राख्तथे । धामीले ढ्याङग्रो ठोकेर विरामीको उपचार गरेको बहाना गर्दथियो । गाउँका मानिसहरू विज्ञानमा विश्वास गर्दैन थिए ।

शास्त्रीय चिन्तनमा अन्धविश्वासमा रूमालिएका थिए । शास्त्रीय चिन्तनका र अन्धविश्वासका अपत्यारिला घटना काल्पनिक रूपमा धामीले ढ्याङग्रो ठोकेर अनशन बके पछि दर्शकहरू विरामीको तर्फबाट कामने धामीलाई भन्दथे लौ प्रभु दुधको दुध र पानीको पानी गरिदिनु, यो वालालाई के भएको छ । बताई देउ । धामी आवेगमा

कामने जस्तो गरेर भन्दथियो, कालो पाठी, कालो कुखुराको व्यवस्थ गर । यसरी भाकल गरेर या तत्कालै, बोका पाठा या कुखुरा परेवाको रगत भोग दिइने गरिन्थ्यो । यस्तो कर्म गरेको देख्ता र  सुन्दा अचम्म लाग्दथियो । धजा पत्ताका टपरीमा राखेर के के हालेर मनसाएर दोवाटोमा टापरी राख्ने चलन देखिन्थ्यो । गाउँका मान्छेहरूमा विजानको प्रभाव ज्यादै न्यून थियो । धार्मिक प्रभाव ज्यादै शक्तिशाली थियो । धार्मिक मान्यताको छापलाई अस्वीकार गर्न हाम्मेसी कोही सक्तैनथे ।  धर्म, पाप स्वर्ग र नरकको मान्यताले मानिसहरू वढि प्रभावित थिए । गाउँको जीवन पद्धतिले बाहिरबाट आउने व्यक्तिहरूलाई पनि गहिरो प्रभाव पार्दथियो ।

गाउँमा उपजावाली लगाउँदा अरमपरमको परम्परा थियो । मकै छर्दा गराफगटा खेत रोप्न, मकै भाचन, दलानमा थुपारेर मकैका घोगा सऱ्याएर, झुल्याउन घर घरको पालो लगाएको हुन्थ्यो ।  चाडबाडमा वडा रमाइलो गरिन्थ्यो । एक ठाउँ भेला भएर नाचगान हुन्थे, गरिन्थे ।

अड्डा नजिकै भए पनि त्यो गाउँका युवाहरू  पिउन र प्रहरी भन्दा माथि कोही जागिरे थिएनन् । जुन घरमा तरूणी बरूणी छोरी बुहारी हुन्थे  । ती घरमा  शुक्रबार या अनय विदाको दिन पारेर  अड्डाका कर्मचारीहरू  बास बस्ने पाहुना भएर आउन गर्दथे । रातमा कुखुरा परेवा यदाकदा बोका पाठा समेत हुन्थे, रातमा दुरूङ्ग पानी पिएर आँगनमा नाँच गान हुन्थ्यो कर्मचारीहरू केही रकम खर्च गर्न हिचकिचाउँदैन थिए । उनीहरूलाई स्वतन्त्र छाडि दिन्थे ।

गाउँका धेरै घर परिवार खाजाका रूपमा गिठ्ठा भ्याकुर उसिनेर  खाने गर्दथे । यो  गिठ्ठा भ्याकुर खाएको देख्ता मलाई अचम्म लागेको थियो ।

म यारी खोला बेशीको धान र रूपाटारको मकैको भात खाएको व्यक्ति भएकाले त्यस्तो  गिठ्टा भ्याकुरसँग परिचित हुन सकेको थिइन ।

विद्यालयमा भर्ना हुन आएका विद्यार्थी, तीन महिना कक्षामा पढ्न आउँदथे, त्यसपछि घरको काममा लाग्दथे । विद्यालय किन आएनौ, किन सन्तानलाई विद्यालय नपठाएको भनेर अभिभावकलाई सोध्न जाँदा, उनीहरू भन्दथे यतिका महिना घरको काम माया मारेर पढन पढाइयो विद्यालय, अब त घरको काम गर्नु पर्दछ भनेर पन्छिने गर्दथे । मानौ पढाई अर्काको लागि नै हो ?

कुनै परिवारलाई सम्झाएर भोलि देखि छोरालाई विद्यालय पठाउन बाध्य पार्दथे । कुनै परिवारका सदस्यसँग निराश भएर फर्केर आउँदथे ।  विद्यालयमा छोरीको संख्या थिएन । तत्कालिन जिल्ला पञ्चायत सदस्य एक घले थरका व्यक्ति थिए । उनका दुइटी छोरी मात्र विद्यालयमा पढ्न आउने गर्दथे ।

ती जिल्ला पञ्चायतका सदस्य घलेलाई गाउँको बोको भन्ने गर्दथे । गाउँका युवा, बुढापाका व्यक्तिहरू । त्यो व्यक्ति भरसक गाँउका महिला ती विवाहित या अविहाति जो कोही भए पनि जाइ लाग्न घडी पला हेर्दैन थिए । प्रत्येक दिन दारूपानी पिउने गर्दथे । दारू पिए पछि महिलाको तिघ्रा

खोजने उनको बानी थियो । उनी यस मामलामा कमजोर त थिए नै कतै कतै उनी सफल भए पनि गाउँमा धेरै जनाको घरमा जाई लाग्न खोज्दा कुटाई पिटाई पनि खान्थे, घाइते भएर रूदै घर आएका दिन पनि हुन्थे ।

म एक जना पूर्वछाने थरको मगरको घरमा बसेको थिए । त्यो घरमा तीन पुस्ता थिए । अस्सी नाघेका बुढा बुढी, पचास बाउन्नका भीम बहादुर र उनकी श्रीमती गारमा कान्छी । उनका छोरा कुलमान । विहान दिशा जाँदा लोहोरामा पानी लिएर जाने चलन थिएन । विछयाउँनाबाट विहान उठेर दिशा जाने पानी माग्दथे । "डि रानी रानी" भनेर केटाकेटीलाई अराइनथ्यो । लोहोटामा पानी आउँदा थियो । ती घरका बुढा मलाई भन्दथे । "तिमी क्षेत्री बाहुनहरू बुद्धि भएका त होइनौ, विहान विहानै गुहु लागेको कण्डो छाम्न पुग्छो, सेउलाले पुच्छे भइ हाल्यो नि ।" मलाई हाँस उठ्दथियो । केही बोल्दिन थिए । हाम्रो देशका कुना काप्चाका मान्छे निकै लाटा सोझा रहेछन् भन्ने लाग्दथियो ।

सधै जसो मकै र कोदाको प्रयोग हुन्थ्यो खानपानमा । मासु ल्याएको र चाडबाडमा मकै र चामल मिसेर पकाइन थियो भात । म आफै पकाएर खान्थे । चोखो उपाध्याय वाहुन थिए ।

गाउँमा हुने, भएका छोरा या छोरीका विवाहमा यदि घले दुरूङ पानीले मातेर गएका छन् भने गाउँले महिलाहरू सर्तक भएर बस्तथे, शिकार हुनबाट बच्न ।

विद्यालयमा विद्यार्थीको संख्या खासै थिएन । कक्षा कोठा रूघ्ने काम गरिएको थियो । अड्डाका केही हाकिम र कर्मचारी गइरहन्थे, डुम्रे गाउँ । हाकिमको भ्रमाण हुने दिन युवतीहरू सिंगार पेटार गरेर राखिएका हुन्थे, ती सिंगारिएका युवतीलाई हेरे पछि ती हाकिम र कर्मचारी मोहित हुन्थे । युवतीहरूलाई रकम हात लगिहुन्थ्यो । यस्तो चलन शायद धेरे वर्ष पहिला देखि हुँदै आएको होला, भन्ने मेरो अुनमान थियो ।

म कटारी बजारमा बास बसेको दिन, जनकपुर घामबाट महेश्वर नामक, हर्देनी चिलाउनेका एक युवक आफ्ना भरिया सहित घर आएका रहेछन् । उनी त्यसबेलाको उपप्रधान पञ्च एक जना दनुवारको घरमा बसेका रहेछन् । म गोपाल नामका व्यापारीको घरमा थिए । राति पर्चा भित्तामा टाँसेर विहान उज्यालो हुँदा कुम्लो बोकेर मरूवा खोला उकालो लागेको थिए । मैले छरेको पर्चाको दोष, महेश्वरलाई लागेको रहेछ । डोर बहादुर नामका मान्छे - प्रहरीको हाकिम थिए । उनले पर्चा छर्ने मान्छेको अनुसन्धान गर्ने क्रममा तिनै महेश्वरलाई समातर प्रहरी चौकीमा ल्याएर राखेका रहेछन् । केही दिन थानामा राखेर छाडिएको रहेछ । उनलार्य प्रमाणित गर्न नसके पछि त्यो कम्युष्निट पार्टीको नामबाट छापिएको पर्चा छर्नेमा मलाई शंका गरिएको रहेछ । सात आठ महिना वितेको थिए । मेरो बुझाईमा त्यो काण्ड डिसमिस या खारेज सेलायो भन्ने थियो । तर प्रशासनमा त्यस्तो हुँदोरहेनछ । खोजी भइरहँदो रहेछ ।

मंसिर महिनाको दिन थियो । नयाँ बाली थन्कयाउँदै थिए, किसानहरू । त्यसबेला उदयपुर गढीमा सगरमाथा अञ्चल शाखा नं. ४ का हाकिम सहायक अञ्चलाधीसको दरबन्दी

थियो । मंलगकृष्ण नामका व्यक्ति थिए त्यो पदमा । उनलाई त्यस गाउँका अगुवा घले नामका व्यक्तिले, गाउँमा भनौ उनकै घरमा खानपानको लागि लगेका थिए । मलाई पनि बोलाइएको थियो । त्यसे बेलामा नजिकै ढकाल बाहुनको घरमा बस्तथे । ढकाल र घले परिवारका वीच तीव्र द्वन्द्व थियो ।साध सिमाना, गाउँको विकास निर्माण सामाजिक घटना, न्याय र अन्याय  ढकालहरू न्यायिक पक्षका थिए । घलेहरू आक्रमक मिचाहा थिए । मलाई ढकाल परिवारका घरमा बस्न रोक लगाउँन खोजिएको थियो । तर नमानेर म जात भाइ खोजेर त्यही बसेको थिए । त्यसबेलासम्म मेरो सहायक शिक्षक कोही थिएन, एक्लैले पाचौ कक्षा सम्म पढाउँदथे ।

पढाउन त यो मास्टर राम्रो पढाउँछ, तर यो मास्टरको कुराकानी भने अराष्ट्रीय तत्वको जस्तो छ भनेर प्रशासनका मान्छेलाइ पोल लगाएको रहेछ । प्रत्येक शिक्षकको पोल लगाएर तलब नदिई लखेट्ने एक प्रकारको  संस्कृतिनै बनेको रहेछ । त्यो गाउँको । अझ भनौ सञ्चालक समितिका परिवारको र घलेका तीनवटा योजना हुँदा रहेछन् । शिक्षक लखेट्ने तलब नदिने ।  पहिलो योजना प्यारो गरे जस्तो गर्ने, दारूपानी खुवाउने गाउँमा सँगै हिडाउने,  घरमा बोलाएर खुवाउने पियाउने गर्ने । त्यो पिउनेको योजनामा या षडयन्त्रले मलाई छोएन ।

दोश्रो केटी लगाइदिने केटीसँग फसे पछि, गाउँलेबाट हल्ला गराएर पञ्चायत राख्ने र माफी मनाउन र पाकेको तलबबाट कटाएर भोज भतेर गर्न लगाउने  जिल्लाबाट निकाशा भएको पैसा आफै खाने, काम गर्दै गरेको शिक्षकलाई माफी मगाएर तलब रोक्ने । त्यस्तो षडयन्त्रमा पनि, सपल हुन नसके पछि त्यो काम गर्ने व्यक्तिलाई अराष्ट्रिय तत्वको आरोप लगाएर पाकेको तलब खर्च माफी माग, प्रशासनबाट बचाई दिन्छु भनेर धम्कयाँउने । पछिल्लो आरोपमा म पारिए ।

सहायक अञ्चलाधिश मंगलकुष्ण नामक व्यक्ति सहित दश जनाको समूह गाँउमा भनौ घलेको घरमा आएर थुप्रिएका थिए । मासु भात तयार भएको थियो । खान बस्यौ हामी सबै एकै चोटी । भात दिने महिलाले भनिन् आज हाकिम साहेव आएकाले मासको दालको नुआँगी खाएको। ती मंगलकृष्णलाई नुआँगनी बारे जानकारी रहेनछ । ए मास्टर यो नुआँगी भनेको के हो सोधे । पाकेको नयाँ वाली जव पहिलो छाक मानवले खाने गर्दछन् त्यै त्यसैलाई नुआँगी खाएको भनिन्छ । भनेर जवाफ या व्याख्या गरिदिए । मेरो तर्कले उनलाई विशेष प्रभाव पारेछ । उनले टाउको  हल्लाएर समर्थन गरे ।

त्यसदिन दिउँसो धेरै जना मिलेर तास खेल्यौ । टुवाण्टी ऐट खेल्दा गुलमा ठूलो ताश हुन्छ बनाइन्छ । गुलमा चोर्न उनी सिपालु रहेछन् । ताश खेल्दै जाँदा विवाद चर्कियो । मसँग कुरा थुतने तरिकाले उनले केही प्रश्न गरे । केही व्यक्तिको नाम लिए । चिन्दछौ भनेर सोधे । सात महिना अघि छरिएको सिमेत पर्चा समेत कुरा उठाए । म जवाफ दिन केही चुके जस्तो शंकाले उनले अनुभव गरेछन् म शंकाको घेरामा पारिए ।

असहज बातचित भए । मैले निडर

भएर प्रतिबाद गरे । शंकाले लंका खान्छ भने झैं, पोलका पोका बोर आफ्नो दिमाग भारी भनौ बोझिलो पारेर आएका ती अञ्चल प्रशासकले मलाई नजरबन्द भएको मौखिक जानकारी गराए । म छक्क परे । घले दाई मुसुक्क हाँस्तै थिए । उनी प्रफुल्ल मुद्रामा थिए । मानौ म त्यो स्कुलमा बोझ भएको थिए । महिनामा पढाए वापत तलब माग्दथे । गाउँमा भएका थिचीमिचोका विरोधमा बोल्न पर्दछ भनेर गाउँका जनतालाई कुरा सिकाई दिन्थे ।

त्यो कर्मचारीको समूहसँग म अड्डा ल्याइए । भनौ गिरफतार गरिए । केही कर्मचारीले मलाई केरकार गरे । ती प्रशासनका हातमा हरवखत चुरोट हुन्थ्यो चुरोट पिइरहन्थे । एक रात मलाई विना कारण, खान न पिउन प्रहरी थानाको चिसोमा सुताइयो । मैले कसैलाई सूचना प्रवाह गर्न पनि पाइन । म रात भरी कष्ठकर जीवन जिउन बाध्य भए । शरीर जाडाले कापिरह्यो । टाटीबाट हावाको झोकाले हानिरह्यो । शरीरमा लगाएको लुगा मात्र मसँग थियो ।

विहान जिल्ला पञ्चायतका सदस्य-खिलराज निरौला र मेरा भेनाजु स्व. खडानन्द भण्डारीले थाहा पाए छन् । भेट्न आए । उनीहरूलाई आफ्ना यथार्थ कुरा बताए । अड्डा लागे पछि उनीहरूले प्रशासकलाई के के भने थाहा छैन । मलाई अड्डा लगेर, सानो नेपाली कागजमा सही छाप गराएर छाडि दिए । रातभरि जाडाले अररिएको शरीर लिएर काम्दै कागजमा सही गरे । तिन दिन पछि, पाकेको तलब बुझे । त्यही विद्यालयमा पढाउन थाले ।

यो घटनाको आज पचास वर्ष हुँदै छ । यो संस्मरण लेखी रहदा, भन्नु मन लाग्छ । झापा घटना धर्मप्रसाद ढकाल र बुटन चौधरी, ज्ञानी ढकाललाई मारेर संघर्षको प्रारम्भ गरे, भन्नेहरूले बुझुन पञ्चायत विरूद्ध म पहिला नै संघर्षरत हुँदै थिए । वास्तवमा तथा कथित कम्यूनिष्ट भनिएका उदीयमान मध्यम वर्गीय चरित्र बोकेका व्यक्तिहरू निस्पक्ष न्याय सम्पादन गर्न सक्तेनन भन्ने उदाहरण म दिन चाहन्छु ।

■

## गजल

● **प्रकट पंगेनी "शिव"**

यहाँ जिन्दगी बदलिन्छ समाधि बसेपछि
संन्यासी कामुक बन्छ खरानी घसेपछि
हेर्दै बग्दैछ मर्स्याङ्दी मान्छेहरूको चर्तिकला
जिउँदा रून्छन् र मुर्ख हाँस्छन् चित्तामा पसेपछि
गफ नदेउ कम्तिमा म ओभानी छु भनेर
भिजेकी छ्यौ निथ्रुक्कै मायाजालमा फसेपछि
संसारमा सबैभन्दा महङ्गो आँशु हो भन्छन्
झर्न नदेउ फर्किन्न एकफेर खसेपछि
त्यो दिनदेखि फरार छिन् खबर छैन अन्नाको
प्रेम दिवसकै दिन "प्रकट"को मुटुमा छुरा धसेपछि

*– बाटुलेचौर, पोखरा*

# आशीर्वाद

● दुर्गाप्रसाद काफ्ले

हिमाल पहाड मधेस जुन ठाउँमा बसे पनि गरिवका लागि पौष माघ महिनाको चिसो सहन कठिन हुन्छ । ओड्ने ओच्छ्याउने लुगाको अभावले घुर तापेर रात बितानु पर्छ । मैले भोली बिहान सबेरै उठेर सदरमुकाम जानु पर्ने छ । जसरी भए पनि अड्डाको काम सकेर साँझमा घर आइपुग्नु पर्ने छ । यस्तै कामको चिन्ताले मनमा कुरा खेलेर आँखा चिम्म नपारी रात बित्यो । छ्याङ्ग उज्यालो नभए पनि उठेर हात मुख धुऐ । आवस्यक पर्ने कागज-पत्र राखेको झोला भिरेर गाडि चढ्न सडकमा गएँ । प्रातकालको समय उज्यालो हुँदै जानु पर्ने थियो । तर आज बाक्लो हुस्सु लागेर निष्पष्ट अध्यारो भयो । दूधबेच्न बजार जाने किषानहरू पनि लाइट बालेर हिड्न थालेका थिए । सधैं पाँच बजे हिड्ने गाडि आज हुस्सुले बाटो नदेखिएर छ बजे हिडो । गाडि बसपार्कबाट छुटेर यात्रुहरू बटुल्दै मेरा अगाडि आएर रोकियो । म गाडि भित्र पस्दा चार जना मानिस टाम्मटुम्म बसेका थिए । गाडि गुड्दै जाँदा बाटामा यात्रुहरू थपिदै गएर सदरमुकाम पुग्दा खचाखच भरियो ।

आज झण्डै दिनको एघार बजे सदरमुकाम पुगेर गाडि रोकियो । बाक्लो हुस्सु लागेकाले घाम लाग्न नपाएर दिन तात्न सकेको थिएन । चिसो अति हुँदा यात्रीहरू आछुछु गर्दै बसबाट झर्न थाले । सबैलाई कामको चासो हुँदा आ-आफ्नो काम गराउने थानतिर लाग्ये । म पनि बसबाट झरेर के गर्नेभन्दै केही क्षण मनमा सोचेर उभिएँ ।

नजिकैबाट तराइ मुलकाजस्ता देखिने किशोर किशोरी मतिर आउँदै थिए । किशोरले ठूलै स्वरमा (आफ्नै लवज अनुसार) ए हजुर थोरा बखत ठरियो भने-मैले सुनेर पनि अरू कसैलाई बोलाएको होला भन्ने सम्झेर पुलुक्क हेर मात्र । मेरा कदम धिमे गतिमा अगाडि बढन थाले । उनले मलाई हिडेको देखेर अतालिएर हातले इशरा गर्दै फेरी भने-ठहरो ठहरो हजुर ।

उनका कुरा सुनेर हिंडदा हिंडदै टक्क रोकिएँ । निशङ्कोच ढुक्कले उनीतिर फर्केर हेरे ।

ती दुबै किशोर किशोरी म नजिक आइपुगे । किशोरले मलाई हेरेर सुनो हजुरभन्दै सबै आफ्नो कामको बेलिबिस्तार लगाए । तपाइ लेखापढी गर्ने वोकिल हुनुहुन्छ जस्तो लागो । अड्डामा मेरो सानो काम छ गराइ दिनोस् ।

म पनि गाउँबाट शरकारी अड्डामा केही काम गराउन आएको थिएँ । काम छिटो सकेर घर फर्कनु पर्ने छ । त्यसैले के जवाफ दिने भन्ने सोचेर उनीहरूका अनुहारमा हेरेर नबोली मुस्कुराइ रहे ।

किशोरले किशोरीतिर देखाउँदै भने-हजुर यिनी मेरी विवी (श्रीमती) नविना हुन । यिनको नागरिक्ताको प्रमाण-पत्र बनाउनु पर्ने छ । साथै उनले आफ्नो नागरिक्ताको प्रमाण-पत्र

र विवाह दर्ताको प्रमाण झिकेर मलाई देखाउँदै भने-हजुर मसँग भएका कागज यिनै हुन । उनले देखाएको नागरिक्ता पढे बंशजका आधारमा दिइएको रहेछ । धर्म मुस्लिम नाम बसिर थर गुरूङ लेखेको छ । बसिरको नागरिक्ता पढ्दा मनमा अनौठो अनुभूति भयो ।

बसिरले म प्रति राम्रै भरोसा मानेर मसिनो स्वरमा भने-हजुर कामको भाज लगाइ दिनु,अड्डाको काम गर्ने मलाई आउँदैन ।

मैले यसपटक के जवाफ दिने भन्ने सोचेर दुबैका अनुहारमा हेरे । उनको बिश्वास म माथी अटल देखेर भने-हुन्छ सकेसम्म सहयोग गर्ने प्रयत्न गर्छु भनेर बचन दिएँ ।

शायद अब ती पतिपत्नि आफ्नो काम बन्नेमा ढूक्क भए । सन्तोषले म प्रति आभारी भएर मुसुक्क मुस्कुराए । दिन पनि बिस्तारै मुस्कुराउँदै गएको थियो । हुस्सु हटेर मधुरा घाम लाग्न थालेका थिए । चिसो घट्दै गएर शरीरले न्यानु महसुस गदै थियो । चराहरू पनि दिन न्यानु हुँदै गएकाले चारो खोज्न भुरूर उडेर यताउति हिडन थालेका थिए । मेरा पेटका पाचन तन्तुहरू भोजनको खोजी गरेर चटपटाइ रहेका थिए । मैले हेपे झै गरी ठाडो स्वरमा उनीहरूतिर हेरेर भने-खाना खायौ ? ।

यसपटक नविनाले मलाई आफ्नै मानिस सम्झेर खुलेर बोलीन् । नारीको दयालु मन मैले खाना नखाएको कुरा सुनेर नराम्रो मानिछन् । त्यसैले मतिर हेरेर भनिन् । जी वोकिल शाहेव हामीले घरमै खाना खाएको थियो । तपाइ भोकै भएजस्तो लागो कुनै राम्रो जग्गामा बसेर खाजा खानोस । हामीले घरबाट पकौडा र भूजा बनाएर ल्याएका छौ । आकाशतिर हेरेर दिन पनि धेरै बितिसको भनिन् । पतिले भिरेको झोलाबाट रातो जनना कपडामा बाधेको पोको झिकिन् । त्यो देखेर मैले हातले इशरा गर्दै पखपख अहिले नझिक भने-

म अतालिएको देखेर नविनाले नराम्रो मानिछन् । आफ्नो मलिन अनुहारले मेरा अनुहारमा पुलुक्क हेरीन् । चिन्तित स्वरमा भनिन्,वोकिल साहेव तपाइ हामीले छुएको खानु हुन्न ।

नविनाको भनाइ सुनेर मलाई केही लज्जा बोध भयो । सकेसम्म तो भावलाई लुकाउन खोज्दै मुस्कुराउँने प्रयत्न गरे । उनलाई भने-तिमीले सोचे जस्तो होइन । मेरो विहान भात खाने बानी छ । हातले देखाउदै उ त्यो पण्डितको होटेलमा गएर भात खान्छु भनेर होटेलतिर लम्के । उनीहरू पनि मसँगै आए,तिनै जना पण्डितको होटेलमा पुग्यौं ।

त्यो बजारमा पण्डितको होटेल राम्रै नाम चलेको थियो । गाउँबाट आउने माष्टर कर्मचारी ब्यपारी र गाउँलेहरूको खाना खान भिड लाग्थो । हामी पुग्दा खाना खानेको घुइच्यो थियो । हामी छेउको खालि ठाउँमा गएर बस्यौ । मैले होटेलको काउण्टरमा बस्ने मानिससँग खानाको माग गरें । उसले भाडा सफा हुँदै छन् केही समय ठहर्नोस् भनो-ती पतिपत्निले तरकारी किनेर आफूसँग भएको भूजा खाने कुरा गरे । मैले उनीहरूको कुरा बुझेर होटेल बालासँग अलि कराएर भने-खाना एक ठाउँ मात्र दिनु ।

यसपछि हामीले खान खानका लागि केही समय पालो कुर्नु परो ।

मेरा मनमा धेरै खुलदुली भएका कुरा बसिरसँग सोधे । भाइ मुसलमान पनि गुरूङ थरीका हुन्छन् । उनले मेरा कुरा नबुझे झैं गरी नबोली मैतिर हेरी रहे । उनकी पत्नी नविनाले भनीन् हाम्रो बाजेकै पालादेखी नामको पछाडि थरको ठाउमा गुरूङ लेखिदै आएको छ । मैले बोलचाल गर्दागर्दै नविनाको पढाइ जानीसके को थिएँ । तिनीले गाउँकै बिद्यालयमा पढेर प्रथम श्रेणिमा बाह्र कक्षा पास गरेकी रहिछन् । घिउ भरि भएको दियो तेजिलो बलेजस्तै गरी शिक्षाको प्रभावले नधकाइकन बोल्न सक्ने थिइन् । उनलाई समाजमा चलेको सांस्कृतिक परम्पराले बल पूर्वक दवाएर घुम्टो भित्र राखेको थियो ।

नविनाका भनाइ सुनेर मलाई आश्चर्य लागेर फेरी सोधे । यदि त्यसो हो भने-अरूले थर लेखेको देखेर रहरले लेखेको हो गुरूङ ।

उनले मेरा कुरा सुनेर केही समय घोरिएर सोचिन् । सायद मनमा भनौकी नभनौ भन्ने दुविधा भएर होला । अनि मुसुमुसु हासेर भनिन् रहरले होइन कर परेर लेखेको हुनुपर्छ ।

मैले हल्कासँग भने,कस्तो कर परो भन्नै नमिल्ने हो ।

नविनाले यताउति हेरेर मसिनु स्वरमा बोल्न थालिन् । हाम्रो पुर्खा अघि पाकबङ्गाल लडाइ हुँदा लुकेर गन्जमा आएर बसे । त्यसैबेला यँहाका अधिकारीले गुरूङ लेखिदिए । अनि हामी सदाका लागि गुरूङ भयौ ।

मैले पनि नविनाले भनेका इतिहासिक कुरालाई ख्यालै नगरी सामान्य मानेर भने-ए त्यसो हो भने लेख्नै परो ।

यत्तिकैमा मलाई खानको भाग आइपुगो । म खाना खान थाले उनीहरूले पनि तरकारी मगाएर आफूसँग भएको भूजा खान थाले । समयको गतिबढेर बाह्र बजन आँटेको थियो । तराइको परम्परा हो मध्यान्नमा खान खाने चलन । त्यसैकारण होला होटेलमा खान खानेको घुइच्यो लागेको थियो । आफूले खान खाँदै सबैका अनुहारमा आँखा घुमाउँदै हेरे । मनले यँहा खान खान बसेका सबै मानिस धनि बुद्धिजिवी छन् भन्ने लखकाट्दै थियो । धेरैले माछा मासु छाली र दही आदि स्वादिष्ट परिकार थप मागेर खाँदै थिए । तिन जना कामदारले हात हातमा खाने सामान बोकेर थप्न घुमी रहेका थिए ।

यही अवसरमा घिनलाग्दा झूत्रा कपडा शरीरमा भिरेको बेसमारका कपाल दाह्री भएको अधबैसे पुरूष आयो । उसले केही क्षण ठिङ्ग उभिएर सबैले खाएको टुलटुलु हेरो । उसका अनुहारको फिक्का रङ्ग र अरूले खाना खाएको एक टकले रहेकाले अति भोको छजस्तो लाग्थ्यो । दुबै ओठ र जिब्रो चलाएर मुख मिठायो घुटुक्क थुक निल्यो । पेटमा भोकका अग्नि बलेर होला आँखाबाट बरर आँसु झारो । केही सोचे झैं गरी दाहिने पाखुराले आँसु पुच्छो । हात जोडेर हजुर म पनि केही खान पाउँभन्दै क्रमैले दश जना मानिसका अगाडि पुग्यो । सबैले एकै स्वरले भने,"भागभाग उता जा"। उसलाई देखेर होटेलवला कुदेर कराउँदै आयो । कहाँबाट देखा परो खानेबेलामा यो घिन्लाग्दो माग्ने उताजाभन्दै धकेलो । धकेल्दाको तेजका प्रभावले माग्ने मानिस लडन् खोज्दै लरबरियो । बिस्तारै घरको पर्खाल समाएर अडियो । शरीरलाई समालेर सबैको दुरदुर सहदै हामी

अगाडि आइपुग्यो । आँखाबाट आँसु झार्दै हजुर केही खान पाउँ भनेर हात पसारो । मसँगै भूजा पकौडा खाँदै गरेकी नविनाले केही भूजा र पकौडा कागजमा राखेर खाउ भनेर दिइन् । धेरै जनाका अगाडि किशोरीले दया देखाइन् ।

म खाना खाँदै माग्नेमाथि सबैले गरेको ब्यबाहार नियाल्दै थिएँ । बिसौ पुरूषको समुहमा एउटी नारीले गरेको ब्यवाहार हेरेर मन अलमलियो । नारी साच्चै पालनहार दयाका भकारी हुँदा रहेछन् भन्ने लाग्यो । अनि तिनै दयालु नविनाका अनुहारमा हेर्न मन लागोर पुलुक्क हेरे । माग्नेले उनले दिएको कलौ निमेश भरमा निली सक्यो । ओठ चलाउँदै म नेरी आएर हजुर भनेर हात पसारो । अब के गर्ने फसाद परो भन्ने भएर मन हडबडायो । त्यहाँ खान बसेका सबै मानिसका अनुहारमा हेरे । फर्केर माग्नेलाई हेरेर भने-भात खान्छौ ?।

माग्नेले उत्साहित भएर आभारी स्वरमा भनो-जय होस् हजुर खान पाए किन नखानु । मैले माग्नेको पिडा सम्झेर होटलवलासँग एक ठाउँमा खान ल्याउ भने-काम गर्नेले तुरून्त खान ल्याएर दिए । माग्नेले आफ्ना अगाडि खानाको भाग देखेर फेरी एक पटक मलाई हेरो । अनि आकाशतिर हेरेर अरूले नबुझ्ने गरी गनगनायो । सायद उसले मनमनै इश्वरलाई धन्यबाद दिएर खुशी हुँदै खान थालेको हुनुपर्छ ।

होटेल मालिक आएर मसँग भने-सरले माग्नेलाई पल्काउनु भयो । उनका कुरा सुनेर मलाई अलिक सनक चढेछ । छिटोछिटो भने,जे जे भए पनि आज यसलाई अघाउजी खान दिउँ । तपाइ चिन्ता नलिनोस् लागेको म बेहोर्छु । मालिकले पनि मलाई हेरेर कडा स्वरमा भने-सर तपाइले तिरे जति तिरेर हुँदैन यसले कति खान्छ खान्छ हेरेर बस्नोस् । मैले भने-हुन्छ यसले जे जति खान्छ दिनोस् दही मासु पनि दिनोस् । हाम्रा कुरा सुनेर होला,खाना खाँदै माग्नेले पुलुक्क हेरो । मालिक नबोली उठेर हिंडे काम गर्नेले उसले खान्छु भने जति सबै कुरा थपिदिए । माग्ने प्रफूल्ल भएर पाएका कुरा छिटोछिटो खान थाले । उनले खाँदाखाँदै अनुहारमा परिर्वतन् भयो शरीर भरी पसिना आए । खाइ सकेर खुशीले कलमा गएर चुठे ।

यसै बिचमा लेखन्दास काम गर्ने मेरा घनिष्ट मित्र बिदुर आइपुग्नु भयो । हामी बिचमा थोरै कुराकानी भए । मैले ती दम्पतिलाई देखाउँदै भने-यिनीहरूको नागरिक्ता बनाउने काम छ सहयोग गरी दिनोस् । उनले हुन्छ तपाइले भनेपछि मिल्ने रहेछ भने चाडै काम भइहाल्छ । मैले तिनीहरूको भेद खोल्दै भने-मानिस परे मुसलमान थर परेछ गुरूङ ।

बिदुरले भने-हजुर गञ्जप्रदेशमा यस्ता मानिस धेरै छन् । यिनीहरू बङ्गाली हुन् पाकबङ्गाल लडाइ हुँदा यहाँ आएर बसे । हाम्रा कुनै बुद्धिमानी ब्याक्तिले देशमा भक्तिभाव देखाउदै अलकत्र खाए । अरू जे जे भए पनि यिनीहरूको गुरूङ थर लेखिदिएर कल्याण भयो । मैले पनि अलकत्र पाउँछु भन्दै हा हा गरेर हासे । मैले बिस्तारै स्विकारोक्ति भावले मुन्टो हल्लाएर कति ? उनले हास्दै भने,दात भएको हाती क्या ।

ती जोडि हामीभन्दा थोरै पर बसेका थिए । म गएर उनीहरूसँग

भने,एक हज्जार रूपयाँ देउ सबै काम वोकिल साहेबले गरिदिनु हुन्छ । यसरी छोटो क्रममा लेनदेन र परिचयको काम भयो । अनि तिनीहरूलाई लिएर बिदुर हिंडन् आँट्नु भयो ।

नविनाले मलाई केही बोल्नु छ भनेर एकान्तमा बोलाइन् । खुसुक्क कानमा भनिन्, ए हजुर हाम्रो काम यति थोरै पैसामा हुन्छ । मैले अलि झर्केर भने- हुन्छ जति हुन्छ किन नहुनु । बसिरले भने हजुर गञ्जको राजा शाहेवले पाच हजार लाग्छ भनेको थियो ।

मैले उनका कुरा सुनेर भने-जसले जे भने पनि अरू खर्च गर्नु पर्दैन । काम नसकुञ्जेल कसैलाई नसुनाउनु बिग्रन पनि सक्छ । छिटो जावो वोकिल साहेवसँग काम सकिहाल्छ भने ।

चार कदम हिडे पछि फेरी नविना फर्केर आएर मलाई खुसुक्क बोलाइन् । मुठिमा पैसा लिएर लिय हजुर खाना खर्च तिरोभन्दै दिन खोजिन् । मैले केही कडा स्वरमा झर्केर भने,पर्दैन तिम्रो पैसा काममा छिटो जाउँ । उनले पुनः मतिर आभारी नजरले हेरेर जयहोस भनिन् । आफ्नै भाषामा बसिरलाई भनिन् देखो जी ...... ।

यता म खान खाइ सकेर सिन्काले दाँत कोट्याउदै सडकमा उभिएर घाम ताप्दै थिएँ । अचानक तो माग्ने मानिस पसिनाले असिनपसिन भएर बरबराउँदै आएर मेरा गोडामा लम्पसार पर्‍यो । दुबै हात उसका शिरमा लगाएर उठाउन प्रयत्न गरे गोडा पक्रेर नछोडि बरबराइ रह्‍यो । बजारमा जादु हेर्न मानिस झुम्मे झैं गरी म ओरीपरी झुम्मेर मानिसहरूले घेरे । देख्ने मानिस सबैले भने खान दिनु जति ठूलो दान अरू केही रहेनछ । हेर्नोस् माग्नेलाई तपाइले खाना दिएर धेरै पुण्य कमाउनु भयो । यिनका पवित्र शुद्ध आत्माबाट आर्सिवाद पाउनु भयो । यो भनाइ सुनेर होटेवला देखी अरू धेरैले मलाई हेरे । आफ्नो अनुहार नराम्रो गरी बिगारेर हिंडे ।

माग्नेले उठेर मलाइ हेरेर भने- जयहोस् हजुर मनमा सधै सम्झनु मैले भनेका दुइ कुरा । सबैका माता पत्नी पुत्री वैहिनी र भूमीलाई पराइ सम्झेर अनादर नगर्नु । सित्तैं पाउँदामा अलकत्र नखानु बरू मैलेजस्तै मागेर खानु । यसो भनेर आर्ति दिएर चारैतिर हेरो । को थियो त्यो माग्ने मानिस लामो सास फेरेर जय नेपाल भनो,। अनि त्यो फटाफट हिंडेर गयो अदृश्य भयो हरायो सबैले हेरी रहे म पनि ......।

■

# मुक्तक

● **गुरूप्रसाद कुमाल 'बुलबुल'**

घाउ कति दुख्छ निष्ठुरीलाई के थाहा ?
अचानोको चोट खुकुरीलाई के थाहा ?
यो बुलबुलले गुँड बनायो कसरी ?
कति परिश्रम थ्यो हुरीलाई के थाहा ?

मरूभूमिमा काकाकुल रून्छ
नबसे भमरा त्यो फुल रून्छ
बस्ने डाली जति भाच्चिसके
भुर्र उडेर बुलबुल रून्छ

गाउँ सबै नगर बनेका छन्
आँगनैमा डगर बनेका छन्
आफ्ना कुरा के गर्नु प्रिय मित्र !
खेतबारी बगर बनेका छन्

# बिन्दास फुर्सद !!!



● नन्दलाल आचार्य

सधैँ झैँ ०८ असोज, २०७५ मा विहान ३:०० बजे नै आँखा खुले । शरीर कत्रेकै थियो । सायद नशा रोगी भएकाले नशा सक्रिय भएका थिएनन् । जसोतसो लर्बबराउँदै सकसले उठेँ । पाइला सार्न मुस्किल पऱ्यो । शौचकर्म सिद्धयाएँ ।

ओछ्यानमा पल्टिएँ । सुतिरहन मन लागेन । ध्यान मुद्रामा बसेँ र बुद्ध भजन सुन्न थालेँ । ७२ मिनेटको भजन अवधिभर त्यसमै हराएँ । अपूर्व आनन्दानुभूति भयो ।

अघिल्लो दिन डा. ओम मूर्ति अनिलको 'उच्च रक्तचापमा औधषीको विकल्प' शीर्षकको लेख पढेको थिएँ । लेखमा विरामीको अनुशासन र आत्मविश्वास साथ भए उच्च रक्तचापमा औधषी खाइरहनु जरूरी छैन भनिएको थियो ।

लेखको मुख्य आशय थियो- उच्च रक्तचाप नियन्त्रण राख्न दैनिक ३० देखि ६० मिनेटसम्म (३ देखि ६ किलोमिटरसम्म) साँझ-विहान शरीरमा पसिना आउने गरी र स्वाँस्वाँ हुने गरी पैदल यात्रा गर्नुपर्छ । स्वस्थ आहारको सेवन गर्ने, मोटोपना घटाउने, मदिरा र चुरोट सेवनबाट टाढै हुने, मानसिक तनाव नलिने जस्ता कुराहरू उल्लेख थिए ।

त्यसबेला तन र मन दुबै शान्त भए पनि मनको एक कुनामा एउटा प्रसङ्गले घोचिरहन्थ्यो । कुरा के थियो भने- २ दिन अगाडिसम्म चालकहरूले गाडी हडताल गरेका थिए । तीजको दर खान गएका आफ्ना मान्छे उत्तै रोकिएका थिए । त्यसमा मेरी गृहलक्ष्मी पनि परेकी थिइन् । दर खान आएकी आफ्नी चेली रोजिना पनि गोलबजारमै थुनिएकी थिइन् । उनीहरूको शिक्षा आयोगको परीक्षा मुखैमा आएको थियो । तयारीमा बाधा अवरोध भइरहेको थियो । त्यसै कारण मेरो मन भुट्भुटिइरहेको थियो ।

मेरो प्रेसर बढेर माथि १९५ तल १२५ पुगेछ । चेली डरले काँप्न थालिन् । गाडी चल्दैन एम्बुलेन्स बोलाऔँ भन्न थालिन् । म भने हाँस्न थालेँ । आफ्नो जीवनसँग ख्यालठट्टा नगर्न सुझाव दिइरहिन् । म भने बाहिरी रूपले हँसीमजाकमा मस्त थिएँ, भित्री रूपले भने गम्भीर थिएँ ।

भनेँ, "धैर्य गर, कन्ट्रोलमा आउँछ । जति तनाव लियो उति बढ्ने त हो नि ! मनका घैलामैला फाल्न देऊ, प्रेसर काबुमा आउँछ । अढाई घण्टा पर्ख । अनि जाँची हेर, नियन्त्रणमा नआए, जे

भन्छ्यौ त्यही गरौँला ।"

लगातार ४५ मिनेट अनुलोमविलोम गर्न समय दिएँ । ४५ मिनेट कपालभाँती, भस्त्रिका र उच्चाइ प्राणायामलाई खर्चिएँ । र, केही समय मोर्निङ वाकमा विताएँ ।

नभन्दै प्रेसर जाँच्दा माथि १४५ र तल ९२ मा झरेको रहेछ । चेली पनि खुशी म पनि खुशी ! यसबाट उच्च रक्तचाप नियन्त्रण गर्न आफैँले सकिँदो रहेछ भन्ने बुझ्न सकेँ ।

यद्यपि मान्छेको मन न हो । आफ्नो नियन्त्रणमा राख्दा पनि सधैँ राख्न सकिन्न । चेतन मनलाई लगाम लगाउन सकिएला अवचेतन मन त नियन्त्रण बाहिर हुन्छ । एकपटक नियन्त्रणमा आएको उच्च रक्तचाप सधैँ आउँछ भन्ने छैन । मनमा अनेक कुरा खेले । शान्त पार्न खोजेँ तैपनि खेली नै रहे ।

त्यसैले असोज ०८ गते विहान ५:३४ बजे मोर्निङ वाक प्रारम्भ गरेँ । स्वामी रामदेवले मजस्ता उच्च रक्तचाप र पक्षाघातका बिरामीलाई लक्षित गर्दै भनेका कुरा सम्झेँ, "हाम्रा दुबै हातका हत्केला र खुट्टाका पैतालामा एक्युपङ्चरका प्वाइन्ट हुन्छन् । तिनलाई विहान-बेलुका दबाउने हो भने सबै खाले रोगीका लागि विशेष लाभ मिल्दछ ।" बिराटनगरका अर्जुन गौतमले पनि खाली खुट्टामा गिट्टीमा हिँड्न सके लाभ मिल्छ भनेको कुरा सम्झेँ । सडकभरि गिट्टी ओछ्याइएका थिए । तिनले खाली खुट्टामा घोच्दा एक्युपङ्चरका प्वाइन्ट स्वतः दाबिने हुँदा म पनि खाली खुट्टै हिँड्न थालेँ ।

बाटाभरि मोर्निङ वाकमा निस्केका मान्छे लावालस्कर थियो । मेरो शिर निहुरिएको र ध्यान मोवाइलमा बजिरहेको श्रुतिसंवेग कार्यक्रमको अडियोमा थियो । आँखा भने मान्छेका पाउ जाँच्नमा मग्न थियो । करिव सयको हाराहारीमा मान्छेहरू ओहोरदोहोर गरिरहेका हुँदा हुन् । सबैले जुत्ता-चप्पल लगाएको अवस्थामा फेला परे । सिर्फ म एक्लो खाली खुट्टाले यात्रा तय गर्दो थिएँ ।

केही मान्छेहरूले भने फर्किफर्की मतिर हेरिरहेको पाएँ । सायद तिनीहरू मेरै विद्यार्थीहरूका अभिभावक होलान् । माष्टरी पेशा समातेको कारण प्रत्यक्ष नचिने पनि अप्रत्क्षयरूपले मलाई चिन्ने थुप्रै होलान् भन्ने लाग्यो । किनभने तिनका विद्यार्थीहरूले मेरो हालतको अवगत गराउँदै यसो भनेका हुन सक्छन्, "हमर स्कूलमे एकटा लवका माष्टर आयल छै । लेकिन निक सँ बाजैला आ लरैला नही सकैछै । पढवैला निक रहे, दिनदशा लागले विचाराके !"

सबै विचार पन्छाएर श्रुतिसंवेगमा अच्युत घिमिरेको आवाजसँग डुब्दै गएँ । उनी शंकर लामिछानेको 'एब्स्याक्ट चिन्तन प्याज' निबन्ध सङ्ग्रहका निबन्धहरू बाचन गरिरहेका थिए । आत्मपरक शैलीका मनोहारी निबन्धहरू सुन्दै गिट्टीको बाटो हिँड्दै गर्दा खुट्टामा तीखा गिट्टीले दिएको पीडा पनि भुसुक्कै भुलेको थिएँ ।

जनता माविको चौरमा ५० जना जति मान्छेहरू थिए । कोही कराँते खेल्दै थिए । कोही हात उचालेर दगुर्दै थिए । कोही भने फुटबल खेल्नमा मग्नमस्त थिए । मलाई पनि त्यही हुलमा मिसिन मन लाग्यो । यद्यपि मजस्तो अर्ध-अपाङ्ग त्यहाँ कोही

थिएन । श्रुतिसंवेगको मधुर आवाज सुन्ने वातावरण थिएन । सबैभन्दा बढता त मलाई चाहिएका तीखा गिट्टीहरू थिएनन् ।

म सोझै पश्चिमतिर लागेँ । त्यो बाटो कहिल्यै हिँडेको थिइनँ । सायद पुरानो चोहर्वातिर जाँदो हो । बलराम यादव सरको घर पनि चोहर्वा नै हो भन्ने सुनेको थिएँ । उत्तै पुगे पुग्छु । नयाँ ठाउँ पनि हेर्छु । डा. ओम मूर्ति अनिलका अनुसार धेरै हिँडेर धेरै रक्तचाप घटाउँछु ।

हिँड्दा हिँड्दै एउटा काठ मिल सामुन्नेमा देखियो । मेरा घरमालिक सुवर्ण दाहालको मिलको भन्दा बढता दाउराको रास देखेर छक्क परेँ । दाउरा त के काठै कुहेर जान्छन् तर बिक्री हुँदैहुँदैनन् । यहाँका काठमिलको मालिकको समस्या बुझेर एकक्षण टोहोलाउन वाध्य भएँ ।

काठको साटो फलामको प्रयोग बढ्यो । दाउराको साटो ग्यास र बिजुलीको चलन चल्यो । अनि मिल बन्द गरे भइगयो नि ! भन्ने आशाराम मण्डल मिस्त्रीका कुरा सार्थक भएको अनुभूत भयो ।

गाउँघरतिर पनि मान्छेले दाउरामा खाना पकाउन छाडेछन् । मान्छे सुविधाका भोगी भएछन् । श्रीमान्/छोराहरूलाई विदेश पठायो, परिवारको आम्दानी बढायो । र, सुविधाको लत बसाल्यो । सुहाउँदिलो खर्च गरेर दुई/चार पैसा बचत गर्न सके पो नेपालीहरूको दरिद्रता हट्थ्यो । राष्ट्रिय आम्दानी बढ्थ्यो । एक त विभिन्न नाममा नेताहरूले नै नेपालीहरूलाई गरिब पारे । अर्कातिर जेल बाहिर बसेर र जेलभित्र रहेर अपराधीले दरिद्र बनाए । सबैभन्दा बढ्ता त नबुझेर हैन बढी जान्ने भएर नेपालीहरू स्वयम् गरिबीको दलदलमा फँसेँ । मनमा यस्तै विचार आए, गए ।

हिँड्दै जाँदा सुमित्रा योञ्जन म्याडमले किनेको घडेरी नजिक पुगिएछ । त्यहाँबाट लोकमार्ग उक्लने बाटो गएको रहेछ । उत्तै लागेँ । भर्खर रोपेका बैगन र गोलभेडाका बिरूवाहरू भएको करेसाबारी देखियो । ती कलिला बिरूवाले पानी खान मागेजस्तो लाग्यो । दयालु नजरले मतिर हेरिरहेजस्तो लाग्यो । मुन्तिरपट्टी बोरिङले पानी फ्याकिरहेको थियो । यद्यपि त्यसको कुलो तल्तिर धानबारीमा लगेको थियो । मलाई कुलो फर्काएर करेसाबारी सिँचाइ गर्न मन लाग्यो । मनले चाहेको गर्न मिल्दैन भनेर मनलाई बुझाएँ । नत्र त्यता डुल्न पनि मनाही हुन्छ भनेर सम्झाएँ ।

लोकमार्ग उक्लँदा त हटिया छिर्ने पश्चिमी मार्गमा पो पुगियो । छक्क परेँ । कहाँ न कहाँ पुगेँ भनेको त घुम्दैफिदै रूम्जाटार भनेझैं पो भयो । तल्तिर उपेन्द्र अधिकारीको घरमा कल्पनाथ नामको बिरूवा रोपेको रहेछ । अधिकारी बाजे सधैँ बिहान-बिहान आएर ३/३ वटा पात टिपेर चपाउनु र निल्नु उच्च रक्तचाप त के डाइबिटिजको समेत दोहोलो काड्छ, अरू ओखती खानै पर्दैन भन्थे । अर्का माष्टरजी चाहिँ संसारकै सबैभन्दा तीतो बनस्पति भनेकै कल्पनाथ नै हो भन्थे ।

मैले पनि ३ वटा पात टिपेँ र चवाएँ । तीतो, अति नै तीतो निल्न त के चपाउनै नसकिने तीतो रहेछ । साँच्चै संसारकै तीतो चीज रहेछ भन्ने

विश्वास भयो । उच्च रक्तचाप काबुमा आउने आशले आँखा चिम्लेर चपाएँ र निलेँ । आफ्नो डेरामा आउँदा ठ्याक्कै विहानको ६:३४ बजेको रहेछ । एक घण्टा मोर्निङ बाकमा वितेछ ।

लक्ष्मीले एक गिलास मन तातो गाईको दूध टक्र्याइन् । मैले सुरूप्प–सुरूप्प पारेर सिद्धयाएँ । काँचो लसुन र भिजाएको मेथी पनि खुवाइन् । र, थकाइ मरेपछि उनले मेरो बीपी चेक गरिन् । मेरो बीपी माथि १३५ र तल १८८ मा सीमित भएछ ।

मन शान्त भयो । दैनिक आहारविहारमा ख्याल गरे चाँडै उच्च रक्तचाप र पक्षाघातबाट छुटकारा पाउन सकिने आशा पलायो । मलाई परोक्ष शुद्धिबुद्धि दिने दार्शनिक ओशो, स्वामी रामदेव, राजीव दीक्षित, अर्जुन गौतम, डा. ओम मूर्ति अनिलहरूलाई हृदयदेखि नै नमन गर्दै लेखपढमा व्यस्त भएँ ।

व्यस्त, व्यस्त तनाव नहुने व्यस्तताले फाइदै गर्छ । किनभने जन्मनासाथ व्यस्तता पत्रेको अफै व्यस्तताबाट छुटकारा पाएको हैन । सायद सास फेरिन्जेल व्यस्तता मिल्छ । र, सास रोकिए पछि व्यस्तता सकिन्छ । अवश्य बिन्दास फुर्सद मिल्छ । धन्यवाद !!!

*गोलबजार-४, सिरहा ।*

# पापी म !

● **किषनजङ्ग कुँवर**

मैले तिमीलाई
लुटेर ल्याएँ, खोसेर ल्याएँ
आमा बाको काखबाट
उठाएर ल्याएँ, भगाएर ल्याएँ ।
तिम्रो मुटु तिमीबाटै चोरेर ल्याएँ ।
त्यसै अनुरूप तिमीले साथ दियौ,
हात दियौ, मन दियौ, तन दियौ
चुमेर कोमल अधरहरूले, यौवन दियौ ।
सुखको आभास दियौ
मायाको सुवास दियौ ।
माफी माग्छु,
मैले तिमीलाई भ्रममा पारेँ,
शरममा पारेँ, आशामा पारेँ,
जालामा पारेँमायाको ।
अनन्तसम्म साथ दिने
वाचा गरेँ, कबुल गरेँ, भुल गरेँ ।
तिम्रो निर्मल प्रेममा छल गरेँ
जहिल्यै सताएँ तिमीलाई,
कहिले रिसाएँ, कहिले कराएँ
घण्टौँसम्म कुराएँ
सकेको पु¥याएँ, नसकेको जुराएँ ।
नक्कली नै भए पनि,
गुलाबको फूल दिएँ,
तिमीलाई नै सम्फी बस्दा
संसारलाई भुल्दिएँ
तैपनि,
सबै नाटक भयो,
बनावटी प्रेम घातक भयो
हाम्रो सपनाको दरबार आज
मेरै कारण तिम्रो तरबार भयो ।
तिमीसँगै जीवन मरणको वाचा
पु¥याउन सकिनँ
निश्वास तिम्रो देहलाई अङ्गालोमा
अडाउन सकिनँ
तिम्रा अन्तिम सासमा सास
मिलाउन सकिनँ,
एक्लै पठाएँ तिमीलाई,
तिमी सँगै म आउन सकिनँ ।

# नेपालमा तान्त्रिक साधना



● शीतल गिरी

तान्त्रिक साधनामा सबभन्दा ठूलो महत्त्व दीक्षाको हुन्छ । जप, देउताको अर्चना आदि कुनै पनि तन्त्र-साधनासँग सम्बन्ध भएको काम सद्‌गुरूबाट दीक्षा लिएरै मात्र गर्नुपर्दछ । दीक्षा नलिइकन गरिएको क्रियाकलाप निष्फल हुने मात्र होइन, त्यसबाट पग-पगमा हानि हुने हुन्छ । त्यसैगरी बलपूर्वक दीक्षा दिनु र लिनु, गुरू नभै आफै किताव हेरेर फलका लोभले मन्त्र जप्नु आदि कुराहरूलाई निषेध गरिएको छ । दीक्षा दिने गुरू र लिने चेलो भक्तिपरायण र दीक्षाको विधि विधान पनि शास्त्रीय भएन भने सिद्धि हुँदैन, फल हुँदैन, नोक्सान हुन्छ, काममा विघ्न परिरहन्छ । गुरूलाई पनि चेलालाई पनि ठीक हुँदैन । तन्त्र यौटा शास्त्र हो तथापि यसभित्र साधना पद्धतिको विशेष व्याख्या गरिएको छ । यो साधना पद्धति विशेष शास्त्र मात्रै पनि होइन ।

तन्त्रमा मोक्षप्राप्ति, सिद्धिप्राप्ति र देवीदेउता खुसी पार्नका निम्ति गरिने विधिपूर्वकको कार्यलाई साधना भनिन्छ र यसको तन्त्रमा विशेष महत्त्व छ । त्यसैगरी, यदि देउतालाई खुसी पार्न कुनै कुराको मनन गर्दछौं भने त्यो मन्त्र हुन्छ । सिद्धि प्राप्त गर्न देउता खुसी हुनु जरूरी भएकोले मन्त्रको पनि यसमा विशिष्ट स्थान छ । योग र ध्यान पनि साधनाकै अङ्गहरू हुन् । हठयोगमा आफ्ना इन्द्रियहरूलाई वलात् वशमा गरेर साह्रै कडा विधिविधानअनुसार साधना गर्नुपर्ने हुन्छ । यसपछि राजयोगको कुरा लिउँ । हाम्रो शरीरभित्र मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धि र आज्ञा चक्रहरूको कल्पना गरिएको छ । यद्यपि आधुनिक शरीर विज्ञानअनुसार शरीरको चीरफार गरेर हेर्दा यी चक्रहरू देखिने कुरा होइनन् तर साधना गर्दा आफ्नो मनस्थितिलाई कुन कुन बेला कुन कुन ठाउँमा लगेर राख्ने र यौटा तहबाट अर्को ठाउँमा कसरी माथितिर उक्लने भन्ने कुराहरू यिनले बताउँछन् । साधनाको क्रममा हरेक स्थानमा आफूलाई लीन गराउँदै माथितिर उक्लिंदै जानुपर्दछ र अन्तमा गएर परमेश्वरमा आफूलाई लीन गराउनु पर्दछ । यसैलाई मोटामोटी रूपमा लययोग भन्न सक्छौं ।

यसैगरी तन्त्र योग पनि छ जसमा विभिन्न योगहरूको वर्णन हुन्छ । हाम्रो शरीरमा ६ वटा चक्रहरूको कल्पना गरिएको छ, तिनीहरू विभिन्न दलका कमलका स्वरूपमा छन् । तिनीहरूमा विभिन्न मातृका र देउताहरू पनि प्रतिष्ठित छन् । मानिस भित्र ७२ हजार नाडीहरू छन् । जसमध्ये दश प्रमुख छन् र यसमा पनि तीनवटा नाडीहरू विशेष प्रमुख छन् । ती ईडा, पिङ्गला र सुषुम्णा हुन् । जसमध्ये सुषुम्णा नाडी बीचमा रहेको हुन्छ । यस संसारमा असीमित दुःखहरू छन् र तीनबाट बाहिर निस्केर पुनः त्यसमा फर्केर नजानु नै तन्त्रको उदेश्य हो । शरीर, आत्मा, विभिन्न प्रपञ्चहरू जस्ता कुनै पनि कुराहरूबाट मुक्त हुनु हो ।

तन्त्रले मायाको प्रपञ्चलाई मान्दछ तर वेदान्तवादीहरूको

ब्रह्मको परिकल्पनाबाट यो अझमाथि उठेको छ । किनभने 'अहं ब्रह्यास्मि' भनेर 'म ब्रह्म हुँ' भन्ने वेदान्तले सिकाउँछ । वेदान्तवादीहरूले मायालाई मिथ्या या भ्रमको रूपमा लिन्छन् । तर तन्त्रवादीहरू चाहिँ माया नै ब्रह्म हो र ब्रह्म नै माया हो, संसार परमेश्वरकै विराट् रचना हो र यो ब्रह्मकै स्वरूप हो भनेर मान्दछन् । विज्ञानले जस्तै तन्त्रले पनि वस्तुको तात्विक रूपलाई देखाउँछ । त्यसैले तन्त्र पनि विज्ञान हो । मानिस कुण्डलिनी जगाउने भनेर केही नजानिकनै साधना गर्ने गर्दछन् र क्रमानुसार, स्थितिअनुसार अगाडि बढ्दै जाने क्रमको पालना गर्न नसक्दा मानसिक अस्पतालमा पुग्छन् । तन्त्रको साधना सिद्धिप्राप्त गुरूबाट दीक्षा प्राप्त गरेरमात्र गर्नुपर्छ र आफूले आफैलाई गुरू ठहऱ्याई आफू मनलाग्दो गर्नुहुदैन । नियमपालन नगर्दा मानसिक अस्पताल पुग्नु स्वभाविकै हो ।

आजकाल योग साधना केन्द्रहरू प्रशस्त खुलेका छन् । तीमध्ये अधिकांश केन्द्रमा सिद्धिप्राप्त गुरूहरू छैनन्, शास्त्रमा वर्णित किसीमले नबुझीकन गर्दा गर्नेले केही दिनमै शारिरिक र मानसिकरूपमा दुःख पाउँछ । तन्त्रमा सिद्धिप्राप्तिमा जोड दिएको छ तर त्यसको प्रयोग ज्ञानप्राप्तिको लागि गरिनु पर्दछ । सिद्धिको प्रदर्शनमा नलाग्न र त्यसमा नअल्मलिन तन्त्रमा प्रष्टैसँग जोड दिइएको छ । किनभने सिद्धिको प्रदर्शनले लोभ र तृष्णा जाग्दछ जुन मोक्षका लागि बाधक हुनपुग्छ । तन्त्रबाट सिद्धि, ज्ञान सबै प्राप्त हुन्छ तर यसका लागि सहि गुरूको मार्गदर्शन अनुसार मन्त्र, योग, साधना र उपासना गर्नुपर्दछ । तन्त्रशास्त्रमा क्षुद्रतन्त्र या क्षुद्रविद्या भन्ने हुन्छ । जसमा भूत, प्रेत, पिशाच, बोक्सीजस्ता आसुरी वृत्तिहरूको बारेमा लेखिएको छ । शास्त्रमा जे जस्तो देखिएता पनि यिनको प्रयोग र उपयोग अरूलाई दुःख दिन र आफ्नो स्वार्थहित पूर्ति गर्न आजकल यो प्रयोग भइरहेको छ ।

शिव भनेको कल्याण हो । तन्त्र साधनाको भावनात्मक र मूर्त रूप नै शिव हुन् । शिवभन्दा पनि माथि परमशिव अर्थात् परमकल्याण हुन्छ । यिनै परमशिवकोसृष्टितर्फको यौटा सानो हिस्साको जुन उन्मुखता हुन्छ त्यही शक्ति हो । शिव र शक्तिको भेद तन्त्रले त्यस अवस्थासम्म मान्दछ जबसम्म यो दुइको भेद-दृष्टि रहन्छ । शक्तिको पनि अन्तमा गएर शिवमै लीन हुन्छ । जस्तो सूर्यमा तातोपन छ तर सूर्य र तापक्रम दुइटा भिन्दै वस्तु होइनन् । त्यसैगरी शिव र शक्ति पनि दुई होइनन् । तन्त्रमा भाव तीन किसिमको छ— पशुभाव, वीरभाव र दिव्यभाव ।

पशुभावमा साधकले आफू र परमेश्वरलाई अलग मानेर उनीबाट शक्ति र सिद्धि प्राप्त गरी आफ्ना साधनालाई अगाडि बढाउँछ । आफूलाई साधकले परमेश्वरको दास ठान्दछ । वीरभावमा पुगेपछि मानिस ज्ञानको क्षेत्रमा पाइलो टेक्छ र 'म ब्रह्म हुँ' भन्न थाल्दछ । साधनाका धेरै क्रमहरूमा मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनहरू जस्ता कुराको प्रयोग गर्नुपर्ने उल्लेख छ । तर मुख्य कुरो के हो भने मानिसलाई यताउति अलमल्याई साधना गर्न नदिई अन्तिमावस्थामा पुग्न नदिने धेरै कुराहरू यस संसारमा छन् । र पनि ती कुराहरू मानिसले आफ्नो निम्ति प्रयोग गर्दछन् । जहाँसम्म मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनको प्रश्न छ, यी साधनाहरूको प्रयोग गर्दा परमेश्वरको साधनामा चित्त क्षेभ हुने

गरी गरिनु हुदैन, बरू त्यसमा यिनलाई यौटा साधनका रूपमा प्रयोग गरिनु पर्दछ । दिव्यभावमा भएपछि पुण्य र पापलाई पशु मान्दछ । त्यसैले पुण्य र पापरूपी पशुलाई ज्ञानको तरबारले काटेर दाइदिने भनेको हो ।

पुण्यले पनि स्वर्गादिहरूको लोभ दिन्छ जुन यौटा बन्धन हो । कुण्डलिनीलाई जगाएर सहस्रारमा शिवसँग लीन गराउँदा जुन आउँछ त्यसैलाई यौटा रसको रूपमा मदिराको परिकल्पना गरिएको छ । शिव र शक्तिको मिलनलाई मैथुन पञ्चममकार भन्दछन् । यी पाँच मकार हरूमा पनि सबैले सबैको प्रयोग गर्ने भन्ने हुँदैन । साधकहरूको आफ्नो अवस्था हेरी उसको कुनै मकारमा अधिकार हुन्छ । कुन क्रममा गएर कसले के प्रयोग गर्ने त्यो उसको अधिकार हुन्छ । वास्तवमा शिव र शक्ति यौटै हो, परब्रह्म परमात्मा यौटै हो र यिनका बीच कुनै फरक नै छैन । यौटा उदाहरण 'म' लाई संस्कृतमा 'अहं' भनिन्छ । वर्णमालाको पहिलो अक्षर 'अ' र पछिल्लो अक्षर 'ह' हो । यी दुवै अक्षरभीत्र नै सम्पूर्ण अक्षरहरू छन् ।

परब्रह्म परमात्मा एउटै हो र विभिन्न कामहरूका अनुसार उहाँका विभिन्न रूपको परिकल्पना गर्दछौं । अष्टमातृका, अष्टभैरव, शिव, विष्णु, ब्रह्मा, राम, कृष्ण आदि सबै यौटै हुन् । वास्तवमा ब्रह्मको नाम पनि हुँदैन, रूप पनि हुदैन । प्रचलनमा भएका नाम अपूर्ण हुन् र यसबाट संकोच जन्मिएको छ । यसैकारणले 'नाम रूपविहीनस्य ब्रह्मणो रूपकल्पना' भनेर साधकहरूले आफ्नो विभिन्न उद्देश्य सिद्ध गर्नाका लागि विभिन्न रूप आदिको कल्पना गरेको मात्रै हो, तर सारतत्त्व यौटै हो । शिवले त्रिशूल लिनुभएको छ जसमा तीनवटा शूल छ जसको अर्थ तीनवटा दुःख हुन्छ । ती अध्यात्मिक, आदिभौतिक र आदिदैविक हुन् । तीनवटै दुःखको अज्ञान हो र त्यसको नाश गर्ने काम शिवले नै आफ्नो हातमा लिनुभएको छ । तन्त्रले संचित कर्म, प्रारब्ध कर्म र वर्तमान कर्मलाई मानेको छ जस अनुसार प्रारब्ध भोग गर्न जन्म मृत्युको चक्र त चलिनै रहन्छ ।

तर, यदि कोही साधनामा पुगिसकेको छ भने ऊ यो बन्धनबाट मुक्त हुन्छ । कसै कसैले अतिकठिन साधनाबाट यौटै जन्ममा पनि प्राप्त गर्न सक्छ तर त्यसको लागि प्रायः जन्म जन्मान्तरसम्म लागिरहनु पर्ने पनि हुन्छ ।

**सन्दर्भ सामग्री सूची**


१. कृष्णन, राधा (इ.स.१९८९), 'भारतीय दर्शन', भाग ३, दिल्ली : राजपाल एण्ड सन्स कश्मीरी गेट, दिल्ली ।

२. गुप्ता, डा.आशा (इ.स.१९९०), 'मध्ययुगीन सगुण एवं निर्गुण हिन्दी साहित्य का तुलनात्मक अध्ययन', हिन्दी साहित्य सम्मेलन ।

३. गौतम, भूमिराज (२०७०), 'मिलनबिन्दु' (सं.जगमान गुरूङए, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र, वर्ष १, अङ्क १ ।

४. चट्टोपाध्याय, देवीप्रसाद (इ.स.१९७३), 'लोकायत', दिल्ली : राजकमल प्रकाशन ।

५. चट्टोपाध्याय, देवीप्रसाद (इ.स.१९९८), 'भारतीय दर्शन : सरल परिचय', दिल्ली : राजकमल प्रकाशन ।

६. चट्टोपाध्याय, देवीप्रसाद (इ.स.२००७), 'भारतीय दर्शन में क्या जीवन्त है और क्या मृत', नई दिल्ली : पिपुल्स पब्लिकेसिंङ हाउस ।

७. तिवारी, डा.मुक्तेश्वर (इ.स.१९९५), 'मध्य-युगीन सूफी और संत साहित्य', इलाहाबाद : सरस्वती प्रकाशन मन्दिर ।

८. तिवारी, डा.रामचन्द्र (इ.स.१९९७), 'योग के विविध आयाम', वाराणसी : विश्वविद्यालय प्रकाशन ।

९. डा.नगेन्द्र (इ.स.१९९१), 'हिन्दी साहित्य का इतिहास', (तैतीसौं सं.) नौएडा (भारत) : मयूर पेपरबैक्स ।

# मनको मुरली

– दीपेन्द्रसिंह थापा

जीवन उपहार पाएदेखि नै
बजिरहेको छ मनको मुरली
म आफैँभित्र ।

सचेत र संवेदनशील
सानासाना औँलाहरूलाई
अलिकति नचाएर
अलिकति उफारेर
मनको मुरली
गाउँछ माटोको गीत
उराल्छ मुक्तिको ध्वनि ।

औँलाहरू आफैँ अभ्यस्त छन्
संयमित र संस्कारित छन्
सुरताल मिलाउन
गति,यति र लयमा हिँडाउन
जीवनको व्याकरण बुझ्न र बुझाउन
अनि त गाउँछ
आमाको गीत
मनैदेखि मनाउछ
धरतीको उत्सव ।

कोमलताभित्र झन् कोमल बनेर
सूक्ष्मता र संवेदनशीलताभित्र
झन् सूक्ष्म र झन् संवेदनशील भएर
गाउँछ मुटुको लय
फैलाउछ अनुभूतिको आयतन
खोज्दै समय र सम्भावनाको झङ्कार
बोलिरहेको छ मनको मुरली
म आफैँभित्र ।

# दुःख सम्झेर

● पूर्ण वैद्य

हाँडीजस्तै कालो रातमा
सबैतिरबाट अपेक्षित दुःखहरू
जब-जब मेरो घरमा पस्छन्

मेरो सामु
मेरो घरमा बास माग्छन्
मैले तिनीहरूलाई
आफ्नो काँधमा बोकेको छु
आऊ, म स्वागत गर्छु
यो बाटोभरि नै मैले आफ्नो
जीवन विछ्याएको छु
प्रत्येक दुःखहरू
दृढताले उठाउँछु
सायद, यही मेरो परिचय हुन सक्दछ
मैले पढे जानेका
सबै मेरा भाव र सत्यहरू
यिनीहरूकै छायाँमा
थिग्रेर बसेका छन्

मैले कहिले दुःखलाई घृणा गरिन
मैले त तिनीहरूलाई घृणा गर्छ
जसले छोपी-छोपी
दुःखहरूलाई जन्म दिए ।

*(नेपाल भाषाबाट, अनुः गगनदीप सर्व)*

# चार मुक्तक

● इन्द्रकुमार विकल्प

हुरीले उडाउँछ कहिले
बाढीले बगाउँछ कहिले
मेरो मनको रंगीन सपना,
मनभित्रै भुलाउँछ कहिले

पराइ जुट्छन् कहिले
आफन्ती फुट्छन् कहिले
मेरो मनको रंगीन मित्रता
मनभित्रै छुट्छन् कहिले

फूल बनेर कोप्छ कहिले
काँडा बनेर खोप्छ कहिले
मेरो मनको रंगीन सिमाना
मनभित्रै छोप्छ कहिले

जुरुक्क आकाशिन्छ कहिले
खिसिक्क भासिन्छ कहिले
मेरो मनको रंगीन तृष्णा
मनभित्रै नासिन्छ कहिले ।


## नागरिक लगानी कोषद्वारा सञ्चालित निम्न कार्यक्रमहरूमा सहभागी भई भविष्यको लागि बचत गरौं

**कर्मचारी बचत वृद्धि अवकाश कोषमा सहभागी भई बचत गर्दा पाइने फाइदाहरू**

- वार्षिक ६.५ प्रतिशत ब्याज पाइने ।
- बचत गरेको २ वर्षपछि बचत रकमको ८० प्रतिशत सापटी लिन पाइने ।
- सहुलियत ब्याजदर वार्षिक ९ प्रतिशत धितो मूल्यांकनले खामेसम्मको बढीमा रु.४० लाखसम्म (उपत्यकाभित्रका नगरपालिकामा घर निर्माण तथा खरिद गर्ने) आवास कर्जा सुविधा लिन पाइने ।
- वार्षिक आयको एकतिहाई रकममा आयकर छुट सुविधा पाइने ।
- सेवाबाट अवकाशपछि एकमुष्ट रकम पाइने ।
- सबै वाणिज्य बैंकका शाखा कार्यालयहरूबाट रकम जम्मा गर्न सकिने ।
- ब्यालेन्स सर्टिफिकेट लिन सकिने ।
- दुर्घटनाबस मृत्यु भएमा रु. १ लाखसम्मको दुर्घटना विमाको व्यवस्था भएको ।

***आजैदेखि सहभागी भई बचत गर्ने बानी बसालौं ।***

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौं, पोष्ट बक्स नं. ५८२३
फोन : ०१-४७८५७१९, ०१-४७८५७२५, फ्याक्स : ०१-४७८५७१९
इमेलः info@nlk.org.np वेभसाइट : www.nlk.org.np

# बज्जीका

● श्याम सहनी "चन्द्रांशु"

बज्जिका भाषामे छिपल मलयागिरीके बाँस
महक ओकरे मिली रहे जौन एकर पास ।
बज्जिकाञ्चलके ई बाँसुरी गुन्जे स्वर झंकार
सम्वेदन सम्वेदनाके ई सुन्दर हए संसार
जनजनके भाषा ई अभिव्यक्तिके स्रोत
स्पन्दन ई हृदयके ज्योति परम इँजोत
जनक नन्दनीके भूमिपर हए सालिलाधार
राजनीतिके कला संगीतमे बजइत हए बीनके तार
चिन्तक गायक कलाके बज्जिकाञ्चल हए आवास
न कहीँ हए एतना लालित्य भाषामे मधुर सुवास
ज्ञान आ विज्ञानके भरल परल भन्डार
दर्शन ज्योति कलाके हए अनुपम संसार
नेपाली, मैथिली, भोजपुरी सबके हए अपन अंग
बज्जिकासे मिलके चलू नछोडम अपनेके संग
गाँथल हए एक फूलके माला शक्ति हए इहाँके भाइ
बज्जिका बिना सब अधुरा हए सुनू छोटका भाइ
संस्कृति, कला आ अपना मातृभाषापर करू विचार
बज्जिका माटीमे छुपल हए एकर अपन सिंगार ।

*गरूडा-३, रौतहट*

# अवस्था

● चाँद चञ्चल

जे नुका आ चोराके बिकाइत हए
उहे बरहम जेना पुजाइत हए
हए भूत वर्तमान भविष्यत केहन
ऊ नाम सोनासे लिखाइत हए ।

हए विद्वान नभी अगराइत हए
घिउ तेलबिना बघराइत हए
अभी मिलल न इज्जत तइयो देखू
बनके झन्डा घरेघर फहराइत हए ।

देखू चारूओरि अब अन्हार कूप हए
बादल लागल आसमान तइयो धूप हए
सभ आन्हर बताह बुझाइता इहाँ
गिदर शेरके खालमे उहे रूप हए ।

जे नखाएके हए किरिया खाइत हए
जे नचलके डगहर उहे जाइत हए
भित्तर ढिला आचरण पैजामा जेना
बहरा जिन्स जेना अभि टाइट हए ।

# तू हमरा छोरदेला

● संगीता सहनी

तू कइसन निदरदी भेला
हमर लाचारीके देखएला खेला
हम तोराला बिरान भेली
माई, बाप, समाजसे गेली ।

खेलौनाजइसन खेलके फेंकला
जब हम पुरान भेली
दोसरेके तू अपना बनएला
हम तोरा बिरान होगेली ।

घाओए घाओ बनएला सारा अङ्के
हमरा देख चिरइ रोए बनके
एको बेर न फिरके देखला अपन साथी
तइको न इसारा बुझला तू हमर मनके ।

कएला वादा सात जन्मके
रूखा परल पहिले जन्मके
फूलपर उरइत भँवरा बनके
सुङ्घला चटला सब रसरङ्के ।

खिलल फूल तू मुरझा देला
सब सपना ओरिया देला
जीवनपर हमरा लालमोहर लगादेला
डार पात छोर जरिएसे उखार देला ।

## पनियाजहाज

● रेणु गुप्ता



अब हमर सपना पूरा होएबाला भेल हए
हम लइके रहली त
कागतके काटके जहाज बनाई
आ उहे जहाजसे खेली
हमनी
हमर सखी सऽ भी खेले
जब मास्टरजी टाँसके बात करस
तब हमर टाँस त पानीमे
बहुते दिन पिटएबो कइली
मास्टरजीके छरीसे
आज हमर ऊ सपना पूरा होएबाला भेल हए
अन नेपालोमे पनियाजहाज चलेबाला भेल हए
नेपालके झन्डा हिन्द महासागरमे
फहराएबाला भेल हए
आन्ध्र महासागरमे भी फहराएबाला भेल हए
अब हमर सपना पूरा होएबाला भेल हए ।

## बज्जिका बालगीत

● किशुनदयाल यादव 'श्रीकृष्ण'



घुघुआ घुघेल छु
अउरन चउरन देल छु
गे बुढिया दाई
बेङ पकाइ
अपने खाइ
लइका सबके नाओ लगाइ
नएका घर चढइत हऊ
पुरना घर उतरइत हऊ
लइकाफइका सम्हारके रखिए
बडका कोम्हरा गिरइत हऊ ।

**हाम्रो भाषा साहित्यको समृद्धिको लागि हामी आफैं सक्रिय बनौं ।**

# किसान

● केदार राय यादव



एगो गाँओमे एगो किसान रहइरहे जेकरा तीनगो बेटा रहे । किसानके तिनो बेटाके सादी होगेलाके बाद किसान सोचलक कि हम कुछ दिनके लेल बाहर जाऊ। बाहर जाएके बेरिया तिनु पुतोहके एक सेरके दरसे धान देइत घरसे विदा लेलक ।

कुछ समय जब बितल तब किसान अपना घरे अएलक । घरसे जाएके पहिले तिनु पुतोहके जे धान देले रहे, ओकरा बारेमे सभीसे जानेके चाहलक।

पहिलकी पुतोह कहलक – ऊ धानके हम दोकानमे बेचके लैकासबके निम्चुस किनदेहली ।

दोसरकी कहलक – ऊ धानके कोठीकन्हा धदेली, मुस खागेल ।

छोटकी बोललक – ऊ धानके बिया गिराके रोपली आ एक सेर धानसे पाँच मन बनएले छी ।

ऊ किसान छोटकी पुतोहके साथ रहके जीवनबसर करेलागल ।

*– अनाथालय प्रावि गरूडा ४, रौतहट*

# अइसन लगइअ

● विश्वराज अधिकारी



अइसन लगइअ
लोग केवल गुना हए या जोड
केहू जोड हए, केहू गुना
घटाओ करेबाला लोग घटगेल
भाग करेबाला अपहरणमे परगेल
काहे ? कइसन लोग होगेल ?
एकरासे पुछली
ओकरासे पुछली
मुदा जबाफ नमिलल
अचरचमे तब परली जब
जब औरोके बदलेबाला
खुद बदलगेल
घटाओ आ भागमे विश्वास करेबाला
जोड आ गुनाके दास होगेल
काहे एहन होगेल ?
केकरासे पुछू ?

# क्षितिजपारिको आशा

● जिसि हरि

फिस्फोटको आवाज र बारूदको तुँवालोभित्र
परेवाहरू रूमल्लिरहेका छन्
थकित परेवाहरू
बिसाउने कुनै गन्तव्य नभएर
जीवनको अन्तिम घडीमा पनि
फटफटाउन बाध्य छन्
सम्पूर्ण जीवात्माहरू
पीडित, त्रसित र ग्रसित मुद्रामा
मुख बाउँदै
बुद्धम, शरणम् गच्छामि
धम्मम् शरणम् गच्छामि
सङ्घम् शरणम् गच्छामि
वाणीहरू ओकलिरहेका छन्
एक्कासि आकाशवाणी हुन्छ–
शान्ति । शान्ति ॥ शान्ति ।॥
म पुनः सत्‌बुद्धि र उपदेश बोकी आउँदैछु
एक छिन शून्यताले समात्छ
सबैका आँखा क्षितिजपारि पुग्छन्
को आउँदैछ भनेर ... ... ... ।

# प्रश्नके खेती



● सञ्जय मित्र

आजकाल प्रश्न उबजरहल हए खेतमे
आदमीसे बेसी
भुख अभी हडतालपर नउतरल हए
काहेकि दोसराके उब्जाएल खारहल छी
खाइछी ओपर कौनो प्रश्न नहए ।

प्रश्न काहे नहए ? प्रश्नपर प्रश्न
प्रश्न काहे हए ? प्रश्नपर प्रश्न
उत्तरपर प्रश्न ? प्रश्नपर प्रश्न

बाप त तथ्य मात्रे हए, सत्य माई
एगो सत्यके अनेक तथ्य होसकइअ
सत्य एक हए लेकिन सत्य एकेगो काहे ?

एगो कथा याद आरहल हए
जे सुनले रही घसबाहीमे
अपना खरिहानके बँसबारीमे
जेमे एगो राजाके हठ रहे कि
हमरा प्रश्नके जबाब देदी
ओकरा आधा राजपाट देम
हमपना बेटीसे सादी करादेम ।

देशदेशके ज्ञानी आ ध्यानी पुगल
पुगल अनेक छोटका राजकुमार
पटबारी, नोकर आ मास्टर
पुगल कन्जुस आ दिलदार भी
सादीके इच्छुक सारा कुमार ।
बेटीके बापके नटिके कौनो तनिको
होजाए सब हरान परसान
राजाके प्रश्न सुनके
उत्तर चुप होजाए अपनेआप
राजा एगो प्रश्न पुछे कुछो
कौनो केहनो जबाब देबे
राजा ओकराबाद एगो प्रश्न कहे - फेर ?
जबाब देलापर राजा पुछे- फेर ?
फेर ? फेर ? फेर ? फेर ? ... ... ?
एही क्रममे पुगल एगो अर्धपागल
सुनलक हारके ही जुबानी
हरनाइके हारल कहानी
मन ही मन पहिले हारल
लेकिन जबाब देबे तैओ पधारल
राजा कहलक एगो कहानी सुनाब
अर्धपागल बोललक -
"एगो चिरइ रहे
चिरइ उडगेल फुर ।"
- फेर
- फुर
- फेर
- फुर
कडकके पुछे राजा - फेर ?
नरम होके बोले ऊ - फुर
- फेर
- फुर
- फेर
- फुर
... ... ... ... ... ... ... ... ... ...
सात दिन होगेल रात सात
दुनुके बितल साथ साथ
नउजरे प्रश्नके - फुर
नघटे उत्तर - फुर
राजा भेल चुर ।
सादी करेला मजबुर
जबाब जितल, राजा हारल
राजासे जितल एगो अर्धपागल ।

लेकिन तइओ कहे राजा – फेर ?

प्रश्नके कौनो आधार नचाहिँ
कौनो बाप न मतारी
न धरती न आकाश
आधारपर प्रश्न
निराधारपर प्रश्न
प्रश्नके पैदा होएला कुछो नचाहिँ ।

इमान, जमान, इनाम,
सलाम सबपर प्रश्न
इमानदारके प्रश्न बैमानपर
बैमानके प्रश्न प्रहार इमानदारपर
प्रहारपर प्रश्न, प्रश्नपर प्रहार
जीत, हार सबपर प्रश्न प्रहार ।

प्रश्नसे राह बदलसकइअ इमानके
प्रश्नसे राह बदलसकइअ बैमानके
कौनो विषयके प्रश्न अति
पुगासकइअ कही प्रश्न खति
बदलसकइअ जीवनके गति ।

जन्मपर प्रश्न, जन्मभर प्रश्न
मृत्युपर प्रश्न, बादमे भी प्रश्न
स्वाँससे, आससे आ लाससे प्रश्न
कहाँ नहए प्रश्न ।

भयानक प्रश्न तब उबजरहल हए –
जब दोगला प्रश्न कररहल हए
इमानदारके इमानपर
इमानदारके लान्छन लगाके प्रहार
कररहल हए प्रश्न
स्वार्थसे सुनरहल हए लोग आ स्वाद
लेरहल हए
अपना नैतिकतापर प्रश्न उठाके चोरी
कररहल लोग
अपनेसे, अपनेला
काहे ?
देखू त फेर आगेल प्रश्न ?
प्रश्नके लेल प्रश्न
उत्तरके लेल प्रश्न
कथिला, केहन, कौन आ..........
प्रश्न, प्रश्न, प्रश्न, प्रतिप्रश्न ?

# गजल

● विक्रान्त शर्मा

लहलह लहाइअ हमरा सरेहमे सोनाके जइसन धान
शिर झुकाके फरल बाल बढबइअ किसानके मान
आसाढमे मेहनतके बून जमके खेतमे भेल ऊ रोपनी
भोरबामे ही उठाबेला सुरूजके मुर्गा मारले जहाँ बान
खरिहानमे पोराके पुजउल, दुरापर तापइअ लोग घुर
सबेरसे पहिले सुनइअ लोग पुरनियासे पराती गान
चहचह चुहचुह बगियामे पिहुकइअ हजार चिरइआ
सबेरमे मुस्काइअ सुरूज उहाँ साँझमे हँसइअ चान
सबके खुसी बाँटे प्रकृति गाँओमे रहले सायद उँहे
स्वस्थ्ता आ स्वच्छता मिलल हए हर गाँओके दान ।

# 'लघुकथाको सुगन्ध'मा डुबुल्की मार्दा



● प्रतीक्षा रिजाल

आख्यान नेपाली साहित्यको लोकप्रिय विधा हो । लोकप्रियताकै कारण अन्य विधाहरूभन्दा यसको प्रख्याती धेरै छ । यसका पाठकहरू पनि अन्य विधाको तुलनामा बढी नै छन् । धेरैको जन्मनमा प्रवेश पाउनुको अर्थ नै लोकप्रिय हुनु हो । त्यसकारण लघुकथा लोकप्रिय छ ।आख्यानभित्रै पर्छ लघुकथा पनि । नेपाली साहित्यमा लघुकथाले राम्रो स्थान ओगटिरहेको छ । यतिखेरसम्म लघुकथाका १५० भन्दा बढी कृतिहरू प्रकाशित छन् ।

हालै बजारमा आएको लघुकथाको सुगन्ध नामक पुस्तक प्रतिनिधि लघुकथाहरूको संगालो हो । यसमा समकालीन नेपाली लघुकथाका प्रतिनिधि कथाकारहरूका १२६ कथाहरू संकलन गरिएको छ । ७४जना कथाकारहरू समेटएको यस पुस्तकलाई जुपिटर प्रिन्टिङ्ग एण्ड पब्लिसिङ्ग हाउस प्रा. लि. बागबजार, काठमाण्डौंले प्रकाशनमा ल्याएको हो । डा.पुष्करराज भटट् , उद्धवप्रसाद प्याकुरेल र घनश्याम डल्लाकोटीले यसको सम्पादन गरेका हुन् ।

लघुकथा अभिव्यक्तिको सशक्त माध्यम हो । यसको सहायताले धेरै कथाकारले आवाज बुलन्द बनाएका छन् । डा.पुष्कारराज भट्ट, नवराज रिजाल, विमल भौकाजी, हरि खनाल, राधा कार्की, घनश्याम डल्लाकोटी, उद्धवप्रसाद प्याकुरेल, ध्रुव मधिकर्मी, तुलसीहरि कोइराला , एलबि छेत्री, श्रीओम श्रेष्ठ "रोदन",रासा लगायतका लघुकथाकारका लघुकथा यसमा समेटिएका छन् । कसैको उउटा र कसैको दुईवटा लघुकथा समेटिएको छ । रूने पालो, भोको मान्छे, अधिकार, राजनीति, उपयोगिता, राज्य, समय, भ्रष्टाचार, छोडपत्र, शिक्षा, स्वार्थ, बोली र व्यवहार, अर्कै प्रेम, वृद्धाश्रम, समाज, समृद्धि, बराबर, डर, प्रेम, दाईजो, पासो, पछुतो, बलात्कार, बिरामीको मनोदशा, भिखारी आदि जस्ता शीर्षकमा कथा लेखिइएका छन् ।

लघुकथामा सामाजिक विषयवस्तुहरूलाई बढि जोड दिइएको छ । कथामा समाजका यथास्थिति छन् । मान्छेका दुःख सुख छन् । भ्रष्टाचार, सदाचारको नाममा गरिएको अस्वस्थ चिन्तनहरू छन् । दैनिक जीवनयापन गर्ने क्रममा देखेका, भोगेका, सुनेका सामाजिक समस्याहरूलाई बढि केलाइएको छ । समाजिक प्राणी भए तापनि कति मानिसहरूले असामाजिक व्यवहार देखाइरहेको प्रति कथाहरूले

व्यङ्ग्य कसेका छन् ।

हामीले राम्रो र नराम्रो आफैंले छुटट्याउनु सक्नु पर्छ । सामाजिक नीति नियमभित्र बस्नु एउटा असल नागरिकको जिम्मेवारी हो । सफलताको लागि नैतिक शिक्षा, नीतिगत ज्ञान जस्ता कुराहरूको आवश्यकता पर्छ तर आजका मान्छेहरूको ध्यान त्यतातिर जान सकिरहेको छैन । असल आर्दश बन्न सकिरहेको छैन । जतातत‌ै असरल्ल, भताभुङ्ग र अविश्वासका पाटाहरू मैलाइरहेका छन् । यस सङ्ग्रहका कथाहरूले त्यतातिर ध्यान खिचेको छ ।

कुरीति, कुविचार,विसङ्गतिप्रति विरोधात्मक आवाज पनि उठाइएको छ । यथार्थतालाई पर सारेर पनि बर्तमान बाँचिरहेको छ । जति परिवर्तन आए तापनि महिलालाई हेर्ने नजरमा फरकपन भित्रिएको छैन । सोचमा पविर्तन आएको छैन । महिला हिंसा, बलात्कार, द्धन्द्ध जस्ता सामाजिक समस्याहरू अझै ज्यूँकात्यूँ छन् । यस्ता समस्याहरूको समाधानतिर लाग्नु आवश्यक छ । एउटा महिलाले पनि पुरूषले जत्तिकै कर्म गर्न सक्छे र आवश्यक भएमा आमा र बाबुको भूमिका एक्लै निभाउन सक्ने प्रसङ्ग पनि जोडिएको छ जुन लघुकथा सङ्ग्रहको सकारात्मक पक्ष हो ।

सुख, सुविधा, ऐशआराम र मीठोमसिनोमा सबैको रहर हुन्छ तर पाइन्छ भन्ने छैन । दुःख र सुख भनेका एकअर्काका परिपूरक हुन् । आज दुःख छ भनेर आत्तिनु, आत्तिनेको मूर्खता सिवाय अरू केही हुँदैन । सुखको समयमा मात्तिनु पनि मूर्खता नै हो । किनकि यी एकै सिक्काका दुई पाटा मात्र हुन् । पैसा भनेको हातको मैला नै हो । पैसा छ भने जो पनि आफ्नो हुन्छ र छैन भने कोही पनि हाम्रो हुँदैन । कल्पना गर्न सबैले पाउँछ । तर बेफवाँकको कल्पना गरेर ठूल्ठूला महत्वाकाङ्क्षा बोक्नु बेबकुफी नै ठहरिन जान्छ जस्ता प्रसङ्गलाई पनि सङ्ग्रहमा समेटिएको छ ।

एक्लौटो भावनाले अधिकांशको मनमा जरा गाडेको छ । यो दुनियाँ स्वार्थी छ । हामी भन्ने शब्द प्रयोग गर्नेहरू औंलामा अटाउँछन् । म, मेरो, मैले, मलाई जस्ता शब्द हरेक समयमा तगारो बन्न आइपुग्छन् । एकतामा नै बल हुन्छ । त्यसैले हामी भनेर लाग्नु पर्छ । अरूको मुख ताकेर बस्नेले केही गर्न सक्दैन । परिवर्तन भनेको आफूबाट नै सुरूवात गर्ने हो । थालनी आज गर्न सकियो भने कार्यान्यावन त भोलिबाट पक्कै गर्न सकिन्छ । कर्म गरेर अघि बढ्नु पर्छ तर कहिल्यै पनि फलको आशा राख्नु हुँदैन । गरेको खण्डमा नसकिने केही पनि छैन तर त्यसको लागि गर्नुचाहिँ पर्छ भन्ने सोचहरू मनग्य पाइन्छन् ।

अन्त्यमा सम्पादक र प्रकाशकको मिहिनेत र परिश्रमको प्रशंसा गर्दै यति चाहिँ भन्नु पर्छ कि भन्ने लागेको छ - कतिपय प्रसङ्गमा प्रवाह गर्न खोजिएको सन्देशहरू अधुरा छन् । भाषागत त्रुतिहरू मनग्य भेटिन्छन् । कथा चयनको खास आधार भेटिदैंन वा सम्पादकीयमा खुलेको छैन । यतातिर सम्पादक त्रयको ध्यान नितान्त आवश्यक छ ।

*स्वभिमानबस्ती, जीतपुर-सिमरा -१६,बारा*



# Clean The City अभियानमा काठमाडौं महानगरपालिकाको अपिल




**आदरणीय महानगरबासी**
**बुबाआमा, दाजुभाइ तथा दिदीबहिनीहरू,**

काठमाडौं महानगरपालिकालाई सफा, स्वच्छ, सुन्दर तथा हरियाली बनाउन काठमाडौं महानगरपालिकाबाट सञ्चालित क्लिन द सिटी (Clean The City) अभियानलाई सफल बनाउन तपशिलको भूमिका निर्वाहका लागि काठमाडैं महानगरपालिका नगरबासीमा हार्दिक अपिल गर्दछ ।

**तपशिल**

- घर, पसल, होटल, रेष्टुरेन्ट आदिबाट दैनिक निस्कने फोहोरमैलालाई सडक, चोक, गल्ली, नदीनाला तथा सार्वजनिक स्थलमा नफालौं ।
- घरघरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याऔं ।
- नकुहिने फोहोर मध्ये पुनर्प्रयोग तथा च्भअथअभि हुने सामाग्री बाहेक अन्य प्रयोगमा नआउने फोहोर मात्र फोहोर लिन आउने साधनमा राखेर पठाऔं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल बनाई घरको करेसाबारी गमला, तथा कौसी खेतीमा प्रयोग गरौं ।
- आफूलाई बढी भएको मल र पुनर्प्रयोग हुने सामाग्री बिक्री गरी आय आर्जन गरौं ।
- किनमेल गर्न जाँदा झोला (Shopping Bag) बोकेर जाने गरौं ।
- प्लाष्टिक झोलाको प्रयोग नै नगरौं ।
- आफ्नो घर पसल अगाडिको सडकपेटी आफै सफा राखौं ।
- सडक, पेटी, चोक तथा गल्ली अतिक्रमण गरी निर्माण सामाग्री/व्यवसायजन्य सामान राख्ने र सवारी साधन धुने तथा मर्मत गर्ने काम तुरुन्त बन्द गरौं ।
- घुम्ती पसल संचालन गर्ने व्यवसायीले आफूले उत्पादन गरेका फोहोरको व्यवस्थापन आफै गरौं ।
- पोष्टर, व्यानर, पर्चा तथा भित्ते लेखन कार्यलाई निषेध गरिएकोले उक्त कार्य नगरौं ।
- आफ्नो घर, पसल अगाडि रोपिएका बोटविरुवामा मलजल गरी संरक्षण गरौं ।
- जथाभावी फोहोर फालेको देखेमा, फोहोर लिन नआएमा तथा मृत जिवजन्तु देखेमा ४२३१७१९, ४२३७२४० मा फोन गरी सहर सफा राख्ने कार्यमा सहयोग पुऱ्याऔं ।

**नोट : जथाभावी फोहोर फालेको पाइएमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७० बमोजिम १ (एक) लाखसम्म जरिवाना वा ३ महिनासम्म कैद वा दुवै सजायँ हुनेछ ।**

**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

# प्रेस काउन्सिल नेपाल २०७३/२०७४ को वर्गीकरणमा परेका साहित्यिक पत्र पत्रिका

**राष्ट्रिय 'क'**

१. दायित्व द्वैमासिक, काठमाडौं
२. बनिता, त्रैमासिक, काठमाडौं
३. कौशिकी, द्वैमासिक, काठमाडौं
४. शाल्मली, मासिक, काठमाडौं
५. हिमाली गुराँस, द्वैमासिक, काठमाडौं
६. शब्द संयोजन, मासिक, काठमाडौं
७. सुलेख, मासिक, काठमाडौं
८. अन्तर्वोध, त्रैमासिक, काठमाडौं
९. तन्नेरी, द्वैमासिक, काठमाडौं
१०. शिवपुरी सन्देश, त्रैमासिक, काठमाडौं
११. भानु, मासिक, काठमाडौं
१२. मुना, मासिक, काठमाडौं
१३. मधुपर्क, मासिक, काठमाडौं
१४. कल्पतरू, द्वैमासिक, काठमाडौं
१५. रचना, द्वैमासिक, काठमाडौं
१६. दोभान, त्रैमासिक, काठमाडौं
१७. अभिव्यक्ति, द्वैमासिक, काठमाडौं
१८. जनमत, मासिक, काठमाडौं
१९. हाम्रो पुरूषार्थ, त्रैमासिक, काठमाडौं
२०. नवप्रज्ञापन, त्रैमासिक, काठमाडौं
२१. हाम्रो मातृभूमि, त्रैमासिक, काठमाडौं
२२. अक्षय अक्षर, त्रैमासिक, मकवानपुर
२३. राफिस, त्रैमासिक, काठमाडौं

**राष्ट्रिय 'ख'**

२४. रातो लाल सिम्रिक, त्रैमासिक, काठमाडौं
२५. शारदा, मासिक, काठमाडौं
२६. बैजयन्ती, द्वैमासिक, काठमाडौं
२७. गौरी, मासिक, काठमाडौं
२८. कपन बानेश्वर, साप्ताहिक, काठमाडौं
२९. सितिमि, मासिक, काठमाडौं
३०. हाम्रो पूर्णिमा, त्रैमासिक, बाँके
३१. कलानिधि, त्रैमासिक, ललितपुर

**राष्ट्रिय 'ग'**

३२. चेतना सन्देश, त्रैमासिक, मोरङ
३३. नारी स्वर, त्रैमासिक, काठमाडौं
३४. शब्दाङ्कुर, मासिक, काठमाडौं
३५. अक्षय ज्ञान, मासिक, काठमाडौं
३६. याग्दी खोलाको तट, त्रैमासिक, स्याङ्जा

**क्षेत्रीय 'क'**

३७. गुगुल्डी, मासिक, कञ्चनपुर
३८. तामाङ डाजाङ, मासिक, काठमाडौं
३९. बुङ्वाखा, मासिक, काठमाडौं
४०. लहरा, त्रैमासिक, काठमाडौं
४१. अर्न्तध्वनि, त्रैमासिक, दाङ

**क्षेत्रीय 'ख'**

४२. सङ्गम अभियान, मासिक, मोरङ
४३. अक्षर मार्ग, त्रैमासिक, काभ्रे
४४. लोक भावना, त्रैमासिक, मकवानपुर

**स्थानीय 'क'**

४५. नः लि, मासिक, काठमाडौं
४६. आँजुर, द्वैमासिक, धनुषा
४७. कलस, मासिक, काठमाडौं
४८. श्रृङ्खला, मासिक, काठमाडौं
४९. महामण्डल, त्रैमासिक, नुवाकोट
५०. रूपायन, त्रैमासिक, नुवाकोट
५१. कालीको सुसेली, त्रैमासिक, पर्वत
५२. लावा डग्गर, त्रैमासिक, दाङ

**स्थानीय 'ख'**

५३. गोल सिमल, मासिक, सर्लाही
५४. हस्वाली, मासिक, कैलाली
५५. थौं कने, मासिक, भक्तपुर
५६. नव माधुरी, त्रैमासिक, पर्वत

**स्थानीय 'ग'**

५७. सचेतना, त्रैमासिक, काभ्रे